# बालसुधारगृहको स्थिति अध्ययन

## २०७१

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
**केन्द्रीय बालकल्याण समिति**
हरिहरभवन, पुल्चोक
ललितपुर

| | | |
|---|---|---|
| **शीर्षक** | : | बालसुधारगृहको स्थिति अध्ययन २०७१ |
| **स्थिति अध्ययन मिति** | : | माघ, २०७१ |
| **स्थिति अध्ययन तथा प्रतिवेदन लेखन टोली** | : | रविन्द्र भट्टराई, राजेश्वर देवकोटा, भुपेन्द्र सिंह गुरूङ्ग |
| **सम्पादन** | : | ज्ञानेन्द्र कुमार श्रेष्ठ, कृष्ण प्रसाद यादव, लोचन रेग्मी |
| **सर्वाधिकार** | : | केन्द्रीय बालकल्याण समिति, हरिहरभवन, पुल्चोक ललितपुर |

नेपाल सरकार

# महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

सिंहदरवार, काठमाडौं, नेपाल
फोन नं. : ००९७७-१-४२००१६४/४२००१६८
४२०००८२/४२००४१३/४२००४०८
फ्याक्स : ४२००११६
E-mail : mail@mowcsw.gov.np
Website : www.mowcsw.gov.np

पत्र संख्या :
चलानी नं.:

## शुभकामना

केन्द्रीय बाल कल्याण समितिबाट प्रकाशित "बाल सुधार गृहको अध्ययन,२०७१" बाल न्यायको साथै बाल अधिकार संरक्षणको पक्षबाट अत्यन्त सान्दर्भिक छ । बालसुलभता र अपरिपक्वताका कारण बालबालिकाले जानी नजानी कानुन बिपरितका कार्य गर्दाका बखत बालअधिकारका सम्पूर्ण बिषयहरूलाई प्रभावकारी रूपमा सम्बोधन गर्दै बालमैत्री न्यायलाई सुलभ, सहज, र प्रभावकारी बनाउन बाल अदालत र इजलाशको व्यवस्था गर्ने तथा बालबालिकाको उमेरलाई ध्यानमा राखेर शारीरिक तथा मानसिक स्थितिमा असर नपर्ने गरी उनीहरुको आचरण र ब्यबहारमा सुधार ल्याइ चरित्रबान नागरिक निर्माण गर्न आबश्यक छ । यही मान्यता अनुसार बालबालिका सम्बन्धि ऐन,२०४८ ले कानुन बिपरित कार्य गर्दा उनीहरुलाई उमेरको आधारमा सजाय तोकेको छ । १० बर्षसम्मका बालबालिकालाई कुनै फौजदारी दायित्व नहुने,१० देखि १४ सम्मको उमेर भएका बालबालिकालाई न्यूनतम दायित्व हुने र १४ बर्ष देखि माथि १६ वर्षसम्म आंशिक दायित्व हुने व्यवस्था गरेको छ । बालन्याय प्रणालीलाई प्रबर्द्धन गर्दै बालबालिकाले गरेका कानुन बिपरितका कार्यहरुको बालमैत्री तरिकाले अनुसन्धान गर्ने र कानुन बमोजिम सजाय पाएका बालबालिकालाई वयस्क व्यक्ति भन्दा फरक स्थानमा राखी उनीहरुको आचरण र ब्यबहारमा सुधार ल्याउने र आधारभूत अधिकारको प्रत्याभूति दिने व्यबस्थाको लागि कानुन बमोजिम बाल सुधार गृहको स्थापना गरिएको छ । हाल यस्ता गृहहरु भक्तपुर, कास्की, मोरंगमा संचालित छन् भने देशका अन्य क्षेत्रमा पनि यस्ता गृहहरुको बिस्तार गर्नुपर्ने अवस्था रहेको छ । हाल युसेप नेपालको ब्यबस्थापनमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले संचालन गरेको बाल सुधार गृहहरुको भौतिक अवस्था, गृहबाट उपलब्ध गराउने सेवा सुबिधाकोस्तर र त्यसबाट बालबालिकामा परेको प्रभावको अध्ययन गरिएको उक्त दस्ताबेजबाट प्राप्त भएको नतिजा आगामी दिनमा हाम्रा नीति तथा कार्यक्रम तर्जुमाका लागि महत्वपूर्ण आधार हुनेछन् ।

यो दस्ताबेज तयार गर्ने कार्यमा संलग्न केन्द्रीय बालकल्याण समिति, कारागार ब्यबस्थापन बिभाग, परामर्शदाता सहित सम्पूर्ण धन्यबादका पात्र छन्। यस सम्बन्धि अध्ययन गर्न गठित निर्देशक समितिका अध्यक्ष महिला,बालबालिका तथा समाज कल्याण मन्त्रालयका सहसचिब श्री राधिका अर्याल, सोही समितिका सदश्य-सचिब उपसचिब डा. किरण रुपाखेती र शा.अ श्री सुशिला पौडेल दाहालको यो प्रतिबेदन तयार पार्ने कार्यमा उल्लेखनीय योगदान रहेको छ ।

आगामी दिनमा यस प्रतिबेदनमा उल्लेखित सुझावको क्रमश: कार्यन्वयन गरी सुधार गृहको व्यवस्थान र बालबालिकाहरुलाई प्रदान गरिने सेवाहरुमा गुणस्तरीयता कायम गर्ने तर्फ मन्त्रालय प्रतिबद्ध छ ।

**महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय**

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
केन्द्रीय बाल कल्याण समिति
Central Child Welfare Board
हरिहरभवन, ललितपुर

पत्र संख्या :
चलानी नं. :

मिति.........................

# शुभकामना

बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ४२ ले कानूनको विवादमा परेका बालबालिकालाई सुधारका लागि बालसुधार गृहको स्थापना र सञ्चालन गर्ने व्यवस्था गरेको छ । सो प्रावधान बमोजिम महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, कारागार व्यवस्थापन विभाग र युसेप नेपालबीच सम्झौता भई भक्तपुर, कास्की र मोरङ जिल्लामा बालसुधार गृह सञ्चालनमा रहेका छन् । बालबालिकासम्बन्धी नियमावली, २०५१ बमोजिम नेपालभित्र सञ्चालित बालसुधार गृहको क्षमता र सुविधा आदिको तथ्याङ्क सँकलन गरी अभिलेख राख्ने लगायतका कार्य केन्द्रीय बालकल्याण समितिबाट हुदै आएको छ । यसै सन्दर्भमा नेपालमा सञ्चालित तीनवटै बालसुधार गृहको स्थितिका विषयमा यो अध्ययन गरीएको हो ।

नेपालको कानूनले बालबालिकालाई बयस्कबन्दी संग राख्न नहुने व्यवस्था गरे अनुसार बाल सुधार गृहको व्यवस्था गरिएको विदितै छ । कानूनको विवादमा परेका बालबालिकाले कसुरजन्य कार्य गरेमा उनीहरुलाई कडा सजाय दिनुको सट्टामा सुधार गरी ती बालबालिकालाई सामान्य जीवनशैलीमा फर्काउनु बालसुधार गृहको प्रमुख जिम्मेवारी रहेको हुन्छ ।

यसर्थ यस अध्ययनबाट हाल सञ्चालित सुधारगृहहरु प्रचलित मापदण्ड अनुसार सञ्चालित भएका छन्/छैनन् ? बालसुधारगृहमा बालसुलभ वातावरणलाई सुनिश्चितता गर्ने पुर्वाधारहरु कसरी सृजना गरिएका छन् ? साथै प्रशासनिक एवम् व्यवस्थापकीय स्थितिको समग्र विश्लेषण गरी अझै सुधार गर्नुपर्ने क्षेत्रहरुको पहिचान गरी निष्कर्ष तथा सुझाव प्राप्त भएका छन् । उक्त सिफारिस बमोजिमका सुझावले सुधारगृहमा आश्रित बालबालिकाको संरक्षणका निम्ति सहयोग पुऱ्याउने आशा लिएको छु । यस अध्ययन कार्यमा संलग्न महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, कारागार व्यवस्थापन विभाग, केन्द्रीय बालकल्याण समितिका कर्मचारी साथीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

डिल्ली राम गिरी
अध्यक्ष
केन्द्रीय बालकल्याण समिति

मिति: २०७२/०६/२०

फोन न. : ५०१००४५, ५०१००४६, ५५३९२११ फ्याक्स : ९७७-१-५५२७५९१ E-mail : contact@ccwb.gov.np
Tel. : 5010045, 5010046, 5539211 Fax : 977-1-5527591 Website : ccwb.gov.np

नेपाल सरकार

# गृह मन्त्रालय

# कारागार व्यवस्थापन विभाग

(........................ शाखा)

फोन : ४४४४५५२
फ्याक्स : ४४४४५५३

पत्र संख्या :-
चलानी नं :-

कालिकास्थान
काठमाडौं, नेपाल ।

मिति: २०७२/०६/१९

**विषय :-** शुभकामना ।

नेपालले संयुक्त राष्ट्र संघीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ लाई १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेपश्चात उक्त महासन्धि मार्फत सिर्जित दायित्वलाई व्यवहारमा लागु गर्न बालबालिकासम्बन्धी ऐन, २०४८, बालबालिकासम्बन्धी नियमावली २०५१ र बाल न्याय (कार्यविधि) नियमावली, २०६३ जारी भई कायान्वयनमा रहेको छ ।

बालबालिका स्वभावले नै निर्मल, निश्छिल र निर्दोष हुन्छन् तर पनि जानी नजानी कानूनसँग विवादमा पर्ने खालका कार्यहरु गर्ने गरेको पाईन्छ । कानुनको विवादमा परेका बालबालिकाको लागि बालबालिकासम्बन्धी ऐन २०४८ को दफा ४२ बमोजिम नेपाल सरकारले बालसुधारगृहको स्थापना र सञ्चालनसम्बन्धी प्रावधानको व्यवस्था गरेको छ । सोही प्रावधान अनुसार नेपाल सरकारले महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, कारागार व्यवस्थापन विभाग र न्यूनतम सुविधाविहिन बालबालिकाका लागि शैक्षिक कार्यक्रम (युसेप) नेपालबिच सम्झौता भई भक्तपुर, कास्की र मोरङ्ग जिल्लामा बालसुधारगृह सञ्चालन भैरहेको छ ।

बालबालिकासम्बन्धी ऐन २०४८ को दफा ४४ ले बालसुधारगृहको निरीक्षण तथा सुपरिवेक्षण गर्ने गराउने प्रमुख जिम्मेवारी केन्द्रीय बालकल्याण समितिको रहने व्यवस्था गरेबमोजिम यस समितिले सञ्चालनमा रहेका तिनवटै सुधारगृहहरु अन्तर्राष्ट्रिय मापदण्ड अनुसार सञ्चालनमा रहेको छ, छैन ? तिनिहरुको व्यवस्थापन कसरी भईरहेको छ ? भन्ने जानकारी पाउनको लागि तिनवटै सुधारगृहहरुको वर्तमान अवस्था र तिनका सुधारका क्षेत्रहरु पहिचान गर्ने उद्देश्यले यो अध्ययन गरेकोमा धेरै नै खुशि लागेको छ । अध्ययनबाट प्राप्त निष्कर्ष तथा सुझावले ती सुधारगृहको अवस्था र तिनले बालबालिकालाई उपलब्ध गराएका सेवा तथा बालबालिकालाई सुधार गर्ने कार्यमा टेवा पुऱ्याउनेछ भन्ने आशा लिएको छु । बालसुधारगृह सञ्चालन गर्ने निकायलगायत सहयोग गर्ने निकायसमेतलाई यस अध्ययनको निष्कर्षले अगामी दिनमा नीति, कार्यक्रम तथा योजना निर्माणमा सहयोग गर्ने छ भन्ने अपेक्षा राख्दै केन्द्रीय बालकल्याण समितिको यस प्रयासको प्रशंसा गर्दै धन्यवादसमेत दिन चाँहन्छु ।

हिमनाथ दवाडी
महा-निर्देशक
महा-निर्देशक
कारागार व्यवस्थापन विभाग

# प्राक्कथन

बालबालिका समाजका एक अभिन्न अङ्ग हुन् । समाजमा हुने गरेका घटनाक्रम र क्रियाकलापहरुबाट बालबालिका अछुतो रहदैनन् । त्यस्ता कार्यहरुबाट बालबालिकाले राम्रा नराम्रा सबै खालका सिकाई तथा अनुभवहरु गरी रहेका हुन्छन् । जुनसुकै समाजमा पनि विभिन्न विकृति एवम् कानून विपरितका अपराधजन्य गतिविधिहरु कुनै न कुनै रुपमा हुने गर्दछन् । यस्ता गतिविधिमा बालबालिकाको सम्लग्नता पनि हुने गर्दछ । सामान्यतयाः बालबालिका आफैले कानून विपरितका अपराधजन्य कार्य गर्दैनन् यसमा उ वरिपरिको वातावरण, संगत एवम् कतिपय अवस्थामा लोभ, लालच, दवावजस्ता कुराहरुले प्रभावित पार्ने हुनाले यस्ता कार्यमा संलग्न बालबालिकालाई कडा सजाय नदिई सुधारका उपायहरु अपनाउनु पर्छ भन्ने मान्यता रही आएको छ । बालबालिकासम्बन्धी ऐन, २०४८ ले बाल न्यायका सम्बन्धमा विविध व्यवस्था गरेको छ र दफा ४२(१) मा नेपाल सरकारले आवश्यकता अनुसार बालसुधार गृहको स्थापना गर्ने उल्लेख गरेको छ ।

कानूनको विवादमा परेका अर्थात बालविज्याँईमा सम्लग्न बालबालिकालाई वयस्क अपराधीहरु संग थुनामा नराखी बालसुलभ वातावरणमा सुधार गर्ने उद्देश्यले सर्वप्रथम २०५८ सालमा भक्तपुर मा बालसुधार गृहको सञ्चालन प्रारम्भ भयो । क्रमशः प्रत्येक विकास क्षेत्रमा एक/एक वटा पर्ने गरी स्थापना गर्ने उद्देश्यले हाल विराटनगर र पोखरामा समेत सञ्चालनमा रहेको छ भने नेपालगञ्जमा निर्माणाधीन अवस्थामा छ । बालसुधार गृहहरु स्थापना गर्ने सन्दर्भमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र केन्द्रीय बालकल्याण समितिको महत्वपूर्ण भूमिका रहन गएको छ । यी सुधार गृहहरुको सञ्चालनको जिम्मा यसै क्षेत्रमा क्रियाशिल सामाजिक संस्थालाई दिइएको छ भने भवन निमार्ण लगायत आधारभूत खर्च नेपाल सरकारले व्यहोरेको छ । हाल सञ्चालनमा रहेका बालसुधार गृहलाई व्यवहारतः सुधार गृहका रुपमा सञ्चालन गरी त्यहाँ पुगेका बालबालिकाको व्यवहार, स्वभाव र मनोभावनामा सुधार ल्याउन आवश्यक छ । तसर्थ बालसुधार गृहको अवस्था लगायत त्यहाँ भई आएका गतिविधिहरुको लेखाजोखा गर्न केन्द्रीय बालकल्याण समितिले महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र कार ागार व्यवस्थापन विभाग समेतको सहभागितामा यो अध्ययन गरेको हो । यस अध्ययन भित्र भौतिक अवस्था लगायत बालसुधार गृहले प्रदान गरेका सेवाप्रवाह अन्तरगत औपचारिक शिक्षा, व्यवसायिक तालिम, स्वास्थ्य सेवा, मनोविमर्श सेवा, कानूनी सेवा आदि विषयलाई समेट्न खोजेको छ । साथै बालसुधार गृहमा बालबालिका माथि गरिने व्यवहार, पोषण, लत्ताकपडा

र सरसफाई आदि समेतलाई हेरेर स्थिति अध्ययन गरिएको छ । नेपालको कानूनी व्यवस्था, बालअधिकार, बाल न्यायसम्बन्धी विश्वव्यापी रुपमा ग्रहण गरिएका मान्यता एवम् अध्ययनमा सहभागी बालसुधार गृहमा रहेका बालबालिका, समुदायमा फर्केका बालबालिका, बालसुधार गृहका कर्मचारी, सरोकारवाला निकायका प्रमुख तथा प्रतिनिधिका दृष्टिकोण, विचार र सुझाव समेतका आधारमा यस अध्ययन प्रतिवेदन तयार भएको छ ।

यस अध्ययनले बालसुधार गृहका सवल र सुधार गर्नुपर्ने विषयलाई केलाउन खोजेको छ । जसबाट आगामी दिनमा सकारात्मक परिवर्तन ल्याउन सहयोग पुग्ने विश्वास गरिएको छ । यस स्थिति अध्ययन तथा प्रतिवेदन लेखन कार्यमा सम्लग्न अधिवक्ता श्री रविन्द्र भट्टराई, श्री राजेश्वर देवकोटा, श्री भुपेन्द्र सिंह गुरुङलाई विशेष धन्यवाद दिन चाहन्छु । यस अध्ययन कार्यलाई व्यवस्थित गर्न बनेको निर्देशन समितिको संयोजन गर्नुहुने महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका सहसचिव श्री राधिका अर्यालज्यू, कारागार व्यवस्थापन विभागका महानिर्देशकज्यू, महिला तथा बालबालिका विभागका महानिर्देशकज्यू, बालसुधार गृह सञ्चालन गर्ने संस्था युसेपका निर्देशकज्यू लगायत प्रति हार्दिक आभार व्यक्त गर्दछु । यस प्रतिवेदनको तयारी क्रममा सम्लग्न हुने केन्द्रीय बालकल्याण समितिका श्री ज्ञानेन्द्र कुमार श्रेष्ठ, श्री कृष्ण प्रसाद यादव र श्री लोचन रेगमी लगायत अन्य कर्मचारी साथीहरुलाई हार्दिक धन्याद दिन चाहन्छु ।

......................

**तारक धिताल**

कार्यकारी निर्देशक

केन्द्रीय बालकल्याण समिति

मितिः- २०७२ असोज २०

# विषयसूची


१. **परिचय** ..... **१**

१.१ पृष्ठभूमि ..... १

१.२ उद्देश्य ..... २

१.३ अध्ययनको क्षेत्र, सीमा र विधि ..... २

१.४ प्रतिवेदनको रूपरेखा ..... ४

२. **बालसुधारगृहः अवधारणा, कानुन तथा नीतिगत व्यवस्था** ..... **५**

२.१ अवधारणा र परिभाषा ..... ५

२.२ अन्तर्राष्ट्रिय मापदण्ड ..... ६

२.३ राष्ट्रिय कानुनी र नीतिगत व्यवस्था ..... ७

२.४ बालसुधारगृहको स्थितिसम्बन्धी वाङ्मयसमीक्षा ..... ११

३. **प्रस्तुतीकरण र विश्लेषण** ..... **१४**

३.१ पृष्ठभूमि ..... १४

३.२ भौतिक पूर्वाधारको अवस्था ..... १५

बालसुधारगृह, विराटनगर, मोरङ ..... १५

बालसुधारगृह, सानोठिमी, भक्तपुर ..... १६

बालसुधारगृह, सराङकोट, पोखरा, कास्की ..... १७

३.३ विधिविधान तथा योजनाबद्ध र उत्तरदायी व्यवस्थापन ..... १७

३.४ व्यवस्थापकीय मानवस्रोत र सक्षमता ..... १८

३.५ संस्थागत सेवाप्रवाह ..... २०

औपचारिक शिक्षा ..... २०

व्यावसायिक तालिम ..... २१

स्वास्थ्यसेवा ..... २२

मनोविमर्श सेवा ..... २३

कानुनी सेवा ..... २६

सामाजिक सेवा ..... २६

३.६ बालबालिकाप्रति गरिने व्यवहार ..... २७

सुधारगृहमा हुने व्यवहार ..... २७

सुधारगृह आउनुपूर्वका व्यवहार ..... २८

३.७ पोषण, लत्ताकपडा र सरसफाइ २९
३.८ समूहमा बालबालिकाः बुझाइ, प्रतिक्रिया र अपेक्षा ३०
३.९ समुदायमा फर्केका बालबालिका ३१
३.१० सामुदायिक पुनःसम्मिलनको तयारी ३३
३.११ जिल्लास्तरीय सरोकार निकायको चासो र प्रत्युक्ति ३४
३.१२ बालबालिकाका अभिभावकः चासो र प्रत्युक्ति ३५

**४. निष्कर्ष र सुझाव** **३१**
४.१ निष्कर्ष ३७
४.२ सुझाव ३७
कानुनी व्यवस्था ४०
मानवीय संसाधन तथा क्षमता विकास ४०
भौतिक तथा अन्य सामग्रीको व्यवस्था ४१
शैक्षिक तथा सीप सिकाइसम्बन्धी व्यवस्था ४२
अन्य व्यवस्था ४३

**सन्दर्भसामग्री** ४४

पारिभाषिक शब्दावली ४५

अनुसूची १ (बालसुधारगृहको स्थिति परिमार्जनका लागि प्रस्तावित कार्ययोजना) ४८

**परिशिष्टहरू** ५१

परिशिष्ट १ (असल बालसुधारगृहका परिसूचक) ५१

परिशिष्ट २ (बालसुधारगृहको स्थिति अध्ययन तथा सुधार गर्नुपर्ने क्षेत्रको पहिचान) ५५

अध्ययन कार्यतालिका ५५

परिशिष्ट ३ (क) बालसुधारगृहको व्यवस्थापनसम्बन्धी संस्थागत सूचनाकालागि प्रश्नसूची ५६

परिशिष्ट ३ (ख) व्यवस्थापन कर्मचारी र सुरक्षाकर्मीको व्यावसायिकतासम्बन्धी प्रश्नावली ६०

परिशिष्ट ३ (ग) मनोसामाजिक स्वास्थ्य सूचनाका लागि प्रश्नसूची ६२

परिशिष्ट ४ (क) बालगृहको स्थितिअध्ययन तथा सुधार गर्नुपर्ने क्षेत्रको पहिचान
बालबालिकासँगको अन्तर्वार्तासूची ६४

परिशिष्ट ४ (ख) समुदायमा फर्केका बालबालिकासँगको अन्तर्वातासूची ६९

परिशिष्ट ५ अवलोकन परिसूचक ७२

अन्तरक्रिया तथा समूह छलफलको लागि निर्दिष्ट प्रश्नावली ७४

# १. परिचय

## १.१ पृष्ठभूमि

केन्द्रीय बालकल्याण समिति नेपालका समस्त बालबालिकाको अधिकारको प्रचलन निश्चित गराउने समग्र उत्तरदायित्व भएको वैधानिक निकाय हो । बालबालिकासम्बन्धी ऐन २०४८ अन्तर्गत रहेको यस समितिले राज्यको तर्फबाट नागरिक समाज तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थासँग समन्वय र सहकार्य गरेर बालअधिकारको संरक्षण र प्रचलन प्रवर्द्धन गर्दै आएको छ । समितिले नेपालमा संयुक्त राष्ट्रसङ्घीय बालअधिकार महासन्धि अनुकूल बालअधिकारको संरक्षण र प्रचलन गर्नमा भूमिका निर्वाह गर्दै आएको छ ।

बालबालिकाको अधिकार र न्यायको सुनिश्चितताको कार्यसूची विश्वसमुदायले सर्वाधिक सम्मति जनाएको विषय हो । अल्पवयस्क/बाल न्यायलाई विश्वका अधिकांश मुलुकले राज्यको उच्च प्राथमिकतामा राख्दै आएका छन् । नेपालमा बालन्यायको विषय अपेक्षाकृत कम प्राथमिकतामा रहिआएको छ। *"बालबालिकासम्बन्धी विषयले राष्ट्रिय प्राथमिकता नपाउनु"* (मबासकम, २०६९:४) यस सन्दर्भको मुख्य चुनौती रहेको छ।

नेपालमा अल्पवयस्क वा बालबालिकालाई न्याय निश्चित गर्नका लागि संविधान, बालबालिकासम्बन्धी ऐन, बालश्रम निषेध र नियमित गर्ने ऐन, बालबालिकासम्बन्धी नियमावली र बालन्याय कार्यविधि नियमावलीजस्ता कानुनी व्यवस्था गरिएका छन् । यी कानुनी व्यवस्थाले अल्पवयस्क व्यक्ति वा बालबालिकाको न्यायको विश्वव्यापी मान्यतालाई पूर्णतः आत्मसात् गर्न सकेका छैनन् । यस अतिरिक्त उल्लिखित कानुनले गरेका कतिपय अनुकूल प्रावधानको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । बालसुधारगृहसम्बन्धी व्यवस्था यस्तै प्रावधानहरूमध्येको एक हो ।

न्यायप्रक्रियाको दायरामा आउने बालबालिकाको अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि केन्द्रीय बालकल्याण समितिले संस्थागत सुदृढीकरणको कार्यक्रम कार्यान्वयनमा ल्याएको छ। अल्पवयस्क वा बालन्यायको एक संस्थागत संरचनाको रूपमा बालबालिकासम्बन्धी ऐनको दफा ४२ बालसुधार गृहको सुदृढीकरण पनि यसको एक महत्त्वपूर्ण पक्ष हो ।

बालन्यायको महत्वपूर्ण पक्षका रूपमा रहेको यस व्यवस्थाअन्तर्गत अहिलेसम्म भक्तपुर, मोरङ र कास्कीमा मात्र बालसुधारगृह सञ्चालनमा रहेका छन् । सञ्चालनमा रहेका यी सुधारगृहको अवस्था र तिनले बालबालिकालाई उपलब्ध गराएका सेवा तथा बालबालिकालाई सच्याउने कार्यक्रमको वर्तमान अवस्था के छ र तिनमा केकस्तो सुधारको खाँचो छ भन्ने कुराको समीक्षा संस्थागत सुदृढीकरणको प्रयासका लागि अत्यावश्यक विषय हो ।

## १.२ उद्देश्य

अन्तर्राष्ट्रिय मापदण्डअनुसार बाल सुधारगृहहरूको सञ्चालन तथा व्यवस्थापन हुनुपर्ने अवस्थामा नेपालमा सञ्चालनमा रहेका बाल सुधारगृहको वर्तमान अवस्था र तिनका सुधारका क्षेत्रहरूको पहिचान गर्ने उद्देश्यले यो अध्ययन गरिएको छ ।

## १.३ अध्ययनको क्षेत्र, सीमा र विधि

**क्षेत्रः**

मोरङ, भक्तपुर र कास्की जिल्लामा अवस्थित बालसुधारगृहको भौतिक स्थिति, त्यहाँ रहेका बालबालिका कसुरदार र समुदायमा फिर्ता गएका बालबालिकाहरूसँग सम्बन्धित रहेर यो अध्ययन सम्पन्न गरिएको छ । सुधारगृहको व्यवस्थापन र सुरक्षा जनशक्ति, सुधारगृहमा रहेका जिल्लाका सम्बन्धित सेवादाता तथा सरोकारवाला र सुधारगृहमा रहेका बालबालिकाका भेटिएसम्मका अभिभावकलाई पनि अध्ययनले समेटेको छ ।

**सीमाः**

अध्ययनका अवधिमा बालसुधारगृहमा भेटिएका र अध्ययनको अवधिपूर्व त्यहाँबाट छुटकारा पाई समुदायमा रहेका बालबालिकालाई अध्ययनमा समेटिएको भए पनि अध्ययन अवधिमा अनुसन्धानका क्रममा नियन्त्रणमा रहेका बालबालिकाको विषय यसमा समेटिएका छैन ।

यो अध्ययन सुधारगृहको भौतिक अवस्था, व्यवस्थापन र सरसुविधासँग सम्बन्धित भएर त्यहाँ रहेका बालबालिकाको सुधारको अवस्थागत पक्षमा सीमित छ । यसले त्यहाँका बालबालिकाका मुद्दामामिलाका विषयमा रहेका न्यायिक विषयको कुनै पक्षको लेखाजोखा गर्ने काम गरेको छैन ।

बालबालिका न्यायसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड तथा कानुन, सोसँग सुसङ्गत रहेका राष्ट्रिय कानुनी व्यवस्था, बालबालिकासम्बन्धी राज्य र सरकारको घाषित नीति र आवासीय बालगृहसम्बन्धी मापदण्डका मूलभूत व्यवस्थालाई प्राप्त सूचनाको वर्गीकरण तथा विश्लेषणको मूल आधार मानिएको छ । सो आधारमा गरिएको सूचनावलीको विश्लेषणबाट देखा परेका मूलभूत तथ्यगत पक्ष र प्रवृत्तिलाई अध्ययनको निचोडका रूपमा प्रस्तुत गरिएको छ ।

**विधिः**

अध्ययनका लागि अध्ययनटोलीका सदस्य नियुक्ति गर्नुपूर्व २०७१ कार्तिक २७ गते केन्द्रीय बालकल्याण समितिको सक्रियतामा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयका सहसचिव श्री राधिका अर्यालको संयोजकत्वमा कारागार व्यवस्थापन विभागका महानिर्देशक

श्री शशिशेखर श्रेष्ठ (पछि श्री हिमनाथ दवाडी), केन्द्रीय बालकल्याण समितिका निर्देशक श्री तारक धिताल, महिला तथा बालबालिका विभागका महानिर्देशक, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयका उपसचिव डा. किरण रुपाखेती, युसेप नेपालका कार्यकारी निर्देशक श्री सुवास सुवेदी रहेको अध्ययन निर्देशक समितिको गठन भयो । सो निर्देशक समितिले अध्ययनटोलीमा रहने विशेषज्ञहरूको योग्यता र अनुभवको मापदण्ड निर्धारण गर्‍यो ।

निर्धारित योग्यता र अनुभवका आधारमा निर्देशक समितिको सिफारिसमा केन्द्रीय बालकल्याण समितिले बालन्याय, सुधारगृह प्रशासन र बालमनोविमर्शको ज्ञान र कार्यअनुभव भएका परामर्शदातासँग सम्झौता गर्‍यो । परामर्शदाताहरूले अध्ययनको आधारका लागि परिशिष्ट १ अनुसारको परिसूचकको मसौदा निर्देशक समितिसमक्ष प्रस्तुत गरे । सो परिसूचकलाई निर्देशक समितिले अन्तिम रूप दिई तदनुरूप अध्ययनका लागि परामर्शदातासँग कार्ययोजना र अध्ययन सामग्रीको मसौदा आह्वान गर्‍यो । परामर्शदाताहरूले परिशिष्ट २ अनुसारको कार्ययोजना र परिशिष्ट ३ अनुसारका अध्ययन सामग्रीको मसौदा निर्देशक समितिमा प्रस्तुत गरे । मसौदामा समितिका तर्फबाट सुझाइएका सुझाब र परिमार्जनलाई समायोजन गरी अध्ययन सामग्रीलाई अन्तिम रूप दिइयो ।

कार्ययोजनाअनुसार अध्ययनटोलीले २०७१ माघ ७ गतेदेखि माघ १६ गतेसम्म तीन वटै बालसुधार गृहको स्थलगत भ्रमण गरी प्रत्यक्ष अवलोकन, अन्तर्वार्ता, अभिलेखको अवलोकन, समूहगत छलफल र जिल्लास्तरीय अन्तरक्रियाहरू सम्पन्न गर्‍यो ।

स्थलगत अवलोकनको अवधिमा मोरङको बालसुधारगृहमा ६२ जना बालबालिका रहेकोमा १० जनासँग व्यक्तिगत अन्तर्वार्ता १३ जनासँग समूहगत छलफल (फोकस ग्रुप डिस्कसन) १२ व्यवस्थापन जनशक्तिका रूपमा कार्यरत १२ जनासँग सामूहिक र आठ जनासँग व्यक्तिगत अन्तर्वार्ता गरिएको छ भने २६ जना जिल्ला स्तरीय सरोकारवालासँग सामूहिक अन्तरक्रिया भएको छ ।

यसै गरी भक्तपुर बालसुधारगृहमा ७६ जना बालबालिका रहेकोमा १३ जनासँग व्यक्तिगत अन्तर्वार्ता १३ जनासँग समूहगत छलफल गरिएको छ । व्यवस्थापनमा कार्यरत आठ जनासँग संस्थागत जानकारीका लागि सामूहिक अन्तर्वाता र चार जनासँग व्यक्तिगत अन्तर्वार्ता लिइएको छ । भक्तपुरस्थित विभिन्न कार्यालयका प्रमुख तथा प्रतिनिधि २८ जना जिल्लास्तरीय सरोकारवालासँग सामूहिक अन्तरक्रिया गरिएको छ ।

कास्की बालसुधारगृहमा ५८ जना बालबालिका रहेकोमा १४ जनासँग व्यक्तिगत अन्तर्वार्ता लिइएको छ । त्यहाँ १५ जना बालबालिकासँग समूहगत छलफल भएको छ । व्यवस्थापन तथा सुरक्षामा संलग्न सात जनासँग संस्थागत जानकारी लिने प्रयोजनका लागि सामूहिक रूपमा

कुराकानी गरिएको छ । यस्तै व्यवस्थापन तथा सुरक्षामा रहेका चार जनासँग व्यक्तिगत अन्तर्वार्ता लिइएको छ । कास्कीमा पनि जिल्लाका सरोकारवाला निकायका प्रमुख तथा प्रतिनिधि गरी ३४ जनासँग जिल्लास्तरीय सामूहिक अन्तरक्रिया भएको छ ।

उल्लेख भएअनुसार अन्तरर्वार्ताका नमुना छनोट गर्दा औसतमा न्यूनतम सयकडा २० पर्ने गरी चयन गरिएको छ । अध्ययनको नतिजाको सामान्यीकरणका लागि यसैलाई आधार मानिएको छ । अन्तरवार्ताका लागि नमुना छनोट सुधारगृहमा रहेका बालबालिकाको उमेर, अभियोग वा मुद्दाको प्रकार, पुर्पक्षको कारबाईमा रहेको वा निप्टारा भइसकेको अवस्था, सुधारगृहबाट बालबालिकाको घरपरिवार रहेको स्थानको दूरी र सहभागिताका लागि व्यक्त इच्छासमेतका आधारमा प्रयोजनपरक विधिबाट गरिएको छ ।

तीनै ठाउँमा बालबालिकाहरूको समूह छलफल गराई तिनले व्यक्त गरेका अनुभव अभिलेख गरिएको छ । यसरी तीनै स्थानमा सम्पन्न गरिएका अध्ययन कार्यको अभिलेखनबाट प्राप्त विवरणहरूलाई तथ्याङ्कीय रूपमा एकीकृत गरी प्रस्तुति तथा विश्लेषण गरिएको छ ।

अध्ययन कार्य सम्पन्न भएपछि प्राप्त भएका मसौदा नतिजाको सारांशलाई निर्देशक समितिसमक्ष २०७१ फागुन १९ गते प्रारम्भिक प्रस्तुति गरियो । सो प्रस्तुतिमा निर्देशक समितिका पदाधिकारीबाट प्राप्त प्रतिक्रिया तथा सुझावका आधारमा टोलीले यो प्रतिवेदनको अन्तिम मसौदा तयार गऱ्यो । अन्तिम मसौदा पुनः निर्देशक समितिसमक्ष २०७१ चैत १६ गते प्रस्तुत भयो । सो प्रस्तुति र छलफलमा प्राप्त थप सुझावलाई समेत समेटेर प्रतिवेदनको यो अन्तिम रूप लिएको हो ।

### १.४ प्रतिवेदनको रूपरेखा

यो प्रतिवेदन पाँच भागमा बाँडिएको छ । पहिलो भागमा परिचय तथा अध्ययन र विश्लेषण विधिबारे उल्लेख गरिएको छ । दोस्रो भागमा बालसुधारगृहसँग सम्बन्धित अवधारणा, मुख्यमुख्य अन्तर्राष्ट्रिय मापदण्ड तथा राष्ट्रिय नीतिगत तथा कानुनी व्यवस्थाको विवेचना राखिएको छ । तेस्रो भागमा अध्ययनद्वारा सङ्कलित जानकारी तथा तथ्यतथ्यावली प्रस्तुत गरी तिनको विश्लेषण पनि प्रस्तुत गरिएको छ । चौथो भागमा जानकारी तथा तथ्यतथ्यावलीको आधारमा तिनबाट प्राप्त भएका निचोड (फाइन्डिङ) प्रस्तुत गरिएको छ । निचोडकै आधारमा अध्ययनटोलीले निकालेका निचोडलाई निष्कर्षको रूपमा प्रस्तुत गरिएको छ । सोही भागमा निष्कर्षअनुसार सुधारगृहको अवस्था परिमार्जन गर्न पहिचान गरिएका क्षेत्रअनुरूप गर्नुपर्ने कार्यहरू सुझावको रूपमा सिफारिस गरिएको छ ।

# २. बालसुधारगृहः अवधारणा, कानुन तथा नीतिगत व्यवस्था

## २.१ अवधारणा र परिभाषा

बालअधिकारमा आधारित सर्वाङ्गीण बालविकासका लागि सबै बालबालिकाको आर्थिक र सामाजिक पाटोका सबै अधिकारको सम्मान, संरक्षण र परिपूर्ति हुन आवश्यक हुन्छ। यस हिसाबले हेरचाह र संरक्षणको खाँचो पर्ने स्थितिमा रहने कानुनका द्वन्द्वको विषयवस्तु बनेका वा कानुनका द्वन्द्वमा परेका बालबालिकाको अधिकारको संरक्षण हेरचाह र सुधारबाट व्यक्तित्व विकासको अवसर प्रत्याभूति हुन अत्यावश्यक हुन्छ।

कानुनको विपरीत क्रियाकलाप वा विचलित व्यवहार गर्ने समस्या भएका बालबालिकाको आचरण सच्याउन उपयुक्त उपचारका लागि राज्यले भिन्दै पद्धति अवलम्बन गर्ने गर्दछ। विश्वका प्रायः सबै देशले बालबालिकाको हकमा यस्तो भिन्न पद्धति अपनाउँदै आएका छन्। बालबालिका र कलिलो उमेरसमूहका युवावर्गलाई समाल्ने, सच्याउने र समाजप्रति जिम्मेवार र कानुन पालनकारी बनाउने परिपाटी नै अल्पवयस्क/बाल न्यायप्रणाली (जुभिनाइल जस्टिस सिस्टम) हो (केबाकस र अजर नेपाल २०६५ : १)।

यस प्रणालीको विश्वव्यापी मान्यताअनुसार बालबालिका, किशोरकिशोरी वा कलिलो उमेर समूहका युवाले कानुनविपरीत गर्ने कार्यलाई अपराधको रूपमा नहेरी उपद्रो वा बिजाइँका रूपमा हेरिन्छ। यस्ता बिजाइँकर्ता बालबालिकालाई सजाय गर्नेभन्दा गरेको गल्ती महसुस गराउने र गल्तीबाट पाठ सिक्दै भविष्यमा त्यस्तो गल्ती नदोहोऱ्याउने गरी सुधार गराउने दायित्व राज्यले बहन गर्नुपर्छ।

यो दायित्वअन्तर्गत बालबालिका अर्थात् कलिलो उमेरका कसुरदारलाई सच्याउने कुरा वयस्क कसुरदारको सुधारभन्दा फरक हुन्छ। पुनःस्थापना गर्ने उद्देश्यसाथ बालबालिका वा कलिलो उमेरका कसुरदारलाई सच्याउन सञ्चालित कार्यक्रमहरूलाई बालन्याय सुधार प्रणाली (जुभिनाइल करेक्सन सिस्टम) भनिन्छ। पुनःस्थापना प्रक्रियाले बालबालिका कसुरदारलाई कसुरको पुनरावृत्तिलाई परित्याग गर्दै परिवेशलाई नयाँ तरिकाले मुकाबिला गर्ने कुरा सिक्न र परिस्थितिलाई सहजतापूर्वक सम्हाल्न चाहिने सामाजिक सीप हासिल गर्न सहयोग गर्दछ (जुभिनाइल करेक्सन्स २०१५)।

यस हिसाबले विश्वभरका बालन्यायप्रणालीमा बालबालिकालाई सुधार गर्ने तथा सच्याउने सन्दर्भमा दुई पद्धतिहरू प्रचलनमा ल्याइएको पाइन्छ। ती हुन्ः सामुदायिक सुधार पद्धति र संस्थागत सुधार पद्धति।

## २.२ अन्तर्राष्ट्रिय मापदण्ड

अन्तर्राष्ट्रिय कानुनको रूपमा बालबालिका कसुरदारलाई वयस्क कसुरदारलाई भन्दा अलग्गै सुधार सुविधालयको प्रस्ताव गर्ने पहिलो अध्यालेख बन्दीप्रति गर्नुपर्ने व्यवहारका न्यूनतम मापदण्डको नियमावली १९५५ हो । यसको नियम ५ ले नियमावलीको पहिलो खण्ड सुधारात्मक विद्यालयमा लागू हुन सक्ने र युवा वा कलिलो उमेरका बन्दी भन्नाले अल्पवयस्क वा बाल अदालतको अधिकारक्षेत्रमा पर्ने युवा बन्दीलाई समेटिने उल्लेख गरेको छ । साथै सो नियमले कलिलो उमेरका व्यक्तिका लागि कैद सजाय गर्ने कुरालाई नियम नभई अपवादको रूपमा प्रयोग गरिनुपर्ने निर्देश गरेको छ ।

सो नियमावलीको नियम ८ (घ) ले कलिलो उमेरका बन्दीलाई वयस्क बन्दीको आवासीय बन्दोबस्तभन्दा अलग्गै राख्नुपर्ने औंल्याएको छ । नियम २१ ले कलिलो उमेरका बन्दीले व्यायामका अवधिमा शारीरिक र मनोरञ्जनात्मक तालिम पाउनुपर्ने सर्त राखेको छ । नियम ७७ ले कलिलो उमेरका बन्दीका लागि अनिवार्य शिक्षा उपलब्ध गराइने प्रावधान राखेको छ ।

यो नियमावली गैरबन्धनकारी प्रकृतिको भए पनि नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ र यातनाविरुद्धको महासन्धि १९८५ का माध्यमबाट तिनका धेरै प्रावधान पक्ष राज्यका हकमा बन्धनकारी स्वरूपका बनेका छन् । अनुबन्धको धारा १० को उपधारा २ (ख) र ३ र धारा २४; बालअधिकार महासन्धि १९८९ का विशेषतः धारा १, २, ३, १६, ३७, ३९ र ४०; स्वतन्त्रताबाट वञ्चित बालबालिकाको संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय नियमावली; अल्पवयस्क न्यायप्रशासनका लागि संयुक्त राष्ट्रसङ्घीय न्यूनतम मापदण्डको नियमावली; बालबिजाइँ रोकथामका लागि संयुक्त राष्ट्रसङ्घीय मार्गदर्शन; फौजदारी न्यायप्रणालीमा बालबालिकासम्बन्धी कारबाईका लागि मार्गदर्शन; र बालअधिकार समितिको आमटिप्पणी नम्बर १० ले बालन्यायको आधारभूत प्रतिमानक कानुनी र नीतिगत ढाँचा उपलब्ध गराएका छन् । यसअनुसार बालबालिका र अल्पवयस्कका लागि न्याय निश्चित पार्ने कुरा निम्नानुसारका मान्यताबाट अगाडि बढ्नुपर्ने अनिवार्यता रहन्छ :

- बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा विचार गरिने सुनिश्चितता;
- सबै प्रकारका भेदभावबाट मुक्त, स्वच्छ र समान व्यवहारको प्रत्याभूति;
- बालबालिकालाई निजको दृष्टिकोण अभिव्यक्त गर्ने स्वतन्त्रता र सोको सुनवाइ हुने हकको बढोत्तरी;
- दुर्व्यवहार, शोषण र हिंसाविरुद्ध संरक्षण;

- सौहार्द र मर्यादापूर्ण व्यवहार;
- सबै कारबाईप्रक्रियामा कानुनी प्रत्याभूति र संरक्षणको सम्मान;
- बालन्याय नीतिको अपरिहार्य तत्त्वका रूपमा कानुनको द्वन्द्वमा पर्ने कुराको रोकथाम; र
- अन्तिम उपाय र लघुत्तम उचित समयावधिका लागि मात्र अल्पवयस्क वा बालबालिकाको स्वतन्त्रतावञ्चितीको प्रयोग ।

उल्लिखित मान्यताको अवलम्बनमा अन्तिम उपाय र लघुत्तम उचित समयावधिका लागि मात्र अल्पवयस्क वा बालबालिकाको स्वतन्त्रताको वञ्चितीको प्रयोग भन्ने कुराले सुधार सुविधालय वा संस्थापनामा तिनको रखाइ सकेसम्म उचित तर कम अवधिका लागि हुनुपर्ने कुरा निर्दिष्ट गर्दछ । त्यो पनि अन्य सबै विकल्प प्रयोग गर्दा पनि उद्देश्य हासिल हुन नसकेको अवस्थामा मात्र अन्तिम उपायको रूपमा यसको प्रयोग गरिनुपर्छ ।

बालन्यायप्रशासनका लागि संयुक्त राष्ट्रसङ्घीय न्यूनतम मापदण्डको नियमावलीको नियम १९ ले बालबालिका व्यक्तिको सुधार वा सुधारकै लागि पनि संस्थापनागत सुविधाको अति कम सम्भाव्य प्रयोगमा जोड दिएको छ । नियम २८ ले यस्तो संस्थापनाको बसाइलाई बाध्यकारी दृष्टिले नहेरी उपयुक्तताका जतिसुकै बेला टुटाएर बालबालिकालाई छुटकारा दिलाउन सकिने कुरा निर्देश गरेको छ । यस्तै यसको नियम २९ ले अर्धमार्गस्थगृह, शैक्षिक गृह, दिवा तालिम केन्द्रजस्ता अर्धसंस्थापनागत बन्दोबस्तको प्रचलनमा जोड दिएको छ ।

स्वतन्त्रताबाट वञ्चित अल्पवयस्कको संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय नियमावलीले स्वतन्त्रताको वञ्चना गरेर अल्पवयस्कलाई राखिने सबै खाले थुनागत तथा संस्थापनागत सुविधालयमा तिनलाई गर्नुपर्ने व्यवहारका आधारभूत सर्तहरू निर्देश गरेका छन् । अर्को शब्दमा भन्दा सो नियमावलीले बालबालिका/बाल सुधारगृह वा सुधार संस्थापनाको सञ्चालनका सन्दर्भमा लागू गरिनुपर्ने मापदण्ड र गरिन सक्ने व्यवहारको मानवीय सीमा उपलब्ध गराएका छन् ।

## २.३ राष्ट्रिय कानुनी र नीतिगत व्यवस्था

नेपालको अन्तरिम संविधान २०६३ ले बालबालिका वा अल्पवयस्कको न्यायसम्बन्धी भिन्दै व्यवस्था गरेको छैन । यसो भए पनि माथि लेखिएअनुसार अन्तर्राष्ट्रिय कानुनी र नीतिगत ढाँचाले औंल्याएका केही विषय संविधानमा प्रविष्ट भएका छन् । अन्तरिम संविधानको धारा १२ र धारा १३ अनुसारका स्वतन्त्रता र समानताको हक बालबालिकालाई पनि प्राप्त छन् । धारा १३ ले बालकलाई विशेष कानुन बनाएर सकारात्मक विभेदका माध्यमबाट संरक्षण, सशक्तीकरण र विकास गराउने मार्ग पनि खुला गरेको छ । धारा २२ ले प्रत्याभूत गरेको पालनपोषण, आधारभूत स्वास्थ्य र

सामाजिक सुरक्षा प्राप्त गर्ने, शोषण र जोखिमबाट सुरक्षित रहन पाउने हक अल्पवयस्क कसुरदारका हकमा पनि पूरापूर आकर्षित हुन्छन् ।

न्यायप्रक्रियाका सन्दर्भमा धारा २४ ले किटान गरेका न्यायसम्बन्धी हक बालबालिका कसुरदार हरूका सन्दर्भमा उच्च प्राथमिकतासाथ आकर्षित हुन्छन् । दुर्व्यवहार र यातनाबाट अल्पवयस्क वा बालबालिकाको संरक्षणका लागि संविधानको धारा २६ पूर्णतः आकर्षित हुन्छ । धारा २९ ले निर्देश गरेको शोषणविरुद्धको हकबाट कसुरको आरोप लागेको वा सजाय निदान गरिएको बहानामा बालबालिका कसुरदारलाई वञ्चित गर्न मिल्दैन ।

धारा ३३ ले राज्यको दायित्वमा राज्यपक्ष भएको अन्तर्राष्ट्रिय सन्धिसम्झौताको प्रभावकारी कार्यान्वयन गर्ने कुरा समेटेर माथि लेखिएका अन्तर्राष्ट्रिय कानुनी ढाँचा र नीतिगत ढाँचाको कार्यान्वयन अनिवार्य बनाएको छ ।

फौजदारी कसुरलाई सम्बोधन गर्ने सिलसिलामा आकर्षित हुने कानुनी व्यवस्था अनेक छन् । मूलतः सरकारी मुद्दासम्बन्धी ऐन, मुलुकी ऐन, प्रहरी ऐन, न्यायप्रशासन ऐन, कारागार ऐनजस्ता विभिन्न ऐनमा छरिएर रहेका प्रावधानहरू बालबालिका कसुरदारको सन्दर्भमा पनि लागू हुन्छन् ।

तथापि, बालबालिका कसुरदारको थुनागत वा आवासीय बन्दोबस्तको हकमा कानुनी प्रस्थानविन्दुचाहिँ बालबालिकासम्बन्धी ऐन २०४८ हो । यसका दफा ७, ११,१२, १५,१९, २०, ४२, ४५,४९, ५०, ५१, ५२, ५५, ५६ र ५७ मूल रूपले बालबालिका कसुरदारका हकमा गरिने कारबाई र न्यायसम्पादनका सिलसिलामा पूरै आर्कषित हुन्छन् ।

बालन्याय कार्यविधि नियमावली २०६३ ले खुलस्त रूपमा अल्पवयस्कको सुधार सुविधालयको कुरा उल्लेख नगरेको भए पनि यो बालसुधारगृहको कुनै पनि पक्षको विवेचनाका लागि सान्दर्भिक छ ।

बालबालिकासम्बन्धी ऐन २०४८ ले माथि भाग २.२ मा विवेचना गरिएजस्तो अल्पवयस्क कसुरदारको सुधारका लागि निर्दिष्ट गरिएको उद्देश्य र स्वरूपको सुधार वा सुधार सुविधालय किटान गर्न सकेको छैन । ऐनले बाल सुधारगृहको परिभाषा गर्दै “दफा ४२ बमोजिम नेपाल सरकारले स्थापना गरेको वा सो प्रयोजनका निमित्त उपयोगमा ल्याएको सुधारगृह” (बान्यासस २०७१ः ५) भनेर परिभाषित गरेको छ ।

दफा ४२ मा बालसुधारगृहको स्थापना र सञ्चालनसम्बन्धी प्रावधान राखिएको छ । यसको उपदफा २ को खण्ड क र खण्ड ख मा यस्तो गृहमा कसुरको अभियोगमा मुद्दाको तहकिकात र पुर्पक्षमा थुनामा रहनुपर्ने र कसुरमा सजाय पाएका अल्पवयस्क/बालबालिकालाई राखिने व्यवस्था

रहेको छ । बालसुधारगृहमा अन्य खालका बालबालिका पनि राखिन सक्ने प्रावधान सो दफामा भए पनि अन्य खालका बालबालिकालाई सुधारगृहमा राख्ने गरिएको छैन । सो दफाको उपदफा ५ ले सुधारगृहको सञ्चालन र त्यहाँ रहने बालबालिकालाई प्रदान गरिने सुविधा, तालिम, शिक्षा र बालबालिकाले पालन गर्नुपर्ने सर्त तोकिएबमोजिम हुने व्यवस्था गरेको छ । यस्तै ऐनको दफा ४५ ले पनि बालसुधारगृह रहने बालबालिकाको शिक्षा, तालिम तथा पालन गर्नुपर्ने नियमहरू तोकिएबमोजिम हुने व्यवस्था गरी नियमावलीबाट व्यवस्था गर्न निर्देश गरेको छ । भए पनि हालसम्म बालसुधारगृहसम्बन्धी छुट्टै नियमावली बनेको छैन ।

ऐनको दफा ४४ ले बालसुधारगृहको निरीक्षण सुपरिवेक्षण गर्ने गराउने प्रमुख जिम्मेवारी केन्द्रीय बालकल्याण समितिको रहने व्यवस्था गरेको छ । ऐनको दफा ५० को व्ययवस्थाले कानुनले थुनामा राखेर पुर्पक्ष गर्नुपर्ने मुद्दामा पनि बालबालिका कसुरदारका हकमा सकेसम्म अन्य विकल्प खोजी गरी थुनामा राख्ने कुरालाई कम र अन्तिम उपायको रूपमा अवलम्बन गर्ने वैधानिक निर्देश उपलब्ध गराएको छ । सो दफाले सजाय भएका कसुरदार बालबालिकाकै हकमा पनि भएको सजाय स्थगन गरी अर्धसंस्थापनागत वा गैरसंस्थापनागत उपाय अपनाउन मार्गनिर्देश गरेको छ। यो दफाअनुसार माथि उल्लेख भएको थुनागत वा संस्थापनागत उपाय अन्तिम उपायको रूपमा उपयुक्त न्यूनतम अवधिका लागि मात्र भन्ने विश्वव्यापी मान्यता नेपालमा वैधानिक रूपमा आत्मसात् भएको छ ।

बालबालिकासम्बन्धी ऐनको कार्यान्वयनका लागि जारी भएको बालबालिकासम्बन्धी नियमावली २०५१ को नियम ३ (घ) ले व्यवस्थापन समितिलाई मार्गनिर्देशन गर्ने काम केन्द्रीय बाल कल्याण समितिको हुने व्यवस्था गरेको छ। यस्तै नियम ३ (च) ले बालसुधारगृहको क्षमता तथा सुविधाको अभिलेख गर्ने र नियम ३ ( नियम १५ ले बालसुधारगृह व्यवस्थापन समितिको गठन गर्ने व्यवस्था गरेको छ। सोही नियमावली को नियम १६ ले व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार निर्दिष्ट गरेको छ। सोही ऐनको न्यायिक पक्षलाई सम्बोधन गर्न जारी भएको बालन्याय कार्यविधि नियमावली २०६३ ले भने बालसुधारगृहको विषयमा कुनै ठोस कुरा उल्लेख गरेको छैन ।

बालबालिकासम्बन्धी ऐन २०४८ आउनुपूर्व फौजदारी कसुरको आरोपित, अभियुक्त वा दोषप्रमाणित भएका अल्पवयस्कलाई वयस्क व्यक्तिसरहै कारागारमा राख्ने व्यवस्था थियो । यसैले बालबालिकासम्बन्धी ऐन जारी भएपछि पनि प्रचलनमा बालबालिकालाई कारागारमा राख्ने प्रथा कायम रहँदै आयो ।

यसले गर्दा कारागार ऐन २०१९ र कारागार नियमावली २०२० अल्पवयस्क कसुरदारको सन्दर्भमा आकर्षित गरिँदै ल्याइएको छ। सो ऐनले बालबालिका कसुरदारको विषयमा खास अलग्गै व्यवस्था

गरेको छैन । दफा ८ (३) मा "***बाह्र वर्ष ननाघेका कुनै नाबालक थुनिए वा कैद परेमा निजको हेरविचार गर्न निजको आमा, बाबु वा अरू नातेदार कारागारभित्र बस्न चाहेमा पनि बस्न दिइनेछैन***" (काकिव्यस २०६८ः ४२) भन्ने कुरा उल्लेख छ । यसको प्रकारान्तर अर्थ १२ वर्ष नाघेको व्यक्तिचाहिँ थुनुवा वा कैदीका रूपमा कारागारमा राख्न सकिन्छ भन्ने वा अन्यथा के हो स्पष्ट छैन ।

कारागार ऐनको दफा ८ ले गरेअनुसारको सिदा र लुगासम्बन्धी प्रावधानलाई कारागार नियमावलीको नियम २२ र २३ ले विस्तृत गरेको र नियमावलीको अनुसूची ३ अनुसार बालसुधारगृहमा रहेका अल्पवयस्क कसुरदारलाई सिदाको सुविधा उपलब्ध हुने गरेको छ । कारागार नियमावलीको नियम १६ङ ले ***बालसुधारगृहमा पठाएका बालबालिका १६ वर्ष पुगेपछि सुधारगृहले सुधारगृहमै राख्न सिफारिस गरेमा जेलरले त्यस्ता व्यक्तिको हकमा सुधारगृहमा बस्ने अवधि बढाउन सक्ने*** व्यवस्था गरेको छ (काकिव्यस २०७०:१२) ।

नेपालको अन्तरिम संविधान २०६३ को धारा ३५ को अनुसरण गर्दै नेपाल सरकारले बालबालिकासम्बन्धी राष्ट्रिय नीति २०६९ जारी गरेको छ । नेपाल सरकारबाट २०६९ वैशाख ४ गते पारित भई जारी भएको राष्ट्रिय नीतिले "***बालबालिका सम्बन्धी विषयले राष्ट्रिय प्राथमिकता नपाउनु, बालबालिकाको क्षेत्रमा कार्यरत संघसंस्थाको संस्थागत क्षमता कमजोर हुनु, बालबालिकासम्बन्धी कार्यमा समन्वयको अभाव हुनु र उपलब्ध स्रोत र साधनको पर्याप्त र उचित व्यवस्थापन गर्न नसक्नु***" बालबालिकाको विकास र संरक्षणका मुख्य समस्या मानेको छ (मबासकम २०६९ः ४) ।

राष्ट्रिय नीतिले सबै किसिमका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, परित्याग, उपेक्षा, शोषण वा यौनदुर्व्यवहारबाट बालबालिकालाई संरक्षण गर्ने; आवश्यक स्याहार, पोषण सहयोग र शिक्षा प्रदान गरी बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकास गर्ने; भावना अभिव्यक्त गर्न र सार्थक जीवनमा सहभागी हुने अवसर दिलाउने; उनीहरूविरुद्धका भेदभावको अन्त्य गर्ने; र अल्पवयस्क/बालन्याय प्रणालीलाई सुदृढ पार्ने प्रमुख उद्देश्य (मबासकम २०६९ः ५) निर्धारण गरेको छ ।

राष्ट्रिय नीतिले १८ वर्ष उमेरसम्मको व्यक्तिलाई बालबालिका मानी तद्अनुसारै अल्पवयस्क आपराधिक दायित्व निर्धारण गर्ने; कसुरको आरोप लागेका बालबालिकालाई अत्यावश्यक भएमा मात्र बल प्रयोग नगरी प्रहरी नियन्त्रणमा लिने; नियन्त्रणमा लिइएकालाई भिन्दै अवलोकनकक्षमा राखी मनोविमर्शसहितका आवश्यक सेवा उपलब्ध गराउने; अनुसन्धान र अभियोजनका लागि छुट्टै एकाइ स्थापना गर्ने र तिनमा संलग्न कर्मचारीलाई तालिम दिने; दिशान्तर, कसुरदार-पीडित मेलमिलाप, पीडितलाई क्षतिपूर्ति दिलाउने र कसुरदारलाई सुपरिवेक्षणमा समुदायमा पठाउने; औपचारिक न्यायिक प्रक्रियालाई बालमैत्री बनाई गम्भीर कसुरमा मात्र बालबालिकालाई सो

प्रक्रियामा लाने; र गोपनीयता कायम हुने गरी बन्द इजलास र पुनर्लाभात्मक ढाँचामा न्यायसम्पादन गर्ने व्यवस्थालाई नीति (मबासकम २०६९ः १२-१३) को रूपमा अगाडि सारेको छ ।

बालसम्पादनमा संलग्न सबै जनशक्तिलाई प्रशिक्षित गर्ने, वयस्कसँग मिसिएको मुद्दा फोरी (अलगअलग पारी) कसुर गरेको आरोप लागेका बालबालिकाको मुद्दाको भिन्दै कारबाईकिनारा गर्ने, कानुनका द्वन्द्वमा परेका बालबालिकाको सुधार र पुनःस्थापनाका लागि प्रत्येक जिल्लामा बालसुधारगृहको स्थापना गर्ने कुरालाई राष्ट्रिय नीतिले यस फाँटको रणनीति (मबासकम २०६९ः १७) मानेको छ ।

बालसुधारगृहमा रहने बालबालिकाहरू परिवारभन्दा बाहिर रहेका खास समूह हुन् । तिनीहरूको स्याहार आवसीय छ । यसरी हेर्दा केन्द्रीय बालकल्याण समितिले जारी गरेको ***आवासीय बालगृहको सञ्चालन र व्यवस्थापनसम्बन्धी मापदण्ड*** २०६९ ले गरेको "आवासीय स्याहार वा हेरचाह" को परिभाषामा बालसुधारगृहमा रहने बालबालिका पनि पर्ने देखिन्छ । बालगृहका लागि तर्जुमा भएको उक्त मापदण्ड बालसुधारगृहका हकमा पूरै आकर्षित हुने अवस्था नभए पनि मापदण्डका केही प्रावधान बालसुधारगृहका लागि अवलम्बनीय छन् ।

मापदण्डले निर्देश गरेका आधारभूत सिद्धान्त, व्यक्तिगत विवरण राख्ने, उपलब्ध गराउने सेवासुविधा, सुरक्षित भवन र सार्वजनिक सेवाको पहुँचयोग्यता, लैङ्गिक तथा अपाङ्गतामैत्री संरचना, आवासीय शयन तथा सेवाकक्षहरूको मात्रा, सहजता र सुविधा, प्रतिव्यक्ति स्थानअन्तराल (स्पेस) जस्ता कुरा बालसुधारगृहका बालबालिकाका हकमा समान रूपले आकर्षित हुने छन् ।

यस्तै फोहर विसर्जन, आपत्कालीन उद्धारकारी बन्दोबस्त, पोषण, शिक्षा, व्यावसायिक ज्ञान, सामाजिकीकरण, शैक्षिक तथा अन्य विकासको अनुगमन, सुपरिवेक्षण र मूल्याङ्कन, स्वास्थ्योपचारको व्यवस्था, खेलकुद तथा मनोरञ्जनसम्बन्धी मापदण्ड बाल सुधारगृहमा रहने बालबालिकाका लागि पनि लागू हुने खालका छन् ।

## २.४ बालसुधारगृहको स्थितिसम्बन्धी वाङ्मयसमीक्षा

बालसुधारगृहको स्थिति र तिनले बालबालिका कसुरदारलाई उपलब्ध गराएका सुधार तथा सुधार सेवाका बारेमा मात्र केन्द्रित छुट्टै अध्ययन हालसम्म भएको छैन । केही पूर्वअध्ययनहरूले बालसुधार गृहका केही पक्षमा रहेका समस्या पहिचान गरी समाधानका उपाय सिफारिस गरेका छन् । युनिसेफ (२००६) ले कारागार, सुधारगृह र हिरासतमा रहेका बालबालिका र युवा बन्दीको लेखाजोखामा भक्तपुरमा युसेपले सञ्चालन गरेको बालसुधारगृहमा रहेका बालबालिकाले शिक्षा र बसाइप्रति सन्तुष्टि जनाए पनि १६ वर्ष पूरा भएपछि कारागार पठाइने कुराको सन्त्रासयुक्त रहेको जनाएको छ ।

युनिसेफले अध्ययन गरेको बेला सुधारगृहसँग सामुदायिक पुनःस्थापना गर्ने कुनै कार्यक्रम नरहेको, बालमैत्री तरिकाले बालबालिकालाई सम्हाल्नका लागि कर्मचारीलाई तालिम कार्यक्रमको कमी रहेको पनि प्रतिवेदनमा औंल्याइएको छ ।

न्याय तथा अधिकार वकालत मञ्च (अजर) नेपालले २०६६ असारमा गरेको ***फौजदारी कानुनको द्वन्द्वमा परेका बालबालिकाको स्वच्छ पुर्पक्षः कानुनी संक्षणको कार्यान्वयन र गरिएको व्यवहार*** विषयक अध्ययन बालसुधारगृहका सन्दर्भमा निम्न निचोड (फाइन्डिङ) औंल्याएको छः

- बालबालिकासँग वकिलले गोप्य कुराकानी गर्न पाउने व्यवस्था रहेको;
- सुधारगृहमा प्रवेश गराउँदा स्वास्थ्यजाँच गराउने र अभिलेख गर्ने गरिएको;
- प्रवेशमै सुधारगृहका नियम र उपलब्ध सेवाबारे जानकारी दिने गरेको;
- आफै कानुनव्यवसायी राख्न नसकेका बालबालिकाका लागि अजर नेपाल, एडभोकेसी फोरम, सेलर्ड, सिएलआरसी चितवन, नेपाल बार एसोसिएसनमार्फत कानुनी सहायता उपलब्ध हुने गरेको;
- शिक्षा र अतिरिक्त क्रियाकलापमा योग, खेलकुद, प्रवचन, युसेपमा तालिम लिने पठाउने, चाडपर्वहरू मनाउने, चिठीपत्र लेख्न प्रोत्साहित गर्ने गरिएको;
- सर्वेक्षण गरिएका ४५ जनामध्ये ४४ जनाले शिक्षा हासिल गरिरहेको, १५ जनाले व्यावसायिक सीप सिक्ने अवसर पाएको र २७ जनाले अवसर नपाएको, ४१ जनाले व्यायाम र खेलकुदको अवसर पाएको, खेलकुदमा भलिबल, बास्केटबल, टेबलटेनिस रहेको र दिनमा एक घन्टा मात्र खेल्न दिइने गरेकोले सो समय कम भएको;
- सामाजिक सेवादाताले एक वर्षमा औसत एक महिनामा एक पटक, चिकित्सकले महिनामा एकदुई पटक, मनोविमर्शदाताले महिनामा एक पटक सेवा दिने गरेको;
- शिक्षकको कमी, खेलसामग्रीको अपर्याप्तता, अधिकारबारे जानकारीको कमी, अनौपचारिक शिक्षाको अनुपलब्धता, बालक र बालिकाका लागि भिन्दाभिन्दै भवनको अभाव, खुला ठाउँमा रहने अवधिको अपर्याप्ता, सुधारगृहको बसाइले सीपमूलक अवसर दिन नसकेको;
- सुरक्षाकर्मीले बालबालिकालाई चाहिँदोभन्दा बढी निगरानीमा लिने गरेको, सुरक्षाकर्मीबाट "तिमी" आदरार्थीको प्रयोग गर्ने नगरी "तँ" भनी बालबालिकालाई सम्बोधन गर्ने परिपाटी कायमै रहेको, बालन्याय र अधिकारको अवधारणामा सुरक्षाकर्मीमा पर्याप्त सुझबुझको कमी देखिएको; र
- बालसुधारगृहको अवधारणासँग ठ्याक्कै मेल नखाने चौकीदारी प्रथा अद्यापि कायम रहेको र समग्रमा बालबालिकालाई रचनात्मक बनाउने किसिमका क्रियाकलापको अभाव रहेको (अजर नेपाल २०६६ः २८-३०) ।

शर्मा, सन्तोष (२०१२) ले ***बालबिजाइँमा सुधारक उपायहरूको निवारक प्रभाव*** विषयक अध्ययनमा सुधारगृहबाट छुटेका बालबालिका सानातिना कसुरमा पुनः पक्राउ पर्ने गरेका, मनोविमर्श सेवाको बालबालिकामा दिगो प्रभाव पर्न नसकेको, सुधारगृहबाट गरिएका आनीबानीका सुधार टिकाउ नभएका र समुदायमा फर्केका बालबालिकामा धुम्रपान आदिको कुलत देखिएको, सुधारगृह बसिसकेका बालिकाको पनि कलिलैमा विवाह हुने गरेको, औपचारिक शिक्षाको प्रभाव लामो अवधि बस्ने बालबालिकामा मात्र रहेको, व्यावसायिक तालिम कसुरको रोकथामका लागि प्रभावकारी नदेखिएको, बालबालिका र अभिभावकको भेटघाट र पुनःएकिकरणले कसुरको रोकथामका लागि ठोस काम गर्न नसकेको, मनोविमर्श सेवा अभिभावकसम्म विस्तार नभएकाले पर्याप्त प्रभाव सिर्जना नभएको औँल्याएका छन् ।

मैनाली, लक्ष्मीप्रसाद (२०१४) ले ***नेपालमा अल्पवयस्क न्यायसम्बन्धी आलोचनात्मक अध्ययनमा*** आर्थिक वर्ष २०६८-६९ देखि २०७०-७१ सम्ममा बालसुधारगृहमा प्रवेश गरेका र मुक्त भएका अल्पवयस्कहरूको सङ्ख्यात्मक विवरण दिएका छन् ।

मैनालीका अनुसार सो तीन वर्षमा कास्कीको सुधारगृहमा ७० जना अल्पवयस्क भित्रिएका र ४६ जनाले छुटकारा पाएका थिए । भक्तपुर सुधारगृहमा सो अवधिमा ३०१ जना भित्रिएका र ३१७ जना मुक्त भएका थिए । यस्तै मोरङ सुधारगृहमा आर्थिक वर्षमा ०७०-७१ मा ४० जना भित्रिएका र १८ जना छुटेर गएका थिए ।

भक्तपुरमा छुटकाराको दर घट्दो देखिएको, कास्कीको सन्तोषजनक देखिएको र मोरङको छुटकारा दर न्यून देखिएको उनको निचोड छ (मैनाली (२०१४: ३८०-३८२) । उनले अल्पवयस्कको सुधार कार्यक्रमको चाहिँ विश्लेषण गरेका छैनन् ।

# ३.प्रस्तुतीकरण र विश्लेषण

## ३.१ पृष्ठभूमि

बालबालिकासम्बन्धी ऐन २०४८ को दफा ४२(१) मा नेपाल सरकारले आवश्यकताअनुसार बालसुधारगृहको स्थापना गर्ने वैधानिक प्रबन्ध गरेको छ । यस्ता सुधारगृहमा प्रथमतः कसुरको अभियोगमा मुद्दाको तहकिकात वा पुर्पक्षको निमित्त थुनामा बस्नुपर्ने, र कैदको सजाय पाएका बालबालिका राखिने कुरा ऐनको दफा ४२ (२) ले निर्देश गरेको छ ।

ऐनको दफा ४२ (१) अनुसार बालसुधारगृह स्थापना नभएको अवस्थामा अन्य व्यक्ति वा निकायले सञ्चालन गरेका बालकल्याणगृह, अनाथालय वा केन्द्रलाई अस्थायी रूपमा बालसुधारगृहको रूपमा उपयोग गर्न सक्ने वैधानिक निकास दफा ४२ (३) ले राखेको छ ।

सोही ऐनको दफा ४२ (४) ले बालसुधारगृहको सञ्चालन र त्यहाँ बस्ने बालबालिकालाई प्रदान गरिने सुविधा, तालिम, शिक्षा र बालबालिकाले पालन गर्नुपर्ने सर्त तोकिएबमोजिम हुने व्यवस्था गरेको छ । यसरी बालबालिकासम्बन्धी ऐनले बालसुधारगृहको सञ्चालनसम्बन्धी सम्पूर्ण व्यवस्था नियमावली (प्रत्यायोजित विधायन) बाट मिलाउने अभिभारा नेपाल सरकारमा राखेको छ ।

नेपाल सरकारले बालसुधारगृह सञ्चालन कार्यविधि २०५७ पारित गरी बालसुधारगृहको थालनी गरेको हो । ***न्यूनतम सुविधाविहीन बालबालिकाका लागि शैक्षिक कार्यक्रम*** (युसेप), नेपालको भक्तपुर जिल्लाको सानोठिमीमा रहेको जग्गामा नेपाल सरकारले भवन निर्माण गरी महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र कारागार व्यवस्थापन विभागसँगको सम्झौताका आधारमा २०५८ सालदेखि भक्तपुरको बालसुधारगृह सञ्चालनमा ल्याइएको हो ।

त्यसपछि सरकारले पाँच विकासक्षेत्रमा एक बालसुधारगृह सञ्चालनको अवधारणाअनुसार पूर्वाञ्चलको मोरङ जिल्लाको विराटनगर र पश्चिमाञ्चलको कास्की जिल्लाको पोखरा सराङकोटमा बालसुधारगृहका लागि जग्गा र भवनको बन्दोबस्त गरेको छ । सरकारकै स्वामित्वमा रहेका यी तीन स्थानका जग्गा तथा भवनलगायतका भौतिक संरचना सरकारी हुन् ।

तीनै वटा बालसुधारगृहको व्यवस्थापनका लागि सरकारले महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको महिला तथा बालबालिका महाशाखा प्रमुख (सहसचिव) को संयोजकत्वमा समिति गठन गरेको छ । सो समितिले सुधारगृहको व्यवस्थापनका मूलभूत नीतिगत दिशानिर्देश गर्दछ ।

सुधारगृहहरूको व्यवस्थापनका लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको सचिवस्तरीय निर्णयले एक गृहप्रशासक र निजका मातहतमा व्यवस्थापन कर्मचारीहरू रहने गरी व्यवस्थापकीय जिम्मेवारी युसेप नेपाललाई सुम्पेको छ । नियम १५ बमोजिम व्यवस्थापन समिति गठन भइ नियम १६ अनुसारको व्यवस्था क्रियाशील हुन पर्नेछ ।

सुधारगृह सञ्चालनका सम्बन्धमा स्रोतको व्यवस्थापनका लागि महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय र युसेप नेपालबीच आवधिक सम्झौता हुने गरेको छ । यसैगरी कारागार व्यवस्थापन विभागसँग पनि कारागार ऐनअन्तर्गतका सरसुविधाको लागि युसेप नेपालले गरेको आवधिक सम्झौताअनुसार यी बालसुधारगृह सञ्चालनमा छन् ।

बालसुधारगृहको सञ्चालनका लागि जारी रहेको बालसुधारगृह सञ्चालन कार्यविधि २०५७ सुधारगृहको सघनता र जटिलतालाई सम्बोधन गर्ने किसिमको विस्तृत छैन । बालन्याय समन्वय समितिको सक्रियतामा यसलाई प्रतिस्थापन गर्ने नयाँ कार्यविधि निर्देशिका तयार हुँदै गरेकोसम्म छ ।

तीन वटै सुधारगृहमा सुरक्षा व्यवस्था नेपाल प्रहरीबाट हेरिने गरेको छ । सादा पोसाकमा प्रहरी रहनुपर्ने व्यवस्था भएकाले पूर्ण प्रहरी बर्दीमा सुरक्षा तैनाथ छैन । तथापि, प्रहरी बर्दीकै केही कपडा (उदाहरणका लागि, नेपाल प्रहरी लेखिएको ज्याकेट) लगाउने गरिएको, प्रहरीको सम्पर्क सेटसाथमा बोकी परिसरभित्रै सो कुराकानी सुनिने गरेकोले समुदाय र बालबालिका सबैले तैनाथी प्रहरीको अनुभूति गर्ने अवस्था छ ।

## ३.२ भौतिक पूर्वाधारको अवस्था

### बालसुधारगृह, विराटनगर, मोरङ

स्थानीय समाजसेवी स्वर्गीय गणेशी राजवंशीले सामाजिक प्रयोजनका लागि सरकारलाई प्रदान गरेको जग्गा सुधारगृहका लागि उपयोग गरिएको छ । बालसुधारगृह सार्वजनिक यातायात, अस्पताल, सामुदायिक विद्यालयको पहुँच भएको स्थानमा छ । सुधारगृहको आवासीय भवन सुरक्षित किसिमको छ । शयनकक्ष, भिन्दै पुस्तकालयकक्ष, मनोविमर्शकक्ष, टेलिभिजनकक्ष छन् । पानी, भान्सा तथा शौचालय तथा स्नानकक्षको व्यवस्था छ ।

यस सुधारगृहको क्षमता ५० जनाको भनिए पनि विद्यमान आवासीय बन्दोबस्त प्रतिव्यक्ति ३० वर्ग फिटका हिसाबले पर्ने सम्भावना नै छैन । आवासकक्षहरूमा उमेरको आधारमा बढी उमेरवाला र कम उमेरवालालाई भिन्नभिन्न आवासकक्षमा बसाउने प्रयास गरिएको छ । पुर्पक्ष र दायित्वनिदानको हैसियतका आधारमा बालबालिकालाई भिन्दाभिन्दै राख्ने गरिएको छैन । परिसर फराकिलो भएकाले खेलकुद तथा करेसाबारी र फूलबारीका लागि पर्याप्त ठाउँ छ ।

अध्ययनका लागि कक्षाकोठाको पनि प्रबन्ध छ, तर कक्षाकोठा जोडिएका र एकातर्फ खुला पनि रहेका कारणले एक कक्षामा पढेपढाएको आवाज अर्को कक्षामा जाने र कक्षागत पढाइ आपसमै प्रभावित हुने अवस्था छ ।

भेटघाटका लागि भेटघाटकक्षको अभाव छ भने कानुनव्यवसायी, सामाजिक कार्यकर्तासँग गोप्य परामर्श गर्ने बन्दोबस्तको पनि कमी रहेको छ । सुधारगृहको ढलनिकास समस्याग्रस्त छ । खुला ढलका कारण परिसरमा फोहर र दुर्गन्धको समस्या छ ।

**बालसुधारगृह, सानोठिमी, भक्तपुर**

युसेप नेपालको परिसरसँग जोडिएर रहेको बालसुधारगृह सार्वजनिक यातायात, अस्पताल, सामुदायिक विद्यालयको पहुँच भएको स्थानमा छ । सुधारगृहको आवासीय भवन सुरक्षित किसिमको छ । औसत १४ फिट लम्बाइ र १० फिट चौडाइका शयनकक्ष, भिन्दै पुस्तकालयकक्ष, मनोविमर्शकक्ष, टेलिभिजनकक्ष छन् । पानी, भान्सा तथा शौचालय तथा स्नानकक्षको व्यवस्था छ ।

सुरुको अवस्थामा ५० जनाका लागि आवासको क्षमता राख्ने मानिएको आवास भवनले ओगटेको कुल भूभागकै हिसाब गर्दा पनि प्रतिव्यक्ति ३० वर्ग फिट पर्ने गरिको आवासीय क्षमता भने यस सुधारगृहको रहेको छैन । बालसुधारगृहको भवनमा बालकहरूको आवास रहेका भए पनि बालिकाहरूलाई युसेप नेपालकै आसन्न प्राविधिक शिक्षालयको छात्रावासमा बसोबासको प्रबन्ध गरिएको छ । आवासकक्षहरूमा उमेरको आधारमा बढी उमेरवाला र कम उमेरवालालाई भिन्नभिन्न आवासकक्षमा बसाउने प्रयास गरिएको छ । पुर्पक्ष र दायित्वनिदानको हैसियतका आधारमा बालबालिकालाई भिन्दाभिन्दै राख्ने गरिएको छैन ।

सुधारगृहको परिसरबाहिर उत्तरपूर्वतर्फ युसेपकै कृषियोग्य जमिन छ । सो जमिनमा तरकारी खेती गर्न बालबालिकालाई पहुँच दिने हो भने उनीहरूले त्यसबाट पनि आयआर्जन तथा कृषिजन्य व्यावसायिक सीप विकास गर्न सक्ने सम्भावना रहन्छ । यस्तो अवसर हुँदाहुँदै पनि उनीहरूलाई त्यस क्षेत्रमा लगाई स्रोतसाधनको सदुपयोग गराइएको छैन ।

खेलकुदका लागि खुला मैदान, अध्ययनका लागि कक्षाकोठाको पनि प्रबन्ध छ । विद्यालय प्रयोजनका लागि सुधारगृह परिसरको पश्चिममा बनाइन लागेको भवन निर्माण भएपछि खेलका लागि मैदानको अभाव हुने देखिन्छ । भेटघाटका लागि भेटघाटकक्षको अभाव छ भने सामाजिक कार्यकता, कानुनव्यवसायीसँग गोप्य परामर्श गर्ने बन्दोबस्तको पनि कमी रहेको छ । भेटघाटका लागि बाहिरै रहेको खुला किसिमको विश्रामस्थललाई प्रयोग गर्ने गरिएको छ ।

**बालसुधारगृह, सराङकोट, पोखरा, कास्की**

पोखरा सहरबाट करिब छ किलोमिटर टाढा रहेको सराङकोट बालसुधारगृह सार्वजनिक यातायात, अस्पताल, सार्वजनिक विद्यालय आदिका हिसाबले टाढा छ । सुधारगृहको एकातिर स्थानीय सामुदायिक वस्ती रहेको भए पनि यसको परिसर वनसँग जोडिएको छ । भवनको बनोट पक्की र सुरक्षित भए पनि वनसँग जोडिएकाले डडेलो, हावाहुरी र वन्यजन्तुको आक्रमण आदिको जोखिम छ ।

कुल ५० जना अल्पवयस्कका लागि आवासीय सुविधा दिन सक्ने क्षमताको भनिएको यस सुधारगृहमा पनि प्रतिव्यक्ति ३० वर्ग फिटको स्थानअन्तराल उपलब्ध हुन सक्ने अवस्था छैन । आवासकक्षहरूमा उमेरको आधारमा बढी उमेरवाला र कम उमेरवालालाई भिन्नभिन्न आवासकक्षमा बसाउने प्रयास गरिएको छ । पुर्पक्ष र दायित्वनिदानको हैसियतका आधारमा बालबालिकालाई भिन्दाभिन्दै राख्ने गरिएको छैन ।

टेवल टेनिस, ब्याड्मिन्टनजस्ता खेलका लागि खेलमैदान पर्याप्त भए पनि भकुन्डो खेलका लागि खेलमैदान पर्याप्त र उपयुक्त छैन । सुधारगृह डाँडामा रहेको र परिसरबाहिरको भूभाग भिरालो भएकाले खेलकुदका लागि थप असुविधा हुने देखिन्छ ।

सुधारगृहमा अध्ययनका लागि कक्षाकोठाको प्रबन्ध छ । भेटघाटका लागि भेटघाटकक्षको अभाव छ भने सामाजिक कार्यकता, कानुनव्यवसायीसँग गोप्य परामर्श गर्ने बन्दोबस्तको पनि कमी रहेको छ । पानीको अभाव चर्को छ । सुधारगृहका लागि ल्याइएको पानीको स्रोतको अपर्याप्तता, बीचमा पाइप काटिने समस्या छ । नुहाउनका लागि पानी उपलब्ध हुन सक्ने अवस्था छैन ।

## ३.३ विधिविधान तथा योजनाबद्ध र उत्तरदायी व्यवस्थापन

युसेप नेपालले नेपाल कानुनका मातहतमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय र गृह मन्त्रालय, कारागार व्यवस्थापन विभाग गरी नेपाल सरकारका दुई निकायसँगको पृथकपृथक सम्झौताअन्तर्गत सुधारगृह सञ्चालन गर्ने जिम्मेवारी लिएको छ । अल्पवयस्क न्यायको मापदण्डअनुरूप यस प्रतिवेदनको अगिल्लो खण्डमा उल्लिखित नेपालका कानुनी तथा नीतिगत व्यवस्था पर्याप्त छैनन् । सुधारगृहको व्यवस्थापनलाई निर्दिष्ट गर्ने नियमावली र मापदण्ड नभएको अवस्थामा सुधारगृहको सञ्चालन कारागार नियमावली र कारागारसम्बन्धी प्रचलनमा आधारित छ ।

यसले गर्दा बालबालिकाको संरक्षण र सर्वाङ्गीण विकासका लागि आवश्यक खुलापन तथा सामुदायिक अभिमुखीकरण र सुरक्षासम्बन्धी नियमबीच तालमेल देखिँदैन । त्यसले सुधारगृहका

व्यवस्थापन कर्मचारी र सुरक्षाकर्मीलाई अन्तरविरोधी जोखिमका बीचमा राखेको छ। परिणामस्वरूप यसबाट बालबालिकाको हित र सुधारका नतिजा प्रभावित हुन पुगेका छन् ।

युसेप नेपालको मुख्य कार्यालयले बालसुधारगृहको सञ्चालनार्थ केही नीतिनियम बनाएको छ। यस्ता नीतिनियममा कर्मचारीले अवलम्बन गर्नुपर्ने बालसंरक्षण नीति, सुधारगृहमा रहँदा बालबालिकाले पालन गर्नुपर्ने नियमहरू, सुधारगृहमा रहँदा गर्न नहुने कुरा र अनुशासन कायम गर्ने प्रक्रियासम्बन्धी आन्तरिक नियम पर्दछन् । यी नियमहरूको लिखित प्रति जानकारीका लागि सूचनापाटीमा टाँस गर्ने गरिए पनि बालबालिकालाई दिने परिपाटी छैन ।

बालबालिकालाई अनुशासन कायम गर्ने र अनुशासनात्मक कारबाई कसरी चलाउने र सजाय कसरी निर्धारण गर्ने वैधानिक लेखबद्ध नियम छैन । अनि, बालबालिकाले अनुशासनका विषयमा भएको सजायउपर गुनासो वा पुनर्विचार गराउने संयन्त्र र कानुनी व्यवस्था छैन । अनुशासनको कारबाईको अभिलेख गर्ने परिपाटी पनि छैन । वैधानिक रूपमा अभिलेख नराखी प्रचलनका रूपमा अपनाइँदै आइएका यस्ता नियम, प्रचलन र अभ्यासहरू सुधारगृह वा सुविधालयका अन्तर्राष्ट्रिय मापदण्डसँग केकति सुसङ्गत छन् भन्ने कुराको चाहिँ लेखाजोखा र समीक्षा हुने गरेको छैन ।

सुधारगृहका व्यवस्थापनकर्मचारीहरू महिला, बालबालिका, समाज कल्याण मन्त्रालय, कारागार व्यवस्थापन विभाग, प्रमुख जिल्ला अधिकारी, कारागार कार्यालय र अन्य सरकारी अधिकारीप्रति गृहप्रशासकमार्फत् उत्तरदायी छन्। तिनको उत्तरदायित्व बहन गर्ने दायित्व र उल्लिखित अधिकारीहरूका कार्यक्षेत्रको सम्बन्ध दर्साउने कुनै अभिलेख देखिंदैन ।

### ३.४ व्यवस्थापकीय मानवस्रोत र सक्षमता

बालबालिकाको सुधारको गुणात्मक प्रभावकारिता मूल रूपमा आवासीय सुविधालयमा उपलब्ध जनशक्तिको व्यावसायिक क्षमता र क्रियाशीलतामा निर्भर गर्छ। यस कारण सुधारका अन्तर्राष्ट्रिय कानुन तथा मापदण्डहरूले सक्षम, दक्ष र उत्तरदायी जनशक्तिको उपलब्धता सिफारिस गरेका छन् । यस अध्ययनमा पनि सो आधारमा बालसुधारगृहको सञ्चालन तथा सुरक्षामा रहेको जनशक्तिको स्थिति आकलन गर्ने प्रयास गरियो ।

बालसुधारगृहको सुरक्षातर्फ मोरङमा ११ जना, भक्तपुरमा १४ जना र कास्कीमा सात जनाको जनशक्ति कार्यरत छ। यसै गरी मोरङमा चार जना, भक्तपुरमा सात जना र कास्कीमा पाँच जनाको जनशक्तिलाई सुधारगृहको समग्र व्यवस्थापनको जिम्मेवारी सुम्पिएको पाइन्छ ।

बालसुधार गृहमा काम गर्ने जनशक्तिमा एकातिर आफ्नो विषयक्षेत्रको शैक्षिक तथा व्यावसायिक योग्यता अत्यावश्यक हुन्छ भने अर्कातिर बालअधिकार, न्याय र सुधारसँग सम्बन्धित दर्शन तथा

मूल्यमान्यताको ज्ञान र त्यसलाई व्यवहारमा रूपान्तरण गर्ने सीप आवश्यक हुन्छ । परिआएको समस्या सल्ट्याउन सक्ने क्षमता पनि यस्ता सुविधालयमा काम गर्ने जनशक्तिमा अपरिहार्य हुन्छ ।

यस आधारमा सर्वेक्षणका क्रममा संस्थागत अवस्थाका बारेमा गरिएको सामूहिक कुराकानी तथा १३ जना व्यवस्थापन जनशक्ति (वार्डेन, विमर्शकर्ता र कार्यालय सहयोगी) र नौ जना सुरक्षाकर्मीसँग लिइएको व्यक्तिगत अन्तर्वार्तासमेतबाट जानकारी लिइएको छ ।

यसअनुसार जनशक्तिले सेवा सुरु गर्नु वा सेवा सुरु गरिसकेपछि सुधार सुविधालयसम्बन्धी विशेष सीप तथा क्षमताका लागि अलग्गै तालिम नपाएको स्थिति छ । तथापि, व्यवस्थापनतर्फको जनशक्ति बालअधिकार र बालन्यायको अवधारणातर्फ अभिमुखीकृत भने भएको अवस्था छ ।

व्यवस्थापनतर्फका जनशक्तिमा सेवा सुरु गर्नुअगाडि दुई जनाले बालअधिकार र बालन्यायसम्बन्धी तालिम पाएका छन् भने ११ जनाले त्यस खालको तालिम पनि नपाईकनै सेवा सुरु गरेको पाइएको छ । सेवा गरेपछि बालअधिकार र बालन्यायसम्बन्धी तालिम यस्तो तालिम तीन जनाले पाएका छन् भने १० जनाले पाएका छैनन् । यस्तै बालबालिका वा बालमनोविज्ञान, रेखदेख, स्याहार वा सुधारसम्बन्धी भिन्दै शिक्षा वा तालिम लिएका जनशक्ति दुई जना मात्र छन् ।

लिएका तालिमको अवधि सात दिनदेखि १५ दिनबीचको देखिएको छ । सेवा सुरु गर्नु अगाडि लिएको तालिम सेवा सुरु गर्नुभन्दा पाँच वर्षभन्दा अगाडि लिएको देखिएकोले त्यसले सामान्य अभिमुखीकरण गरेका भए पनि व्यावसायिकतामै प्रभाव दिने सामर्थ्य नराखेको देखिन्छ ।

बालसुधारगृहमा प्रभावकारी व्यवस्थापनको क्षमताका लागि सुधारगृहमा कार्यरत जनशक्तिमा आवश्यक विषयवस्तु र सुधार सेवाकौशलको पर्याप्त ज्ञान, सुझबुझ र अभिवृत्तिको पनि कमी देखिएको छ । व्यवस्थापन सुरक्षाकर्मी जनशक्तिमध्येका दुई जनालाई बालमैत्री वातावरणको अवधारणा नै थाहा नभएको पाइयो । बालमैत्री वातावरणको अवधारणा थाहा हुने बताउनेले पनि बालबालिकाको हितलाई बालबालिकाले जे चाहन्छन् त्यही कुरा उपलब्ध गराउँदा मात्र बालमैत्री वातावरण हुने ठानेका छन् । धेरैले चाहिँ बालबालिकालाई निर्भयतापूर्वक आफ्ना समस्या र भावना व्यक्त गर्न सक्ने अवस्थालाई बालमैत्री वातावरण भनेर औंल्याएका छन् ।

बालमैत्री वातावरणको यो बुझाइ हुँदाहुँदै पनि अनुशासन तथा कारबाईका नाममा सुधारगृहमा शारीरिक सजायको अभ्यास भएको बुझिएको छ । यसबाट परम्परागत अभ्यास र बालअधिकार, न्याय र सुधार सुविधालयको दर्शनको लेखाजोखामा आधारित भएर सुधारगृहभित्रका व्यवहारका लागि उपयुक्त विकल्प खोज्ने र परम्परागत गलत अभ्यास घटाउनेतर्फ रचनात्मक भूमिका सुधार गृहको व्यवस्थापन जनशक्तिबाट खेलिन सकेको छैन ।

व्यवस्थापन कर्मचारी र सुरक्षाकर्मीले सुधारगृहलाई राम्रो बनाउनका लागि बालबालिकालाई व्यावहारिक ज्ञान दिने, विज्ञानको प्रयोगात्मक कक्षा चाहिने, पर्याप्त शैक्षिक तथा पाठ्यसामग्रीको प्रबन्ध हुनुपर्ने, अभिभावकसँग भेटघाट बढाइनुपर्ने, शिक्षक थप गरिनुपर्ने र तालिमप्राप्त शिक्षक हुनुपर्ने, उच्च शिक्षा हासिल गर्ने अवसर दिनुपर्ने,, समुदायमा घुलमिल गराउने व्यवस्था हुनुपर्ने, कम्प्युटर तथा खेलसामग्री उपलब्ध गराइनुपर्ने सुझाब राखेका छन् । सेवाप्रवेशमै वा सोको तत्कालै अगाडि सुधार सेवा र सीपसम्बन्धी विशेष तालिमको व्यवस्था हुनुपर्ने, कम्तीमा वर्षमा एक पटक सेवा र सीपसम्बन्धी पुनर्ताजगीको व्यवस्था हुनुपर्ने पनि उनीहरूले सुझाएका छन् ।

सुझाइएका कुरा सुधारगृहको परिमार्जनका लागि अत्यावश्यक छन् । सबै कुरा सुधारगृहको स्थानीय व्यवस्थापनबाट प्रबन्ध हुन सक्ने देखिँदैनन् । तथापि, सुधारका लागि यति राम्रा सोच सुझाउने तिनै जनशक्तिले स्थानीय तहमा आफूले पहल गर्न सक्ने कुरालाई पनि आदर्शमै सीमित राखेका छन् । उदाहरणका लागि, समुदायमा घुलमिल गराउने र अभिभावकसँगको भेटघाट बढाउने कुरालाई बाहिरको स्रोतसाधन र कार्यादेशले भन्दा पनि त्यहाँ कार्यरत जनशक्तिकै पहल र कार्यतत्परताले सार्थक बनाउने हो । यसतर्फ खास काम भएको पाइँदैन ।

सुधार गृहको प्रयोजन, उद्देश्य र यसका अपेक्षित कार्यशैलीका बारेमा व्यवस्थापन र सुरक्षा दुई खालको जनशक्तिमा एकै किसिमको बुझाइको अभाव देखिएको छ । उदाहरणका लागि, व्यवस्थापनतर्फका जनशक्तिले बालबालिकालाई नियमन गर्ने र सुधार्ने उपयुक्त उपायमा प्रभावकारी मनोविमर्श दिने, बाहिरी वातावरणसँग घुलमेल गराउने र सकेसम्म सुधारगृहभित्र पनि पारिवारिक तथा सामुदायिक वातावरण उपलब्ध गराउने कुरा औँल्याएका छन् भने सुरक्षाकर्मीतर्फको बालबालिका नियमन गर्ने उपयुक्त उपायमा सुरक्षा बढाउनुपर्ने, बढी निगरानीमा राख्नुपर्ने, आन्तरिक अनुशासनमा जोड दिनुपर्ने सुझाब देखिएको छ । यसले सुरक्षा र व्यवस्थापन दुवै तर्फको जनशक्तिलाई सुधारगृहको उद्देश्य, अपेक्षित प्रतिफल, सञ्चालन, व्यवस्थापन, सुरक्षा र सुधारका उपयुक्त कार्यक्रमसहित बालसुधार गृहसम्बन्धी स्पष्ट अवधारणा उपलब्ध गराउने साझा तालिम तथा अभिमुखीकरण आवश्यक रहेको दर्साएको छ ।

## ३.५ संस्थागत सेवाप्रवाह

### औपचारिक शिक्षा

तीन वटै बालसुधारगृहको परिसरभित्र कक्षा ५ देखि १० सम्म पढाउने प्रणाली छ । तथापि, यो सरकारका सम्बद्ध निकायहरूको समन्वयमा राज्यले व्यवस्थित गरेको स्थायी प्रणाली भने होइन । सुधारगृहमा रहेका बालबालिकालाई औपचारिक शिक्षा दिनुपर्ने दायित्व मनन गरेर सुधारगृह व्यवस्थापनकै पहलमा गरिएको तदर्थ व्यवस्था हो ।

कास्कीको सुधारगृहका लागि जिल्ला शिक्षा कार्यालयले दुई जना शिक्षक उपलब्ध गराएको छ। ती शिक्षक पनि माध्यमिक तहका नभएर प्राथमिक तहका शिक्षक हुन् जसले माध्यमिक तहका लागि आवश्यक हुने कम्तीमा छ जना शिक्षकको भार थाम्नु परेको छ। यी दुई शिक्षकको अतिरिक्त सुधारगृहले एक जना गणित तथा विज्ञान विषयका शिक्षकबाट विहानबेलुकी विद्यार्थीलाई सिकाउने बन्दोबस्त गरेको छ।

मोरङको बालसुधारगृहमा सरकारी शिक्षकको व्यवस्थाका लागि पहल भएको भए पनि सो पूरा भएको छैन। सुधारगृहले नै दुई जना शिक्षकको बन्दोबस्त गरेर पठनपाठन सुचारु गरेको छ।

भक्तपुरमा पनि जिल्ला शिक्षा कार्यालयबाट दुई जना शिक्षक उपलब्ध गराइएको छ। सुधारगृहले माध्यमिक तहका अरू तीन जना शिक्षकको बन्दोबस्त गरेर विद्यालयलाई सञ्चालित अवस्थामा राखेको छ। अन्यत्रका तुलनामा भक्तपुरमा शैक्षिक योग्यता र अनुभव हासिल गरेका शिक्षकको सङ्ख्या बढी रहेको छ।

बालसुधारगृहलाई सरकारले विद्यालयको स्वीकृति दिने र स्रोत उपलब्ध गराउने कार्य नभएबाट सबैभन्दा समस्या विद्यार्थीका लागि एसएलसी तथा उच्च माध्यमिक तहमा रजिस्ट्रेसन गर्ने र परीक्षा फारम भर्ने तथा परीक्षा गराउने कुरामा रहेको छ। स्तरअनुसार विषयगत शिक्षक नहुनु, पाठ्यपुस्तक तथा पाठ्यसामग्री अपुग रहनु, पर्याप्त पुस्तक उपलब्ध हुने गरी व्यवस्थित पुस्तकालय नहुनु, कम्प्युटर र इन्टरनेट उपलब्ध नहुनु जस्ता अवस्था कास्की र मोरङमा बढी देखिन्छन्। यसअतिरिक्त, कक्षा ११ र १२ पढ्ने विद्यार्थीले स्वअध्ययनका भरमा परीक्षा दिनुपर्ने र उनीहरूले अध्यापनबाट वञ्चित रहनुपर्ने अवस्था पनि औपचारिक शिक्षाको मुख्य समस्या रहेको छ।

**व्यावसायिक तालिम**

भक्तपुरमा युसेप नेपालले सुधारगृहमा रहनेबाहेकका मुलुकभरका न्यूनतम सुविधाविहीन बालबालिकाका लागि व्यावसायिक शिक्षा तथा प्रशिक्षण उपलब्ध गराउने गरेको छ। यसो हुनाले भक्तपुर बालसुधारगृहका बालबालिकालाई व्यावसायिक सीप सिक्ने अवसर मोरङ र कास्कीका बालबालिकाको तुलनामा बढी छ।

नमुनासर्वेक्षणमा १७ जना (४२.५%) ले व्यावसायिक सीप सिक्ने अवसर पाएका र २३ जना (५७.५%) ले सीप सिक्ने अवसर नपाएको देखिएको छ। भक्तपुरमा उपलब्ध हुने सीप सिक्ने विकल्प बढी भएकाले सीपका विषयमा विविधता देखिए पनि मोरङ र कास्कीमा सीपका विकल्प सीमित छन्। नमुनासर्वेक्षणमा सुधारगृहमा उपलब्ध सीप सिकाइका प्रकार र तिनमा सहभागिताको अवस्था यस्तो देखिएको छः

| क्र.सं. | सीप | सहभागी |
|---|---|---|
| १ | वेल्डिङ | १५ |
| २ | हाउस वाएरिङ | ५ |
| ३ | मोवाइल मर्मत | १ |
| ४ | ड्राइभिङ | १ |
| ५ | सिलाइ | १ |
| ६ | प्लम्बिङ | ५ |
| ७ | चित्रकला | १ |

सीपमूलक तालिम हासिल गर्ने कुरा सुधारगृहमा रहँदाको स्वाभाविक नियतिजस्तो मात्र देखिएको छ । तालिम लिएका बालबालिकामध्येका केहीले भविष्यमा सोही पेसा अँगालेर जीविका चल्ने सम्भावना कम देखेका छन् । सर्वेक्षणमा ११ जना (६५%) ले सीपमूलक तालिमलाई सुधारगृह छाडेपछि जीविकोपार्जनका लागि अपनाउन सकिने जनाएका छन् । ५ जना (३५%) ले चाहिँ भाविष्यमा सो व्यावसायिक सीपले जीविका चल्दैन भन्ने निष्कर्षमा पुगेको बताएका छन् ।

युसेप नेपालले प्रबन्ध गरेबाहेक सुधारगृहका बालबालिकाका लागि घरेलु तथा साना उद्योग कार्यालयअन्तर्गतको उद्यमी सीपको तालिम पनि संयोजन हुन सक्नुपर्ने हो । तर, त्यसका लागि न त युसेप नेपालले नै खोजी गरेको छ, न त जिल्लास्थित घरेलु कार्यालयले नै चाख देखाएको छ। समन्वय गर्नुपर्ने जिल्ला महिला तथा बालबालिका कार्यालयले पनि संयोजनका लागि भूमिका खेलेको छैन ।

सरोकारवालाहरूको अन्तरक्रियामा स्थानीय घरेलु कार्यालयका प्रतिनिधि अधिकारीहरूले तिनका कार्यालयबाट उपलब्ध हुने तालिम कार्यक्रमका लागि १६ वर्ष पूरा गरी नागरिकताको प्रमाणपत्र पनि प्रस्तुत हुनुपर्ने र कम उमेरवालालाई सहभागी गराउन नमिल्ने र कम्तीमा १० जनाको समूह हुनुपर्ने कार्यविधिगत सर्त रहेको बताए । तर, तालिम उपलब्ध हुन नसक्नुको कारण यो होइन किनभने तीन वटै सुधारगृहमा १६ वर्ष नाघेका १० जनाभन्दा बढी बालबालिका छन् ।

**स्वास्थ्यसेवा**

तीन वटै बालसुधारगृहमा आवश्यक र आकस्मिक चिकित्सासेवा उपलब्ध गराउने आवासीय स्वास्थ्यकर्मीको बन्दोबस्त छैन । स्थानीय कारागारसँग रहेको स्वास्थ्यकर्मीले नै चिकित्सासेवा उपलब्ध गराउने कुराको नीतिगत मान्यता राखिएको छ। यसअनुसार भक्तपुर र मोरङमा तोकिएका स्वास्थ्यकर्मीबाट हप्तामा एक पटक सुधारगृहका बालबालिकालाई स्वास्थ्यसेवा उपलब्ध गराउने गरी भ्रमण हुने गरेको छ । कास्कीमा चाहिँ यस्तो सेवा पनि उपलब्ध नभएको सर्वेक्षणका सहभागीले बताएका छन् ।

सुधारगृहको प्रवेशमा बालबालिकाको पूरा स्वास्थ्यजाँच गरी त्यसको अभिलेख गर्नुपर्ने मापदण्ड कार्यान्वयनमा छैन । साप्ताहिक रूपमा हुने स्वास्थ्यसेवा पनि जो विरामी परेको हो उसका लागि उपलब्ध हुने हो । भक्तपुरमा यसरी उपलब्ध गराइएको सेवासँग सम्बन्धित, उपचार आवश्यक परेको अल्पवयस्क, स्वास्थ्य समस्या, अस्थायी निदान र स्वास्थ्यकर्मीको निर्देश अभिलेख गरिने गरेको छ । मोरङमा अभिलेख गरिने गरेको छैन भने कास्कीमा बालबालिका विरामी भए भने सुधारगृह व्यवस्थापन आफैले अस्पताल लाने मात्र प्रबन्ध रहेको छ ।

नमुना सर्वेक्षणमा सुधारगृहमा ल्याइनासाथ तपाईंको स्वास्थ्यजाँच गराइएको थियो कि थिएन भनेर सुधारगृहका बालबालिकालाई सोधिएको थियो । सुधारगृह ल्याइनासाथ स्वास्थ्यजाँच भएको उत्तर ५ (१२%) जनाले मात्र दिए भने ३५ (८८%) जनाले प्रवेशको समयमा स्वास्थ्यजाँच नभएको उत्तर दिए । सुधारगृहमा आएपछि उपचार भएका बालबालिकामा धेरैले एक पटक उपचार भएको बताएका छन् भने केहीलाई ११ पटकसम्म उपचार आवश्यक भएको देखिएको छ । सर्वेक्षणमा सहभागी ११ जना (२७.५%) ले चाहिँ सुधारगृहमा रहँदा आफूलाई उपचार गर्नुगराउनु पर्ने अवस्था नै आइनपरेको बताएका छन् ।

**मनोविमर्श सेवा**

भक्तपुर र मोरङमा युसेप नेपालले एकएक जना मनोविमर्शकर्ताको सेवा नियमित रूपमा उपलब्ध गराएको छ । यसैले भक्तपुर र मोरङको सुधारगृहका अल्पवयस्कले कार्यालय समयमा आवश्यकताअनुसार मनोविमर्शकर्तासँग विमर्शका अवसरका लागि माग गर्न पाउँछन् ।

कास्कीको सुधारगृहमा बालबालिकालाई मनोविमर्शसेवामा कमि देखिन्छ । स्थानीय गैरसरकारी संस्था नेपाल हाउसले स्वयंसेवा स्वरूप उपलब्ध गराउने गरेको मनोविमर्शसेवा सेवा उपलब्ध गराउने संस्थाबाट बालसुधारगृह टाढा हुनु, यातायात तथा सवारी साधन नहुनु, सेवा उपलब्ध गराउने भौतिक बन्दोबस्ती सुधारगृहमा नहुनु, मनोविमर्शसेवा, प्रदान गरेको अभिलेख गर्ने परिपाटी नहुनुले सेवा न्यून र कमजोर बनाएको छ ।

मनोविमर्श सेवाको उपलब्धताले सबैभन्दा पहिला प्रत्येक बालबालिकाको मनोसामाजिक अवस्था र समस्याको लेखाजोखा गरिनुपर्छ । तीन वटै बालसुधारगृहको मनोविमर्श सेवामा यस्तो लेखाजोखा र अभिलेख गर्ने स्थिर पद्धतिको कमी छ । यस्तै प्रत्येक विमर्शसत्रमा समस्या र समाधानका अवलम्बन गर्न सिफारिस गरिएका उपायको अभिलेख गर्ने परिपाटीको अभाव छ । यस्तै सेवाले वाञ्छित परिणाम दिएपछि विमर्श सेवा निरन्तर गरिरहनु नपर्ने गरी सिफारिस गरिएका उदाहरण पाइएनन् ।

सुधारगृहमा रहेका बालबालिकाका कतिपय मनोसामाजिक प्रकृतिका समस्यालाई व्यवस्थापनमा संलग्न जनशक्तिले व्यक्तिविशेषमा रहेका समस्याको रूपमा भन्दा व्यवस्थापनको व्यवधानको रूपमा बुझ्ने गरेको अवस्था छ । तथापि, मनोविमर्श सेवा नियमित उपलब्ध रहेका मोरङ र भक्तपुरमा बालबालिकामा आक्रामकता, निराशा, हतासा (फ्रस्ट्रेसन) सन्त्रस्ता (प्यानिक डिसअडर मेनिया), असामाञ्जस्यता, अनेकाग्रता, झोक्राउने, रिसाउने, एकान्तमा बस्ने, कम बोल्ने, दिक्क मान्नेजस्ता मनोस्वास्थ्य समस्या रहको सेवादाताले ठम्याएका छन् ।

बालसुधारगृहका बालबालिकामा मनोसामाजिक समस्या हुनेको सङ्ख्या नहुनेको भन्दा बढी देखिएको छ । सुधारगृहका मनोविमर्शकर्ताका अनुसार करिव दुई तिहाइ बालबालिकामा न्यून आत्मासम्मान, औसत १५–२० जनामा चिन्ता, निराशा, विचलन, आक्रोस, झगडालुपन, छटपटी, घुलमिल हुन नसक्ने, बदलाको भावना, सन्त्रस्ताजस्ता समस्या देखिने गरेका छन् ।

सुधारगृहमा मनोविमर्शसेवादाताले ठम्याएका समस्या र समाधानका लागि अवलम्बन गरेका उपाय यस प्रकार देखिएका छन् :

| **समस्या** | **समाधानका सम्भावित उपाय** |
|---|---|
| न्यून आत्मविश्वास | आत्मबोध गराउने, अन्तरवार्ता, सचेतना |
| हतासा | समस्याको पहिचान, परिवारसँग सम्पर्क बढाउने |
| आक्रोस | नियम पालनाका फाइदाबारे छलफल |
| झगडालुपन | व्यक्तिगत र समूहगत मनोविमर्श |
| सन्त्रस्ता | ढाडस |
| अपरिपक्वता | कामको सम्भावित नतिजाबारे सजगता अपनाउन सल्लाह दिने |
| आत्महत्याको प्रयास | परिवार र जीवनको महत्त्वमा जोडदिने विमर्श |
| मनोविकार | औषधोपचारको लागि सम्बन्धित सेवामा पठाउने |
| रिस | छलफल, कारण पहिचान र सचेतना |
| उदासीनता | समूहकार्य, सचेतना, ध्यान, योग |
| चिन्ता | समूह कार्य,उत्प्रेरणमूलक तथा लक्षणमा आधारित विमर्श |
| बदलाको भावना | आत्मबोध गराउने क्रियाकलाप |
| असामाञ्जस्यता | विभिन्न क्रियाकलापमा सहभागी हुन उत्प्रेरित गर्ने |
| पढ्न गाह्रो | शिक्षाबारे सचेतना, मिल्ने साथीसँगको सहअध्ययन गराउने |
| झर्को मान्ने | परिवारिक सम्पर्क गराउने र नियमित विमर्श |

मनोविमर्शको उपलब्धता हुँदा हुँदै पनि बालबालिकाले मनोवैज्ञानिक समस्या सिर्जना गर्ने परिवेश सुधारगृहमै सामना गर्नुपर्ने गरेको छ । बालबालिकाले होच्याउने, गिज्याउने, गाली गर्ने, कुटपिट गर्ने वा अन्य खालको दुर्व्यवहारको अनुभव गरेका छन् । नमुना सर्वेक्षणमा सहभागी ३३ जना

(८२.५%) ले यस्ता व्यवहार भोगेको जनाएका छन् । उनीहरूले यस्ता मनोवैज्ञानिक चाप सिर्जना गर्ने व्यवहारमा अश्लील शब्द प्रयोग गरेर बोलाइने, हेपाइ वा उपेक्षापूर्ण हाउभाउ गर्ने, कुटपिट गर्ने, कडा वा रूखा शब्द प्रयोग गरेर थर्काउने, हपार्ने र झगडा गरी तर्साउने तरिका औँल्याएका छन् । यस्तो व्यवहार गर्नेमा क्याप्टेन, लामो अवधि बसिसकेका र उमेर बढी भएका आफूलाई उच्च वरियताको ठान्ने बालबालिकाहरू, कर्मचारी र सुरक्षाकर्मीसमेत रहेको उनीहरूले जनाएका छन् ।

मनोविमर्शसेवाको प्रभावकारिताको स्थिति जाँच्नका लागि नमुना सर्वेक्षणमा सहभागी बालबालिकालाई तपाईँ मनमा नराम्रा सोच आए वा गलत सोच आएमा चाहिँ के गर्नु हुन्छ नि भनेर सोधिएको थियो । यसमा कुनै बालबालिकाले पनि परामर्शकर्तासँग गएर सल्लाह गर्ने गरेको उत्तर दिएका छैनन् । बरु त्यस्तो अवस्थामा आत्तिने, अरूप्रति आक्रामक बन्ने, मनलाई अन्त मोड्न खेल खेल्ने, सङ्गीत सुन्ने, एक्लै बस्ने, आफैँ मुर्मुरिएर त्यत्तिकै बस्ने गरेको उनीहरूको जवाफ छ ।

यस्तै मनका भावना व्यक्त गर्नका लागि तपाईँको कुरा सुनिदिने मानिस पाउनुभएको छ ? भन्ने प्रश्नमा ३४ जना (८५%) ले कुरा सुनिदिने मानिस पाएको र ५ (१५%) जनाले नपाएको बताएका छन् । त्यस्तो कुरा सुनिदिने मानिस उनीहरूले निम्नानुसार दर्साएका छन् ।

| सुनिदिने मानिस | सहभागीसङ्ख्या |
|---|---|
| सहपाठी | ७ |
| उमेर मिल्ने साथी | ४ |
| कुरा मिल्ने साथी | २१ |
| विमर्शकर्ता | ११ |
| शिक्षक | ३ |
| वार्डेन | ९ |
| अन्य (म्यादी/क्याप्टेन/सुरक्षाकर्मी | ३ |

नमुना सर्वेक्षणमा सहभागीमध्ये मनोविमर्श सेवा नियमित पाउने २० जना (५०%) मात्र छन् । १३ जना (३२.५%) ले आफ्ना समस्या राख्ने अवसरसम्म पाएको जनाएका छन् । ११ जना (२७.५%) ले चाहिँ मनोविमर्शका लागि ठीक अवसर नपाएका बताएका छन भने र पाँच जना (१२%) ले चाहिएभन्दा कम मात्र अवसर पाएको अनुभव गरेको पाइएको छ ।

सर्वेक्षणमा सहभागीकै मनोविमर्श सेवाप्रतिको मूल्याङ्कन थाहा पाउनका लागि उनीहरूलाई तपाईँ यहाँको मनोवैज्ञानिक सेवालाई कस्तो ठान्नुहुन्छ ? भनेर सोधिएको थियो । यसको उत्तरमा १२ जना (३०%) ले प्रभावकारी मानेको २० जना (५०%) ले ठीकठीकै मानेको, दुई जना (५%) ले अपर्याप्त र २ जना (५%) ले प्रभावहीन ठानेको पाइएको छ ।

**कानुनी सेवा**

बालन्यायले फौजदारी न्यायप्रणालीको भन्दा भिन्न कानुनी सेवा र प्रतिनिधित्वको अपेक्षा गर्दछ । तिनलाई उपलब्ध हुने कानुनी प्रतिरक्षा सेवा नै तिनका कानुनी अधिकारहरूको कार्यान्वयनको दाबीकर्ता हुने भएकाले उनीहरूलाई कानुनी सेवा अपरिहार्य हुन्छ । अदालतको कार्यकक्षमा सम्पादन गरिने न्यायिक कामका लागि उपलब्ध हुने प्रतिरक्षा सेवा अल्पवयस्कका लागि पर्याप्त हुँदैन । तिनका लागि तिनलाई राखिने आवासीय सुविधाको एउटा प्रमुख अङ्गका रूपमा कानुनी परामर्श तथा प्रतिरक्षा सेवालाई हेरिने गर्दछ ।

यस आधारमा बालसुधारगृह भक्तपुरमा एक जना कानुनव्यवसायीको सेवा नियमित रूपमा उपलब्ध रहेको भए पनि मोरङ र कास्कीमा यो सुविधा उपलब्ध छैन । तीनै सुधारगृहमा रहने बालबालिकाका मुद्दा विभिन्न अदालतमा विचाराधीन रहेको अवस्थामा तत्तत् अदालतको कार्यकक्षमा उपलब्ध हुने प्रतिरक्षा सेवा र सुधारगृहको कानुनी सेवाबीच समन्वय र सहयोग आदानप्रदान हुनुपर्छ । यस्तो सम्बन्ध र समन्वयलाई निर्देश गर्ने कुनै वैधानिक व्यवस्था छैन र सहयोग आदानप्रदानको स्थापित अभ्यास पनि छैन ।

**सामाजिक सेवा**

बालन्यायलाई फौजदारी न्यायबाट अलग्याउने मुख्य तत्त्वको रूपमा कानुनका द्वन्द्वमा परेका बालबालिकाको सर्वोत्तम हित सुनिश्चित गर्ने अपरिहार्य तत्त्वको रूपमा सामाजिक सेवालाई लिइन्छ । बालबालिकासम्बन्धी ऐनमा बालइजलासमा सामाजिक कार्यकर्ता वा समाजसेवी उपस्थिति अनिवार्य गराएको छ । बालन्याय कार्यविधि नियमावलीले सामाजिक अध्ययन प्रतिवेदनको व्यवस्था गरेको छ । यसो भए पनि नियमित सामाजिक सेवा उपलब्ध हुनुपर्ने सुधारगृहका हकमा चाहिँ सामाजिक सेवाको वैधानिक व्यवस्था मौन छ ।

सामाजिक सेवाको काम सुधारगृहका कानुनीलगायत अन्य सेवाको संयोजन र समन्वय गर्ने पनि हो । यसअतिरिक्त, सामाजिक सेवा बालबालिकालाई तिनीहरू कानुनका द्वन्द्वमा परेको घटनाको प्रतिकूल प्रभावलाई कम गर्न बाहिरी संसार र तिनको पारिवारिक तथा सामुदायिक सम्बन्धमा सुधार ल्याउने कडी हो । यसो भए तीन वटै सुधारगृहको जनशक्तिको रूपमा सामाजिक कार्यकर्ताको दरबन्दी नै छैन । अन्य कुनै संस्थाले पनि सामाजिक सेवालाई स्वयंसेवाका रूपमा सुधारगृहमा उपलब्ध गराएका छैनन् ।

## ३.६ बालबालिकाप्रति गरिने व्यवहार

### सुधारगृहमा हुने व्यवहार

सुधारगृहमा बालबालिकालाई वर्ण, जातजाति, उत्पत्ति, मुद्दाको प्रकृति वा यस्तै कुनै आधार वा हैसियतका कारण भेदभावपूर्ण व्यवहार नगरिएको अवस्था व्यवस्थापनको सुन्दर पक्ष छ । तथापि, बालबालिकालाई गर्नुपर्ने व्यवहारका अन्य धेरै कुराको सुधारगृहमा अवलम्बन हुन सकेको छैन । सुधारगृहमा पुर्पक्षार्थ र सजाय पाएका दुवै खालका बालबालिका राखिएका छन् । सबैभन्दा बढी सुधारगृहमा बस्नुपर्ने गरी सजाय तोकिएकालाई पुर्पक्षमा रहेका निर्दोष मानिने बालबालिकालाई अनुशासन कायम गर्ने अख्तियारी दिइएको छ । यो व्यवस्था आफैमा बालन्यायको मान्यताविपरीत छ । तीन वटै काागारमा तथ्यतः आवश्यकताअनुसार अनुशासनात्मक दण्डभार लाद्ने अधिकारसमेत दिएर रूम क्याप्टेन, क्याप्टेन र होल क्याप्टेन औपचारिक अख्तियार दिने प्रचलन तीनै वटा सुधार गृहमा छ ।

अल्पवयस्कप्रति सुधारगृहमा गरिने व्यवहार नै उनीहरूलाई सुधार गर्ने र समाजको असल सदस्यको रूपमा पुनर्निर्माण गर्ने कडी हो । यसअनुसार सुधारगृह व्यवस्थापनको पहिलो काम तिनलाई सुधारगृहमा राखिने कारण र अवधि, सुधारगृहमा रहँदा तिनका नखोसिने अधिकार र अभ्यास गर्न पाउने तिनका स्वतन्त्रता, तिनले सुधारगृहमा रहँदा गर्न हुने व्यवहार र आचरण र गर्न नहुने व्यवहार र आचरणबारे स्पष्ट पार्नु हो । गर्न नहुने व्यवहार र आचरण गरिएमा सोबाट उत्पन्न हुने परिणाम र बेहोर्नुपर्ने थप दायित्वबारे पनि व्यवस्थापनले सुरुमै स्पष्ट पार्नुपर्ने कार्यभित्र पर्छ ।

सुधारगृह ल्याएपछि किन र कतिन्जेल राखिने भनेर २६ जना (६५%) ले जानकारी पाएको बताए भने १३ (३२.५%) जनाले जानकारी नगराइएको बताएका छन् र एक जनाले चाहिँ सो विषय याद नगरेको जनाएका छन् । यस्तै २५ जना (६२.५%) ले बालअधिकारबारे बताइएको र १५ जना (३७.५%) ले नबताइएको जनाएका छन् ।

यसरी बताइएका मुख्य कुरामा शिक्षा, खेल, तथा खानासम्बन्धी जानकारी, सुरक्षाकर्मीबाट दुर्व्यवहार नहुने, बोल्न पाइने, कुटपिट नगरिने, समयतालिकाअनुसार अनुशासनमा रहनुपर्ने, मिलेर बस्नुपर्ने, धुम्रपान गर्न नपाउने आदि देखिएका छन् ।

सुरक्षाकर्मीले कुटपिट र दुर्व्यवहार गर्दैन वा गर्न पाउँदैन भनेर उनीहरूलाई जानकारी गराउने गरेको व्यवस्थापनले जनाएको छ । तर, सुधारगृहभित्र अनुशासन कायम गर्ने नाममा शारीरिक सजाय दिने परिपाटी प्रचलित रहेकै पाइएको छ । सुधारगृहमा अनुशासन कायम गर्ने कार्यको प्रमुख जिम्मेवारी क्याप्टेनको रहेको उत्तरदाता २६ जना (६५%) बालबालिकाले बताएका छन् । बाँकीले वार्डेन,

मनोविमर्शकर्ता र सुरक्षाकर्मीले अनुशासन कायम गर्ने उत्तर दिएका छन् । अनुशासन कायम गर्ने तरिकामा आम नियमका रूपमा सम्झाउने–बुझाउने तथा थप कामको जिम्मेवारी दिने वा बोझ थपिने गरेको छ। शारीरिक सजाय दिने कुरालाई आमनियमका रूपमा अवलम्बन नगरिने गरेको भए पनि कुनै पनि बालबालिकाले सिर्जना गरेका प्रत्युत्तेजनात्मक परिस्थितिमा भाटा, लठ्ठी वा पाइपले कुटपिट गर्ने अभ्यास कायमै रहेको पाइएको छ ।

**सुधारगृह आउनुपूर्वका व्यवहार**

बालबालिकासम्बन्धी ऐन तथा बालन्याय कार्यविधि नियमावलीको व्यवस्थाले सुधारगृह आउनुपूर्व पनि न्यायसम्बन्धी निकायका कर्मचारी अधिकारीले बालबालिकाले गर्नुपर्ने व्यवहारका सर्त तोकेका छन् । सुधारगृहमा रहेका बालबालिकाले सुधारगृहआउनुपूर्व अनुसन्धान तथा अभियोजनका क्रममा कस्तो व्यवहार बेहोरेका थिए भन्ने जानकारी लिनका लागि पनि सर्वेक्षणमा बालबालिकालाई सोधिएको थियो ।

उनीहरूले दिएको उत्तरअनुसार प्रश्न उठेको घटना भएपश्चात् ३२ जना (८० %) लाई प्रहरीले, दुई जनालाई जाहेरवालाले र चार जनालाई पीडितको परिवारको सदस्यले पक्राउ गरेका थिए र तिनले सो क्रममा कुटपिट वा अन्य कुनै न कुनै प्रकारको दुर्व्यवहार बेहोर्नुपरेको बताएका छन् । दुई जनाले चाहिँ आफू आत्मसमर्पण गरी प्रहरी चौकीमा पुगेकोले सो क्रममा कुनै दुर्व्यहार नभएको बताएका छन् ।

सर्वेक्षणमा सामेल १४ जना तिनको घरैबाट, १७ जना घरनजिक छिमेकबाट, दुई जना विद्यालयबाट, दुई जना खेतबारीबाट, एक जना सीमाक्षेत्रबाट र चार जना बसपार्कबाट पक्राउ परेका देखिएको छ । १३ जना (३२.५%) उत्तरदाताले पक्राउ वा आत्मसमर्पणपछि आफूलाई हिरासत वा कारागार राखिएको जनाएका छन् ।

| क्र.सं. | हिरासत/कारागारमा राखिएको समय | बालबालिका |
|---|---|---|
| १ | १ वर्ष | १ |
| २ | ३ महिना | ३ |
| ३ | १ महिना | २ |
| ४ | ३५ दिन | २ |
| ५ | ३३ दिन | १ |
| ६ | २५ दिन | १ |
| ७ | १३ दिन | १ |
| ८ | १ हप्ता | २ |
| जम्मा | | १३ |

बालबालिकालाई सुधारगृहसम्म आइपुग्दासम्म हत्कडी वा यस्तै बन्देजको साधन प्रयोग गरेको उनीहरूले जनाएका छन् । सर्वेक्षितमा २६ जना (६५%) ले हतकडी लगाएको जनाएका छन् भने २४ जनाले हतकडी नलाएको बताएका छन् । हतकडी लगाइएका अवस्था निम्नबमोजिम रहेको छः

| क्र.सं. | हतकडी लगाइएको अवस्था | संख्या |
|---|---|---|
| १ | एक्लै | ७ |
| २ | एकभन्दा बढी हुँदा | ३ |
| ३ | बालसुधार गृहमा ल्याउँदा | १० |
| ४ | अदालत जाँदाआउँदा | १७ |
| ५ | अस्पताल जाँदाआउँदा | १ |
| जम्मा | | २६ |

बालसुधारगृहभित्र रहँदा भने बन्देजको साधन प्रयोग हुने गरेको छैन ।

## ३.७ पोषण, लत्ताकपडा र सरसफाइ

सुधारगृहमा बालबालिकालाई दैनिक ७०० ग्राम चामल र ४५ रुपैयाँ रकम हिसाबले सिदा उपलब्ध हुने गरेको छ । खाद्य संस्थानले आपूर्ति गर्ने चामलको गुणस्तर, क्यालोरी मात्रा र उपभोग्य समयावधिको निश्चितता उल्लेख गरिएको हुँदैन । बालबालिकाले भने चामल स्वादिलो र पोस लाग्ने खालको नभएको जनाएका छन् ।

कारागार नियमावलीले बन्दीलाई वर्षमा दुई पटक एक जोर लगाउने कपडा उपलब्ध गराउने कुरा निर्धारण गरेको छ । यसो भए पनि प्रायः यसको आपूर्ति निश्चित नरहने गरेको छ । उदाहरणका लागि, पोखरा सराङकोटमा कोटाअनुसारको यस्तो लुगा अध्ययनअवधिसम्म आपूर्ति नभएको पाइएको छ ।  सुधारगृहमा रहने बालबालिका पनि सोहीबमोजिमका लुगा पाउने मानिएका छन् । यसैले बालसुधारगृह व्यवस्थापनले आन्तरिक वा वैकल्पिक स्रोतबाट भए पनि यसको नियमिततालाई धान्ने प्रयास गरिआएको छ । भक्तपुर र मोरङमा यस मान्यताअनुसार लुगा उपलब्ध गराउने गरिएको भए पनि कास्कीका बालबालिकालाई हालसम्म लुगा उपलब्ध भएको छैन । यसरी दिइने कपडा बर्दी (युनिफर्म) का रूपमा उपलब्ध गराउने गरिएको छ ।

उपलब्ध गराइने लत्ताकपडामा ओड्नेओछ्याउने वा बिस्तरा पनि पर्दछ । सुधारगृहमा उपलब्ध गराइएका ओड्नेओछ्याउने सग्ला र सफासुग्घर अवस्थामै रहेको छन् । आवास, भान्सा तथा परिसरको सरसफाइ राम्रो भए पनि वातावरणमैत्री फोहर विसर्जन पद्धति भने अवलम्बन भएको छैन ।

### ३.८ समूहमा बालबालिकाः बुझाइ, प्रतिक्रिया र अपेक्षा

तीन वटै सुधारगृहका बालबालिकासँग बद्ध प्रश्नसूचीका अतिरिक्त सीमित प्रश्नमा सामूहिक छलफल गराएर पनि बालसुधारगृह तथा सम्बन्धित विषयहरूमा तिनको बुझाइ, प्रतिक्रिया र अपेक्षाहरू लिने काम गरिएको थियो । यसरी गरिएको समूहगत छलफलमा मोरङमा १३, भक्तपुरमा १३ र कास्कीमा १५ जना बालबालिका सहभागी थिए ।

समूह छलफलमा उनीहरूले सुधारगृहको जीवन निर्धारित समयमा सञ्चालन गर्नुपर्ने किसिमको रहेको र आन्तरिक नियमको पालनाको कठोरता सुधारगृहको परिचायक तत्त्व रहेको बताए । उनीहरूको दैनिकी बिहान ५ः३० देखि दिनको १५ः३० बजेसम्म कठोर समयबद्ध रहेको, १५ः३० देखि दुई घन्टाजतिको समय खेलकुद र मनोरञ्जनको स्वैच्छिक भएकाले त्यसमा उनीहरूले केही फुक्का अनुभव गर्ने गरेका छन् ।

पढाइका लागि पर्याप्त मात्रामा पाठ्यपुस्तक, शैक्षिक सामग्री र शिक्षकको कमीले प्रभावकारिता हासिल गर्न कठिन रहेको, मनोविमर्शका कारण तनाबको व्यवस्थापनमा केही सहयोग मिलेको, उपलब्ध गराइने अनुशासन र नियमसम्बन्धी जानकारीले योजनाबद्ध जीवनशैली अपनाउन सहयोग पुग्ने ठानेको उनीहरूको मूल्याङ्कन छ । उपलब्ध व्यावसायिक तालिमले भविष्यमा आफूले गर्न सक्ने गरी रुचि राखेको विषय सम्बोधन गर्न नसकेको, बालविकास क्लबको गठन र सञ्चालनबाट समूहमा काम गर्ने क्षमता बढेको, सामूहिक निर्णय गर्ने र अभिलेख गर्ने क्षमता विकास भएको उनीहरूले ठानेका छन् ।

समुदायमा फर्किएपछि केहीले वैदेशिक रोजगारमा जाने, केहीले पढाइलाई निरन्तर दिने, केहीले सिकेर कम्प्युटर तथा मोबाइल मर्मतको काम गर्ने, केहीले सरकारी जागिर गर्ने र स्वरोजगारीमा लाग्ने भनि बताए । धेरैले चाहिँ भविष्यप्रति आफू अन्योल रहेको बताए ।

मुद्दाको जानकारी नपाउने र के हुने भन्ने कुरा अनिश्चित रहनाले मानसिक तनाब हुने गरेको उनीहरूले बताएका छन् । केहीले सुधारगृहको बसाइ रचनात्मक भएको, केहीले धैर्य गर्न र आवेग नियन्त्रण गर्न सुधारगृहको वातावरण सहायक बनेको प्रतिक्रिया दिए । संयमता, आदरको भाषाको प्रयोग र नियमको पालनालाई उनीहरूले सुधारगृहमा सिकेका मुख्य कुराका रूपमा लिएका छन् । मिलनसार रहने र सहयोगी भावनाको विकासमा पनि उनीहरूले सुधारगृहको बसाइलाई यश दिने बताए ।

सुधारगृहमा चाडपर्व विशेषमा हुने सामूहिक क्रियाकलाप, नाचगानजस्ता समयलाई उनीहरूले रमाइला क्षणको रूपमा चित्रित गरेका छन् ।

भक्तपुरको सुधारगृहको परिसरभित्रको भूभागमा पनि इच्छाअनुरूप घुमफिर गर्न नदिइनु र कास्कीमा मनोविमर्शसेवा नियमित उपलब्ध हुन नसक्नुलाई आफूप्रति सुधारगृहले गरेको उपेक्षाको रूपमा लिएको पाइएको छ ।

सुधारगृहमा रहँदा परिवारका सदस्य वा आफन्त भेट्न आउँदा, खेल खेल्दा, सिकाइमा शिक्षकले प्रशंसा गर्दा, चाडपर्व, नाचगान र गीतसङ्गीतका कार्यक्रम, नयाँ कुराको जानकारी गराइँदा, सुधार गृहबाट बाहिर लगिएको अवस्थालाई उनीहरूले सुधारगृहभित्रका खुसीका क्षण मानेका छन् । कर्मचारी, क्याप्टेन र सुरक्षाकर्मीले उचित आदरसाथ सम्बोधन गर्दा पनि उनीहरूले खुसीको अनुभव गर्ने गरेको सुनाएका छन् ।

परिवारको सम्झनाले छटपटाउँदा र भेट्न नपाउँदा, खेल खेल्न नपाउँदा, कर्मचारीले हकार्दा, उपनाम राखेर बोलाउँदा, चिनारु र नातेदारको मृत्युको खबर सुन्नुपर्दा, सानो गल्तीमा ठूलो सजाय पाउँदा, विरामी पर्दा तत्काल उपचार नहुँदा, मुद्दाको बारेमा अन्योल रहेको कुरा सम्झना हुँदाका क्षण उनीहरूका लागि दुखद् क्षण बन्ने गरेको उनीहरूको प्रतिक्रिया छ । परिवारलाई फोन गर्न नपाउँदा, अरूले आफूलाई नराम्रो सोच्दा, एकै खाटमा दुईदुई जना सुत्नु पर्दा, रुचिअनुसार टेलिभिजन हेर्न नपाउँदा उनीहरूलाई दुख लाग्ने गरेको बताएका छन् । यस्तै सँगै लामो समय बसेको मिल्ने साथी छुटेर जाँदा पनि नरमाइलो लाग्छ भन्ने उनीहरूले बताएका छन् ।

शिक्षक तथा शैक्षिक सामग्री उपलब्ध होस्, भेटघाटकक्षको व्यवस्था होस् , कम्प्युटरको व्यवस्था होस्, राखनधरनका लागि दराजको बन्दोबस्त होस्, पुस्तकालयमा पर्याप्त पुस्तक हुन्, कम्तीमा ११ र १२ कक्षामा पढ्नेलाई सुधारगृहनजिकको सामुदायिक विद्यालयमा दिउँसो पढ्न जान पाउने प्रबन्ध होस् भन्ने उनीहरूको अपेक्षा छ । उनीहरूले बालसुधारगृहमा अनुकूल नहुने वयस्क कैदीबन्दीसरह लागू गरिएका नियम हटाइनुपर्ने बताएका छन् तर ती कुनकुन नियम हुन् भन्ने कुराचाहिँ उनीहरूले खुलाउन सकेनन् ।

### ३.९ समुदायमा फर्केका बालबालिका

कसुर गरेको अभियोग लागेका कारण बालसुधारगृहमा बसेर समुदायमा फर्केका तीन जना बालबालिकालाई अध्ययनका क्रममा भेटेर अन्तर्वार्ता गरिएको थियो । तीन महिनादेखि २० महिनासम्मको अवधि सुधारगृहमा गुजारेका ती तीन जना बालबालिकाले सुधारगृहमा आफूलाई किन राखिने र कतिन्जेल राखिने भन्ने विषयमा सुधारगृह व्यवस्थापनबाट आफूले ठोस जानकारी पाउन नसकेको जनाए ।

सुधारगृहमा रहँदा आफूले परिवारका सदस्य खास गरी आमा वा बुबासँग महिनामा एक पटक पाँच मिनेटसम्म फोनबाट सम्पर्क गर्ने सुविधा सुधारगृहबाट पाएको उनीहरूले बताएका छन् ।

मुद्दा पुर्पक्षका क्रममा भएको अवधिमै सुधारगृहमा रहेकाले परिवारका सदस्यले सुधारगृहमा आई भेट्ने पटक अपेक्षित रूपमा बढी रहेको बताएका छन् । तीन महिना मात्र सुधारगृहमा रहेका बालबालिकालाई पनि सुधारगृहको बसाइ–अवधिमा चार पटकभन्दा बढी परिवारका सदस्यले भेटेका थिए ।

समुदायमा फर्केका तीनै जना बालबालिकाले सुधारगृहमा रहँदा कुनै वकिल, मानवअधिकारकर्मी, चिकित्सक वा अन्य सुधारगृह अवलोकनकर्तासँग भेटघाट र कुराकानी हुन नसकेको जनाएका छन् । उनीहरू तीनै जना सुधारगृह आउनुअगाडि समुदायमा विद्यालयमा अध्ययनरत थिए । कसुरको अभियोजनका कारण उनीहरूको अध्ययनमा केही बाधा परे पनि सुधारगृहले सहजीकरण गरिदिएका कारण उनीहरूले सुधारगृहमा रहेर अध्ययनलाई निरन्तर गरे । तीमध्ये एक जनाले सुधारगृहबाटै एसएलसी परीक्षा उत्तीर्ण गरे र समुदायमा फर्केर अध्ययन निरन्तर गर्न सजिलो भएको प्रतिक्रिया दिएका छन् । तीनमध्ये एक जनाले व्यावसायिक सीप सिकेपनि समुदायमा फर्केपछि सुधारगृहमा सिकेको सीप उपयोग हुन नसकेको बताएका छन् ।

कसुरको आरोप लगाएको र सुधारगृहमा राखेको कारण आरोप लागेको कसुरसम्बन्धी घटनाका पीडित पक्षबाट आफूलाई प्रतिशोधको सन्त्रासमा पारिएको एक जनाले अनुभव गरेका छन् । अन्य दुई जनालाई भने कसुरको आरोप र सुधारगृहको बसाइको जानकारीबाट समुदायले कुनै प्रतिकूलता वा दाग सिर्जना गरेको छैन ।

सुधारगृहको बसाइलाई मूल्याङ्कन गर्दा उनीहरूले सामान्य कुलत रहेकोमा सो छुटेको सकारात्मक प्रतिक्रिया दिएका छन् । थोरै भए पनि कानुन र प्रणालीको बारेमा चेतना बढेको पनि उनीहरूको ठम्याइ छ । तथापि, आफूहरूको संलग्नता नहुँदा नहुँदै राम्रो अनुसन्धान नगरी हचुवामा आफूलाई मुछेर मुद्दा चलाएको र सुधारगृहमा थुनामा पठाइएकोले न्यायप्रणालीप्रति उनीहरू सन्तुष्ट छैनन् । एकको प्रतिक्रिया थियोः “पुलिस र अदालतले सुरुमै राम्ररी छानबिन गरेर पो थुन्नुपर्छ । एकचोटी दोष लाएर थुनेपछि पछि निर्दोष रहेछ भनेर छाडे पनि समाजले कहाँ राम्रो ठान्छ त ? खानु न बिराउनु झूटो कुराको दाग किन लाइयो ?”

बालसुधारगृहमा प्रवेश गर्दा पुरानाले नवआगन्तुक बालबालिकालाई रूखो भाषा प्रयोग गर्ने, संवेदना नदर्साउने, अत्यासमा पार्ने समस्या सुधारगृहमा रहेको उनीहरूको अनुभव छ । क्याप्टेनहरूबाट अनुशासनका नाममा गरिने कारबाई र व्यवहारको प्रतिकूल असरबारे सतर्क हुनुपर्ने उनीहरूको सुझाब छ ।

### ३.१० सामुदायिक पुनःसम्मिलनको तयारी

बालसुधारगृहमा औपचारिक शिक्षा, तथा व्यावसायिक तालिम दिनु, मानवमर्यादाको सम्मानसाथ मानवीय व्यवहार गर्नु र शारीरिक सजायलगायत दुर्व्यवहारबाट उनीहरूलाई बचाउनु पर्नाको कारण तिनको सामुदायिक पुनःसम्मिलन प्रभावकारी बनाउने र समुदायमा फर्केपछि असल नागरिक भएर प्रस्तुत हुन सक्षम बनाउने हो । यसका लागि पुनःएकिकरण, पुनःस्थापना र पुनःसामाजिकीकरणका क्रियाकलाप आवश्यक हुने भए पनि तीन वटै सुधारगृहमा यस्ता कार्यक्रम छैनन् ।

पारिवारिक पुनर्मिलन, पीडित पक्षसँग सम्पर्क गराउनेजस्ता कार्यक्रमसम्म पनि सुधारगृहमा सञ्चालित छैनन् । सुधारगृहबाट छुटे पछि बालबालिकाका अभिभावकलाई जिम्मा लगाउँदा तिनको पश्चाद्स्याहारमा केकसो गर्ने र समुदायमा घुलमिल गराउने विषयमा उपयुक्त परामर्श दिने प्रणालीको सुधारगृहमा अभाव छ ।

पारिवारिक वा अभिभावकसँगको भेटघाटसम्बन्धी व्यवस्था बालबालिकाको सुधार वा सुधारको लक्ष्यमा केन्द्रित छैन । व्यवस्थापनले बालबालिकालाई भेट्न आउन अभिभावकलाई उत्प्रेरित गर्ने गरिएको जनाएको भए पनि वयस्क कारागारमा जस्तै हप्तामा दुई दिन (शुक्रबार र शनिबार) मात्र भेटघाट गर्न सकिने सुधारगृहको घोषित नियम छ ।

यस्तो परिवेशमा पनि ४० जनामा ३२ जना (८०%) ले परिवारका सदस्यसँग भेटघाट गरेको बताएका छन् । बालसुधारगृहमा रहँदा वकिलसँग १० (२५%) जनाले, मानवअधिकारकर्मीसँग एक जनाले, स्वास्थ्यकर्मी वा चिकित्सकसँग आठ जना (२०%) ले भेटेको जनाएका छन् । यसरी सुधारगृहभित्रै सामाजिकीकरणका लागि हुनुपर्ने अन्य पेसाव्यवसायीसँगको परामर्श भेटघाट कमजोर देखिएको छ ।

यी सबै भेटघाट पुनःसम्मिलनका दृष्टिले सुधारगृहको कार्यक्रमअन्तर्गत भएका होइनन् । त्यो भेटघाट बालसुधारगृहले गरेको बन्दोबस्त वा कार्यक्रमको उपज पनि होइन अनि तिनीहरू सामुदायिक पुनःसम्मिलनको लक्ष्य हासिल गर्नका लागि भएगरेका पनि होइनन् ।

छुटकारापछि घरै फर्कने सोच भएका बालबालिका २९ (७२.५ %) देखिएको छ । यो राम्रो प्रवृत्तिको द्योतक हो ता पनि बाँकीले यसबारे सोच बनाउन नसकेको कुराले पुनःसम्मिलनका लागि कुनै पहल सुधारगृहबाट नभएको दर्साउँछ । छुटेपछि केहीले सिकेको व्यावसायिकतालाई निरन्तरता दिने, केहीले नयाँ कामको खोजी गर्ने, केहीले कृषिको काम गर्ने, केहीले जागिर खाने सोच बनाएका छन् । यसले बालबालिकाका लागि पुनःसम्मिलनको तयारी सुधारगृहमा आवश्यक भएको दर्साउँछ ।

समुदायमा फर्केका बालबालिका र अभिभावकले दिएको विवरणले पनि समुदायमा फर्काउनुपूर्वको तयारी सुधारगृहमा आकलन नहुने गरेको दर्साउँछ। समुदायमा फर्कदा पर्न सक्ने दाग वा जोखिमको आकलन गर्ने काम नहुँदा न्यायिक छुटकाराको पनि नकारात्मक सन्देश गएको उनीहरूको अनुभव छ। यसले पुनःसम्मिलनका लागि समुदायलाई तयार गर्ने काम आवश्यक छ।

## ३.११ जिल्लास्तरीय सरोकार निकायको चासो र प्रत्युक्ति

मोरङ, भक्तपुर र कास्की तीनै जिल्लाका प्रशासनिक, सुरक्षा, अदालत, शिक्षा, घरेलु तथा साना उद्योग, वैतनिक कानुन व्यवसायी, नेपाल बार एसोसिएसन, महिला तथा बालबालिका कार्यालय र बालबालिकाको क्षेत्रमा कार्यरत संस्थाका प्रमुख तथा प्रतिनिधिसँग पनि अध्ययनका क्रममा अन्तरक्रिया गरिएको थियो। छलफलका सहभागीहरूबाट बालसुधारगृहको स्थिति र थप परिमार्जन गर्नुपर्ने पक्षका बारेमा व्यक्त गरेका मुख्यमुख्य विचार, टिप्पणी र प्रतिक्रिया यस्ता थिएः

- बालसुधारगृहका बालबालिकाको शिक्षाका लागि नजिकका विद्यालयबाट फर्म भराउने कुरामा समस्या रहने गरेको छ। यसैले सुधारगृहमै विद्यालय कोटा स्वीकृत गरी विद्यालय सञ्चालन गर्ने प्रबन्ध मिलाउनुपर्छ। वैकल्पिक रूपमा खुला विद्यालयको स्वीकृति र सञ्चालनबारे सोच्नु उपयुक्त हुन्छ। यसलाई महिला बालबालिका तथा समाजकल्याण र शिक्षा मन्त्रालयको अन्तरमन्त्रालय सहकार्यबाट निश्चित गरिनुपर्छ।
- बालसुधारगृहको हालको व्यवस्थापन गैरसरकारी संस्थाबाट भएको र सो संस्थासँग महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयबाट र कारागार व्यवस्थापन विभागबाट सम्झौता हुने गरेकोमा यसलाई परिवर्तन गर्नुपर्छ। बालसुधारगृहको प्रकृति कारागारसँग मेल खाँदैन। जिल्लामा महिला तथा बालबलिका कार्यालय सञ्चालनमा रहेकाले बालसुधारगृहलाई सोही कार्यालयअन्तर्गत राखिनुपर्छ। सुधारगृहलाई उपलब्ध गराइने सरकारी वित्तीय तथा कार्यक्रमिक स्रोतसाधनको संयोजन महिला तथा बालबालिका कार्यालयले नै गर्नुपर्छ।
- सुधारगृहमा रहेका बालबालिकालाई घरेलु तथा साना उद्योगसम्बन्धी तालिममा सहभागी गराउनका लागि घरेलु तथा साना उद्योग विभागले कार्यविधिमा बालसुधारगृहका हकमा १४ वर्ष पूरा भएको र नागरिकता नभएका व्यक्तिलाई समावेश गर्न सकिने र १० जना भन्दा कमलाई पनि तालिम दिन सकिने व्यवस्था थप गरिदिनुपर्छ।
- पाँच विकास क्षेत्रमा एकएक सुधारगृह अपरिहार्य हुन्छ। हरेक विकास क्षेत्रमा रहेको सुधारगृहको क्षमता बढी रहेको हुनुपर्छ। जिल्लास्तरमा बनिने बालसुधारगृहहरू पुर्पक्षका सिलसिलामा राख्नुपर्ने बालबालिकालाई पर्याप्त हुने गरी बनाइनुपर्छ। हरेक क्षेत्रमा बालिकालाई पनि राख्न मिल्ने व्यवस्था गरिनुपर्दछ।

- सुधारगृहमा जिल्लाबाहिरका बालबालिका पनि रहने हुनाले सुधारगृहमा आउने बालबालिकाको न्यायमा पहुँचको समस्यालाई सम्बोधन गर्ने भिन्दै कार्यक्रम आवश्यक छ ।
- बालसुधारगृहको सञ्चालन, सुरक्षा, सेवा र सुविधाको मापदण्ड निर्धारण गरी सोहीअनुसार बालबालिका ऐनअन्तर्गत नियमावली बनाइनुपर्छ ।
- सुधारगृहमा बसेका बालबालिकाको सुधारको प्रगति विचार गरी सुध्रिएका बालबालिकालाई बाँकी सजाय स्थगित गर्ने र सुपरिवेक्षणमा छाडिदिने अभ्यास अगाडि बढाइनुपर्छ ।
- १६ वर्ष पुगेकालाई राख्न छुट्टै युवा सुधारगृहको व्यवस्था गरिनुपर्दछ ।
- बालसुधारगृहमा उपलब्ध गराउनुपर्ने जिल्लास्तरीय अन्तरनिकाय सहयोग तथा सेवाको समन्वय जिल्ला महिला तथा बालबालिका कार्यालयबाट गरिनुपर्छ । सो अनुसार सम्बन्धित निकायले पनि आवश्यक सेवा र सहयोग उपलब्ध गराउनुपर्छ ।
- सुधारगृहमा बालबालिकाका लागि कम्प्युटर र इन्टरनेटको सुविधा दिनुपर्छ र सुपरीवेक्षणमा तिनको प्रयोग गराइनुपर्छ ।
- मनोविमर्श सेवा, सामाजिक सेवा, कानुनी सेवा र परामर्शका लागि सुधारगृहमा जनशक्तिको स्थायी बन्दोबस्त र स्रोतसाधन उपलब्ध गराइनुपर्छ ।
- बालबालिकाको क्षेत्रमा काम गर्नुपर्ने अन्तरनिकाय जनशक्तिमा बालन्याय र बालअधिकारको आधारभूत ज्ञान हुने अवस्था सिर्जना गरिनुपर्छ । यसका लागि सुधारगृहका कर्मचारी र सेवादाता निकायका सम्बन्धित कर्मचारीलाई बालबालिको सर्वोत्तम हित, बालन्याय, सुधारगृह, सुधार तथा पुनःसम्मिलनका अवधारणा स्पष्ट बनाउने तालिम, गोष्ठी तथा अन्तरक्रियमा सहभागी गराइनुपर्छ ।
- वयस्कसाथ मुद्दामा परेका बालबालिकालाई बालइजलासबाटै भिन्दै सुनवाइ गरिने र मुद्दा हेरिने व्यवस्था गरिनुपर्छ ।

### ३.१२ बालबालिकाका अभिभावक : चासो र प्रत्युक्ति

अध्ययनको क्रममा सुधारगृहमा रहेका र समुदायमा फर्केका दुवै खाले बालबालिकाका अभिभावकसँग पनि अध्ययनका क्रममा कुराकानी गरिएको थियो । खुला ढाँचामा गरिएको कुराकानीका क्रममा उनीहरूले अभियोग लागेको र सुधारगृहमा राखिएबाट आफ्ना बालबालिकामा त्यसको प्रतिकूल र अनुकूल दुवै खालको प्रभाव परेको बताएका छन् ।

छोरा सुधारगृहमा रहँदा न्याम्रिएको, उनमा मानसिक समस्या देखा परेर उपचार नै गराउनुपरेको एक अभिभावकले बताएका छन् । तथापि, परिवारमा फर्केपछि स्थिति सुध्रिएकोले कसुर गरेकै

बालबालिकालाई पनि सुधारगृहमा नराखी समुदायमै रहेर जिम्मेवारी पूरा गराउने दिशामा काम हुन सके राम्रो हुने उनी ठान्छन् ।

सुधारगृहमै रहेको एक अल्पवयस्कका परिवारका सदस्यहरूले चाहिँ पढाइ राम्रो हुँदाहुँदै असम्बद्ध घटनामा मुछेर उनको छवि र भविष्यमा न्यायप्रणालीले खेलबाड गरेको गुनासो गरेका छन् । सुधार गृहमा बालबालिका बिरामी पर्ने, सुधारगृहले उपचारको बन्दोबस्त गर्न नसक्ने र उपचार गराउन अभिभावकलाई लाउने कुराले परिवारमा थप चिन्ता बढाएको उनीहरूको प्रतिक्रिया छ ।

मुद्दा पुर्पक्षको क्रममा सुधारगृहमा राखेर पछि सफाइ दिई समुदायमा फर्काइएका एक बालबालिकाका अभिभावकले हालको अनुसन्धान र पुर्पक्षको प्रणाली सोझालाई फसाउने र चतुरा कसुरदार उम्काउने रणनीतिले चलेको बताए । उनले भनेः “एक जनाले गरेको कसुरमा प्रहरीले १० जनालाई समायो, अदालतले पनि सुरुमा सुधारगृहमै राख्नुपर्छ भन्यो । पछि निर्दोष भनेर छाडेर के गर्नु ? लाग्ने दाग लागिहाल्यो” । आफ्नो सन्तानलाई अनाहकको आरोप लगाइदिएकोमा उनले राज्यप्रति रूष्टता व्यक्त गरे । आपराधिक घटनाबाट पीडित पक्षलाई पुगेको अपूरणीय क्षतिप्रति उनलाई धेरै दुख लागेको छ ।

# ४. निष्कर्ष र सुझाव

अध्ययनका लागि प्राप्त कार्यादेश र अवलम्बित अध्ययनविधि, समीक्षा गरिएका वाङ्मय, कानुनी व्यवस्था, बालअधिकार, न्याय र सुधारसम्बन्धी विश्वव्यापी रूपमा ग्रहण गरिएका मान्यता एवं अध्ययनमा सहभागी बालबालिका, समुदायमा फर्केका बालबालिका, बालबालिकाका अभिभावक सुधारगृहका कर्मचारी, सरोकारवाला निकायका प्रमुख तथा प्रतिनिधिका दृष्टिकोण, विचार र सुझावका आधारमा यस अध्ययनको निचोड र सुझाव यस प्रकार छः

## ४.१ **निष्कर्ष**

नेपाल सरकारले उपलब्ध गराएका र युसेप नेपालले संयोजन गरेका स्रोतसाधनका आधारमा सञ्चालित बालसुधारगृहहरूको स्थापना तथा सञ्चालन आफैमा एक उपलब्धि हो । मुलुकका तीन ठाउँमा तिनको स्थापना तथा सञ्चालन हुनाले कानुनका द्वन्द्वमा परेका बालबालिकालाई वयस्क कसुरदारसँगको छ्यासमिसे बसाइबाट पर्न सक्ने प्रतिकूल प्रभावबाट जोगाउने महत्त्वपूर्ण काम भएको छ । यसले बालबालिकालाई तिनको समुदायको केही नजिकमा रहेर सच्चिने वातावरण प्रदान गरेको छ । बालबालिकाका अभिभावकलाई भेटघाटका लागि तुलनात्मक रूपमा सहज अवसर प्रदान गरेको छ ।

औपचारिक बर्दीमा सुरक्षाकर्मी नरहनु, समुदायले आवासीय विद्यालयको अर्थमा लिने गरी सञ्चालन गरेर कसुरदारको दाग लाग्ने कुराबाट बालबालिकालाई जोगाउन प्रयास गरिनु सुधारगृह सञ्चालनका सबल पक्ष रहेका छन् । त्यति हुँदाहुँदै पनि विद्यमान अवस्थामा सुधारगृहसँग सम्बन्धित कानुनी, नीतिगत र संयन्त्रगत अस्पष्टता, विद्यमान अनुकूल कानुनी तथा नीतिगत व्यवस्थाकै कार्यान्वयनको कमी र अभ्यासमा व्यावहारिक कमीकमजोरी देखिएका छन् । प्रभावकारी बालसुधारगृहको लक्ष्य हासिल गर्न परिमार्जन गर्नुपर्ने विषयवस्तुसँग सम्बन्धित निरूपण भएका निष्कर्षहरू निम्नानुसार छन्ः

- बालसुधारगृहहरूका भवन तथा भौतिक संरचनाहरू बालमैत्री हुनुपर्ने देखिन्छ । सवारी साधनको अभाव र अपर्याप्तता, विराटनगरको ढलको बन्दोबस्त तथा वैकल्पिक ऊर्जा, पोखरामा वैकल्पिक ऊर्जा तथा टेलिफोनको प्रबन्ध, तीनै ठाउँमा खेलकुद, पुस्तक र कम्प्युटरलगायतका भौतिक सामग्रीको यथोचित व्यवस्था गर्नुपर्ने अवस्था छ ।
- कारागारका बन्दीले सरह सिदा पाउनु, बालबालिका भागेमा कारागार ऐन नियमका व्यवस्था लागू हुने अवस्था हुनु, पुर्पक्षमा रहेका बालबालिका र दायित्वनिदान भएका दुवै खालका बालबालिकालाई छुट्टाछुट्टै नराखिनु, क्याप्टेनका नामबाट चौकीदार प्रथा कायम रहनु बालसुधार

गृहको सञ्चालनमा कारागारशैलीको अवलम्बनका उदाहरण हुन् । यसरी बालसुधारगृहको सञ्चालन र व्यवस्थापन अद्यापि कारागार व्यवस्थापन शैलीमा छ ।

- बालसुधारगृहलाई परिचालन गर्नुपर्ने राष्ट्रिय कानुन आपसमै सुसङ्गत हुन सकेका छैनन् । बालबालिका ऐन र कारागार ऐनको तर्जुमाको पृष्ठभूमि, ऐतिहासिक समयक्रम र उद्देश्य नै तालमेल नखाने अवस्थाका छन् । यसले व्यवस्थापनमा रहेको जनशक्तिलाई अन्योलमा राखेको छ । बालसुधारगृहहरु उद्देश्यानुरुप सञ्चालन हुनुपर्ने देखिन्छ ।
- युसेप नेपालले महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय र कारागारव्यवस्थापन विभागसँग सम्झौता गरेर सञ्चालनको जिम्मेवारी लिएको भए पनि सार्वजनिक-निजी साझेदारीको घोषित वैधानिक प्रबन्ध छैन । सुधारगृहको योजनातर्जुमादेखि व्यवस्थापनसम्मको जिम्मेवारीका लागि बालबालिकासम्बन्धी नियमावली २०५१ को दफा १६ ले निर्दिष्ट गरेको भए पनि तथ्यतः सो नियमावलीको नियम १५ क्रियाशील नहुनाले नियम १६ पनि स्वतः निष्क्रिय रहेबाट व्यवस्थापन तदर्थ स्वरूपको देखिएको छ । युसेप नेपालले बालन्याय र बालअधिकार तथा बालसुधारगृहको सञ्चालनका लागि विकसित अन्तर्राष्ट्रिय कानुनी मापदण्डको अनुसरण गरी बालसुधारगृहका लागि आवश्यक मापदण्ड, विनियमावली तथा सूचकहरू विकास गरेको छैन । यस्तो संस्थागत विनियमावलीको अभावको कारण बालसुधारगृहको सञ्चालनमा खटाइएका अधिकारी तथा कर्मचारीको काम, कर्तव्य, अधिकारको किटानी गरिएको छैन ।
- बालसुधारगृहमा संलग्न जनशक्ति बालमैत्री सुधारगृहको अवधारणा, सुधारगृहमा बालबालिका राखिनुको उद्देश्य र त्यहाँ गरिनुपर्ने सुधारमूलक कार्य तथा समुदायमा उनीहरूलाई फर्काउनका लागि गर्नुपर्ने तयारीसँग सम्बन्धित दर्शन तथा अन्तर्राष्ट्रिय कानुनी मापदण्डका व्यवस्थाप्रति सजग र सचेत छैनन् ।
- बालसुधारगृहको विषयलाई लिएर जिल्लास्थित सेवादायी निकायहरूको अन्तरनिकाय बैठक नियमित रूपले बस्ने गरेको छैन । स्थानीय सुधारगृहका सेवा, अवसर र समस्याको आवधिक लेखाजोखा गरिने गरेको छैन । बालसुधारगृहको अत्यावश्यक तत्त्व मानिएको सामाजिक सेवा, मनोविमर्श र कानुनी सेवा तथा परामर्शको प्रबन्ध तीन वटै सुधारगृहमा परिपूर्ण छैन । बालसुधार गृहका बालबालिकाको औपचारिक शिक्षाको औपचारिकीकरण समस्या ग्रस्त छ । सुधारगृहमै विद्यालय सञ्चालन भएको भए पनि विद्यालय तथा शिक्षक कोटा स्वीकृत गरी विद्यालय सञ्चालन भएको छैन । ११ तथा १२ कक्षा पढ्नुपर्ने अल्पवयस्कको सोसम्बन्धी औपचारिक शिक्षामा पहुँच छैन । समय र युगसापेक्ष शिक्षाका लागि सो उमेरसमूहका लागि अत्यवश्यक हुने कम्प्युटर तथा इन्टरनेट सुविधाबाट बालबालिका वञ्चित छन् । जिल्लामा महिला तथा बालबलिका कार्यालय सञ्चालनमा छ । यसको कार्यक्षेत्रभित्र बालसुधारगृहको व्यवस्थापन, अनुगमन, सुपरिवेक्षणसम्बन्धी जिम्मेवारी स्पष्ट गरिएको छैन ।

- सुधारगृहमा उपलब्ध गराइने विभिन्न किसिमका व्यावसायिक सीप सिक्ने अवसर भक्तपुरमा मात्र उपलब्ध छ । अन्यत्र व्यावसायिक तालिमको सहभागिता समय कटाउने साधनको रूपमा मात्र बालबालिकाले लिएका छन् । सबै सुधारगृहमा सहभागी हुने बालबालिकाको पेसागत रुचि, भविष्यमा पेसा अपनाउने सम्भावनाको पूर्वाकलन गरेर यस्ता तालिम सञ्चालन गरिएका छैनन् । घरेलु तथा साना उद्योगसम्बन्धी तालिमको स्थानीय अवसरबाट सुधारगृहका बालबालिका वञ्चित छन् ।
- सुधारगृहको बालबालिका राख्ने क्षमता निर्धारणको आधार स्पष्ट छैन । हाल मानिएको क्षमताका आधारमा क्षमताभन्दा बढी बालबालिका रहेका छन् ।
- सुधारगृहमा रहेका बालबालिकाको मनोसामाजिक समस्याको प्रारम्भिक लेखाजोखा व्यवस्थित नगरी देखा परेको व्यवहारको अवलोकन वा व्यक्त गरेको लक्षणका आधारमा सेवा उपलब्ध छ । कस्तो सहयोगात्मक वा उपचारात्मक हस्तक्षेप गर्ने भन्ने कुराको सुव्यवस्थित दिशा निर्धारण गरी सेवा उपलब्ध हुन सकेको छैन । यसले मनोसामाजिक सेवाको व्यावसायिक परिपूर्णतामा कमी देखाएको छ । कास्कीको बालसुधारगृहको हकमा मनोविमर्श सेवा अत्यन्त न्यून छ ।
- सुधारगृहमा रहेका बालबालिकाको मुद्दा विभिन्न जिल्लामा रहेको र कानुनी सेवा र परामर्शको समन्वय नभएकोले तिनको न्यायमा पहुँचको अवस्था दयनीय छ । सुधारगृहमा सामाजिक तथा कानुनी सेवाको नियमित उपलब्धता नभएका कारण कानुनी, सामाजिक, स्वास्थ्य तथा मनोसामाजिक सेवाको समन्वयबाट हुनुपर्ने काम हुन सकेका छैनन् । यसको नतिजास्वरूप सुधार गृहमा आएपछिको परिस्थितिगत परिवर्तनले समुदायमा सुपरिवेक्षणमा छाड्न सकिने बालबालिका पनि पुर्पक्षको नाममा सुधारगृहमै रहेका छन् । यसबाट सुधारगृहमा आएपछि पनि बालबालिका ऐन २०४८ को दफा ५० (१) अनुसार समुदायमा फर्काउने पुनर्विचारका लागि अदालतसमक्ष अनुरोध गर्ने प्रणाली क्रियाशील नै हुन सकेको छैन ।
- यस्तै मुद्दाको किनारा भई दायित्व वहन गराउने क्रममा राखिएका अल्पवयस्कको हकमा पनि सुधारगृहमा बसेर निजमा आएको परिवर्तन तथा निजले गरेको बिजाइँबाट स्थानीय सामुदायमा परेको असरबारे अध्ययन तथा विचारविमर्श गर्ने गरिएको छैन ।
- सुधारगृहमा १६ वर्ष पूरा भएको व्यक्ति पनि रहन सक्ने व्यवस्था कारागार नियमावलीले गरेको र बालबालिकाको सिदासुविधा पनि कारागारअन्तर्गत नै उपलब्ध हुने गरेकाले स्थानीय सेवादायी निकाय, सुधारगृह व्यवस्थापन र समुदायले सुधारगृहलाई कारागारकै एक अङ्गका रूपमा लिने गरेको छ ।
- अल्पवयस्क अवस्थामा गरिएको बिजाइँ अपराध नहुने भएकाले बिजाइँलाई अपराधको अभिलेखमा नराखिने र पटक गणना नगरिने कानुनी व्यवस्था छ । यसको अर्थ सुधारगृहमा दायित्ववहन गर्न तोकिएको अवधि बाँकी रहेमा १६ वर्षमाथिको कसैलाई पनि कारागार नपठाउने

हो । तर कारागार नियमावलीको सुधारगृहमा १६ वर्ष पूरा भएपछि पनि अल्पवयस्क राखिन सक्ने व्यवस्था छ । यसअनुसार वयस्कताको सङ्क्रमणमा रहेका बढी उमेरका युवालाई राख्ने भिन्दै सुविधालय नभएका कारण अहिले पनि सुधारगृह प्रशासकले कठिन ठानेका १६ वर्षमाथिका अल्पवयस्कलाई कारागारमा पठाउने गरिएको छ । यसबाट कठिन ठानिएर कारागार पठाइएका अल्पवयस्कको मानवअधिकारको हनन हुन पुगेको छ ।

- कारागार ऐन नियमको मातहतको निकायका रूपमा हेरिँदाहेरिँदै पनि सो ऐन नियमले निर्देश गरेको सुधारमूलक कार्यक्रमचाहिँ सुधारगृहमा लागू गरिएको छैन । सामुदायिक सेवाको व्यवस्थालाई सुधारगृहका हकमा कार्यान्वयनमा ल्याउने प्रयास गरिएको छैन ।

## ४.२ सुझाव

सम्पन्न गरिएको अध्ययनको ठम्याइहरूका आधारमा बालसुधारगृहलाई प्रभावकारी बनाउनका लागि निम्नानुसारका सुझाबहरु कार्यान्वयनका लागि सिफारिस गरिएको छः

**कानुनी व्यवस्थाः**

- बालसुधारगृहको सञ्चालन, सुरक्षा, सेवा र सुविधाको मापदण्ड निर्धारण गरी सोहीअनुसार बालबालिका ऐनअन्तर्गत नियमावलीबाटै बालसुधारगृहको सञ्चालन गरिनुपर्छ । सोका लागि बालबालिकासम्बन्धी नियमावली वा बालन्याय कार्यविधि नियमावलीमा प्रावधान थप गरेर वा बालसुधारगृह व्यवस्थापनसम्बन्धी अलग्गै नियमावली यथाशीघ्र तर्जुमा गरी लागू गरिनुपर्छ ।
- बालबालिकासम्बन्धी ऐन २०४८ र कारागार ऐन २०१९ तथा नियमावली २०२० मा रहेका बालन्याय र बालबालिकाको सुधारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनी मापदण्ड र मान्यताअनुकूल प्रावधानलाई एकीकृत गरी नयाँ कानुनी व्यवस्था गरिनुपर्छ र अन्तरविरोधयुक्त अवस्थाको अन्त्य गरिनुपर्छ । यसका लागि बालसुधारगृह सञ्चालन कार्यविधि २०५७ संशोधन गरी कार्यान्वयन गर्ने तथा सरोकारवालासमेत स्पष्ट हुने किसिमको बालसुधारगृह सञ्चालन नियमावली जारी गरी लागू गरिनुपर्छ ।
- बालबालिकासम्बन्धी ऐनको दफा ५० बमोजिम समुदायमा तत्काल फर्काउन सिफारिस हुन नसक्ने र लामो अवधि सुधारगृहमै रहनुपर्ने बालबालिकालाई कम्तीमा पनि वर्षमा एक पटक उनीहरू पुनःस्थापित हुनुपर्ने समुदायको अवस्थाका बारेमा जानकारी उपलब्ध गराउने र उपयुक्तता हेरी पूर्वतयारीका लागि छोटो अवधि समुदायमा गई फर्कन पाउने गरी बिदाको व्यवस्था मिलाइनुपर्छ ।
- बालसुधारगृह स्थापना र सञ्चालन भैसकेका जिल्लामा बालबालिका नियमावलीको नियम १५ बमोजिम व्यवस्थापन समिति गठन गरेर क्रियाशील गरिनुपर्छ । यस्तो समितिमा अन्य कुराको अतिरिक्त, सदस्यसचिवको भूमिका जिल्ला महिला तथा बालबालिका कार्यालयका महिला विकास अधिकृतको हुने व्यवस्था गरिनुपर्छ ।

- सुधारगृहमा बसेका बालबालिकाको सुधारको प्रगति विचार गरी सुध्रिएका बालबालिकालाई बाँकी सजाय स्थगित गर्ने वा सुपरिवेक्षणमा छाडिदिने अभ्यास अगाडि बढाइनुपर्छ ।
- भिन्नभिन्न कानुनले विभिन्न सरोकारवालाहरुलाई अनुगमन, सुपरिवेक्षण, निरीक्षण र निर्देशन गर्ने अधिकार प्रदान गरे पनि बालबालिकासम्बन्धी ऐन २०४८ र बालबालिकासम्बन्धी नियमावली २०५१ ले सोको मुख्य अभिभारा केन्द्रीय बालकल्याण समितिलाई दिएको छ । यसैले बालसुधार गृहको अनुगमन, निरीक्षण र निर्देशन गर्ने सबै निकायले निरीक्षण गर्दा पाएका निष्कर्ष र दिइएका निर्देशनको एक प्रति केन्द्रीय बालकल्याण समितिलाई उपलब्ध गराउने परिपाटी बसाउनुपर्छ ।
- अनुशासनात्मक सजायको रूपमा अपवादजनक परिस्थितिमा समेत कुटपिटलगायतका कुनै पनि किसिमका शारीरिक सजाय दिने कुरालाई पूर्णतः निषेध गरिनुपर्छ । अनुशासनात्मक कारबाई र सजायको विवरण लेखबद्ध हुनुपर्छ । यस्तो सजाय गरिँदा सफाइको उचित मौका दिने तथा गरिएको सजाय सो निर्धारण गर्ने अधिकारीभन्दा कम्तीमा एक तहमाथिको उच्च अधिकारीबाट पुनर्विचार भएपछि मात्र कार्यान्वयन गरिने प्रणालीलाई कढाइसाथ लागू गरिनुपर्छ । ऐनको दफा ५० को कारबाई वा अन्य माफीमिनाहासम्बन्धी मूल्याङ्कनमा यसलाई आबद्ध गर्नुपर्छ ।
- सुधारगृहमा बालबालिकाको अधिकार उल्लङ्घन वा अतिक्रमण गर्ने वा उनीहरूउपर ज्यादती गर्ने कर्मचारीलाई अनुशासनात्मक कारबाई चलाई सजाय गरिने कुरा सुनिश्चित पारिनुपर्छ ।

**मानवीय संसाधन तथा क्षमता विकासः**

- बालसुधारगृहको व्यवस्थापनमा रहने अधिकारी, कर्मचारी तथा सेवादाता जुनसुकै जनशक्तिलाई पनि तिनको अभिभाराको स्पष्ट रेखाङ्कन र सीमाङ्कन गरिनुपर्छ । तिनको कार्यवृत्तान्तमा तिनले गर्नुपर्ने कार्य, प्रतिवेदन गर्ने अधिकारी, अनुगमन तथा सुपरिवेक्षण अधिकारीसमेत खुलाइनुपर्छ । उनीहरूलाई अन्तर्राष्ट्रिय मान्यता, कानुन र मापदण्डसहित बालसुधारगृह सञ्चालनसम्बन्धी नीतिनियम र मापदण्ड उपलब्ध गराई बालअधिकार, बालन्याय, सुधारगृह, सुधार तथा पुनःसम्मिलनका अवधारणा स्पष्ट बनाउने तालिम, गोष्ठी तथा अन्तरक्रियामा सहभागी गराइनुपर्छ । साथै, कर्मचारी तथा सुरक्षाकर्मीको फेरबदलैपिच्छे यी बिषयहरुबारे जानकारी दिनु पर्दछ ।
- हरेक बालसुधारगृहमा कम्तीमा एक जना सामाजिक तथा मनोविमर्श सेवा दिने कार्यकर्ता र कानुनी सेवा उपलब्ध गराउने एक जना कानुनव्यवसायीको आवश्यकता अनुसार सेवा प्रदान गर्ने व्यवस्था गरिनुपर्छ ।

**भौतिक तथा अन्य सामग्रीको व्यवस्थाः**

- बालसुधारगृहहरूका भवन तथा भौतिक संरचनाहरूको मर्मतसुधार गरिनुपर्छ । खेलकुद सामग्री, कम्प्युटरलगायतका भौतिक प्रबन्ध गरिनुपर्छ । विराटनगरको ढलको बन्दोबस्त तथा वैकल्पिक ऊर्जा, पोखरामा वैकल्पिक ऊर्जा तथा टेलिफोनको प्रबन्ध यथाशीघ्र गरिनुपर्छ ।

- बालसुधारगृहमा कारागारमार्फत उपलब्ध गराइएको लगाउने लुगा एकै किसिमको हुने र युनिफर्मजस्तो देखिने अवस्था छ । कुनै पनि अल्पवयस्कलाई सुधारगृहबाहिर लानुपर्दा यस्तो उर्दीवाला पोसाक लगाएर लगिनु हुँदैन ।
- हालको बालसुधागृहको बाह्य सुरक्षामा रहेका नेपाल प्रहरीका सुरक्षाकर्मी बिनाबर्दीमा रहेको भनिए पनि बर्दीकै प्रहरीको पहिचान हुने किसिमको सञ्चार सेट, ज्याकेट आंशिक रूपमा सुधार गृहभित्रै प्रयोग हुने गरेको छ । नेपाल प्रहरीले यसमा परिवर्तन ल्याई कम्तीमा बालसुधारगृहमा खटिने सुरक्षाकर्मीलाई गैरवर्दीको पोसाक उपलब्ध गराउने व्यवस्था मिलाउनुपर्छ ।

**शैक्षिक तथा सीप सिकाइसम्बन्धी व्यवस्था:**

- बालसुधारगृहमा कम्तीमा माध्यमिक तहको औपचारिक शिक्षा व्यवस्थापन र तदनुरूप शिक्षक दरबन्दी र अन्य सरसुविधाको व्यवस्था शिक्षा मन्त्रालय, शिक्षा विभागले अविलम्ब मिलाइदिनुपर्छ।
- सुधारगृहमा बालबालिकाका लागि कम्प्युटर र इन्टरनेटको सुविधा दिनुपर्छ र सुपरीवेक्षणमा तिनको प्रयोग गराइनुपर्छ । यसको तात्पर्य बालबालिकालाई विश्वव्यापी सूचना सञ्जालका तरङ्गमा असीमित पहुँच दिनुपर्छ भन्ने होइन । शिक्षक वा वार्डेनजस्ता अख्तियारीप्राप्त अधिकारीका निगरानी र सुपरिवेक्षणमा भविष्यको तयारीका लागि इन्टरनेटसम्मको पहुँच प्रदान गरिनुपर्छ ।
- बालसुधारगृहमा उपलब्ध गराइने शिक्षा तथा व्यावसायिक तालिमलाई भावी सामुदायिक जीवनको तयारीका रूपमा हेरिने हुनाले साझा किसिमका आधारभूत जीवनकौशल (खाना बनाउने, सरसफाइ गर्ने, वातावरण, स्वास्थ्यका जीवनोपयोगी शिक्षा) र सीप उपलब्ध गराइनुपर्छ।
- कृषि, करेसाबारी र फूलबारीको व्यवस्थापन, तरकारी खेती यस्ता आधारभूत कौशलभित्र पर्ने कुरा भएकाले कम्तीमा मोरङमा बालसुधारगृहको परिसरभित्रको खाली जमिनमा र भक्तपुरमा बालसुधारगृह परिसरसँग जोडिएको युसेप नेपालको खेतीयोग्य जमिनमा तरकारी तथा फूल/फलफूल खेतीमा अल्पवयस्कहरूलाई क्रियाशील गराइनुपर्छ ।
- तीनै जिल्लामा घरेलु तथा साना उद्योग कार्यालयको सहयोगमा घरेलु तथा कुटिर उद्योगसम्बन्धी तालिम उपलब्ध गराई अल्पवयस्कलाई भविष्यमा आयआर्जन गर्ने क्षमताको सीपविकासको अवसर दिइनुपर्छ ।

**अन्य व्यवस्था:**

- कम र बढी उमेरका बालबालिकालाई फरक कोठामा राख्ने अभ्यासका अतिरिक्त पुर्पक्षमा रहेका र दायित्वबहनमा रहेका अल्पवयस्कलाई पनि भिन्दाभिन्दै राख्ने प्रबन्ध मिलाइनुपर्छ ।
- सुधारगृहको आवासीय जीवनका लागि पालन गर्नुपर्ने नियम तथा अनुशासन बालबालिकालाई प्रवेशमा राम्ररी बताइनुपर्छ । हाल प्रचलनमा राखिएको क्याप्टेन प्रणालीलाई क्लब वा समिति

प्रणालीद्वारा प्रतिस्थापित गरिनुपर्छ । पुर्पक्षमा रहेका र सजायस्वरूप राखिएका बालबालिकालाई अलगअलग क्लब वा समितिमा राखी क्रियाशील गराइनुपर्छ । क्लबमा रहेर गरिएको काममा सम्बन्धित बालबालिकाले देखाएको लगाव, सीप तथा सिकाइ, र कौशलको नियमित मूल्याङ्कन गर्ने प्रणाली विकास गरिनुपर्छ ।

- बालबालिकाउपर हुन सक्ने कुनै पनि अनुशासनात्मक कारबाई वार्डेन/सुधारगृहको व्यवस्थापक र गृहप्रशासकबाट मात्र गरिने र त्यसउपर पनि पुनर्विचार हुने व्यवस्था गरिनुपर्छ ।
- बढी उमेर समूहका अल्पवयस्कलाई कारागार पठाउने कुरा अल्पवयस्क न्यायको मर्म, मान्यता र उद्देश्यकै प्रतिकूल हुने भएकाले ठूलो उमेर समूहका अल्पवयस्कको लागि बैकल्पिक व्यवस्थापन गरिनु पर्दछ ।
- सुधारगृहमा रहेका अल्पवयस्क र तिनका अभिभावकको सम्पर्क र भेटघाटको मात्रा बढाइनुपर्छ । हाल महिनामा एक पटक फोनबाट कुराकानी गर्न दिइने कुरालाई थप गरिनुपर्छ । इमेल तथा पत्राचार गर्नका लागि उनीहरूलाई उत्प्रेरित गरिनुपर्छ ।
- सबै सुधारगृहमा कम्तीमा वकिल, चिकित्सक तथा परिवारका सदस्यसँग भेटघाटका लागि भिन्दै भेटघाटकक्ष राखिनुपर्छ । यस्तो भेटघाटकक्षमा हुने कुराकानीको गोपनीयता सुनिश्चित हुनुपर्छ ।
- सुधारगृहका अल्पवयस्कहरूलाई कम्तीमा महिनामा एक पटक समुदायमा घुलमिल हुने अवसर सिर्जना गर्नुपर्छ । यसका लागि उनीहरूलाई समुदायको उपयोगी र कल्याणकारी काममा सहभागी गराउने कुरा सहयोगी हुन सक्छ ।
- **केन्द्रीय बालकल्याण समितिले** पनि आफूले गरेगराएका निरीक्षण तथा मार्गदर्शनको प्रति निरीक्षणकारी अन्य निकाय वा अधिकारीलाई उपलब्ध गराउने गर्नुपर्छ । सो समितिले कम्तीमा वर्षमा एक पटक यस्ता निरीक्षण तथा अनुगमनकारी निकाय वा अधिकारीहरू एकैसाथ बसेर निरीक्षण तथा निर्देशनहरूको समीक्षा गर्ने कुरालाई नियमित कार्यक्रमकै रूपमा अवलम्बन गर्नुपर्छ ।
- सुधारगृहमा रहेका बालबालिकाको व्यक्तिगत अभिलेख, स्वास्थ्यजाँच, सामाजिक स्थिति विवरण, मनोसामाजिक लेखाजोखाको विवरण व्यवस्थित तरिकाले राखिनुपर्छ । यसको समयसमयमा अनुगमन र सुपरिवेक्षण गरिनुपर्छ ।
- बालसुधारगृहमा उपलब्ध गराउनुपर्ने जिल्लास्तरीय अन्तरनिकाय सहयोग तथा सेवाको समन्वय जिल्ला महिला तथा बालबालिका कार्यालयबाट गरिनुपर्छ । सोअनुसार सम्बन्धित निकायले पनि आवश्यक सेवा र सहयोग उपलब्ध गराउनुपर्छ ।

**सन्दर्भसामग्रीः**


अजर नेपाल (२०६६), ***फौजदारी कानुनका द्वन्द्वमा परेका बालबालिकाको स्वच्छ पुर्पक्षः कानुनी संरक्षणको कार्यान्वयन र गरिएका व्यवहार;*** काठमाडौँ : न्याय तथा अधिकार वकालत मञ्च (अजर) नेपाल ।

काकिव्यस (२०७०), ***नेपाल नियम संग्रह खण्ड*** ४, काठमाडौँः नेपाल सरकार, कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय, कानुन किताब व्यवस्था समिति ।

काकिव्यस (२०६८), ***नेपाल ऐन संग्रह खण्ड*** ४, काठमाडौँः नेपाल सरकार, कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय, कानुन किताब व्यवस्था समिति ।

केबाकस र अजर नेपाल (२०६५), ***बालन्याय प्रणालीमा पुनर्लाभात्मक न्यायपद्धतिको प्रयोग*** (तालिम-सञ्चालन मार्गदर्शन), केन्द्रीय बालकल्याण समिति र न्याय तथा अधिकार वकालत मञ्च अजर नेपाल अप्रकाशित ।

जुभिनाइल करेक्सन्स (२०१५), http://definitions.uslegal.com मा अवलोकित ।

बान्यासस (२०७१), ***बालन्यासम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूको संग्रह;*** ललितपुर : बालन्याय समन्वय समिति सचिवालय ।

बोम, रोबर्ट एम र हेली केइथ एन (१९९८), ***एन इन्ट्रोडक्सन टु क्रिमिनल जस्टिस,*** न्यू योर्कः ग्लेन्कोइ एमसी ग्रो हिल ।

भट्टराई, रवीन्द्र (२०७१), ***बालन्याय र प्रतिरक्षा सेवा,*** काठमाडौँः न्याय तथा अधिकार वकालत मञ्च (अजर) नेपाल ।

भट्टराई, रवीन्द्र र थापा, रोमबहादुर (२०६७), (सं.), ***जुभिनाइल जस्टिस टर्म्स, अ ग्लोसरी,*** ललितपुरः केन्द्रीय बालकल्याण समिति ।

मबासकम (२०६९), ***बालबालिकासम्बन्धी राष्ट्रिय नीति २०६९,*** महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय www.ccwb.gov.np मा अवलोकित ।

मैनाली, लक्ष्मीप्रसाद (२०१४ सन्), ***अ क्रिटिकल स्टडी अन जुभिनाइल जस्टिस इन नेपाल,*** त्रिभुवन विश्वविद्यालयसमक्ष प्रस्तुत विद्यावारिधि शोधपत्र (अप्रकाशित) ।

युनिसेफ (२००६), ***जुभिनाइल जस्टिस इन नेपाल सेरिज २,*** एसेसमेन्ट अफ चिल्ड्रेन एन्ड यङ पर्सन्स इन प्रिजन्स, करेक्सन होम एन्ड पुलिस कस्टडी इन नेपाल । www.un.org.np/node/10479 मा अवलोकित

सीआरसी (२००७), ***जेनेरल कमेन्ट नं.१०*** (२००७), कन्भेन्सन अन द राइट्स अफ द चाइल्ड, कमिटी अन द राइट्स अफ द चाइल्ड, सीआरसी/सी/जीसी/१०, २५ अप्रिल २००७ ।

शर्मा, सन्तोष (२०१२ सन्), ***प्रिभेन्टिभ इफेक्ट्स अफ करेक्सनल मिजर्स अन जुभिनाइल डेलिक्वेन्सीः अ स्टडी अफ नेप्लिज कन्टेक्स्ट,*** पूर्वाञ्चल विश्वविद्यालयसमक्ष प्रस्तुत स्नातकोत्तर शोधपत्र (अप्रकाशित) ।

## पारिभाषिक शब्दावली

| शब्द/शब्दावली | अर्थ |
|---|---|
| **अल्पवयस्क :** Juvenile | अठार वर्षभन्दा कम उमेरमा कानुनविपरीत कार्य गरेको आरोप लागेको वा कानुनका द्वन्द्वमा परेको व्यक्ति; वयस्क नहुँदै कुनै कसुर गरेको शङ्का गरिएको, आरोप लगाइएको वा दोषनिरूपण गरिएको व्यक्ति । |
| **अल्पवयस्क न्यायः** Juvenile Justice | अठार वर्षभन्दा कम उमेरमा कानुनविपरीत कार्य गरेको आरोप लागेको वा कानुनका द्वन्द्वमा परेको व्यक्ति; वयस्क नहुँदै कुनै कसुर गरेको शङ्का गरिएको, आरोप लगाइएको वा दोषनिरूपण गरिएको व्यक्तिसँग सम्बन्धित न्यायप्रणाली । |
| **सुधार/सुधार संस्थापनाः** Correctional Institution | कसुर गरेर दोषनिरूपित अल्पवयस्कलाई तिनले गरेका कार्यलाई फौजदारी कसुर नमानी बिजाइँ वा उपद्रो गरेको अर्थमा लिई तिनलाई/तिनको व्यवहारलाई सच्याउने उद्देश्यका साथ बाहिरफेर घुमफिर वा अन्य कामकुरामा भौतिक रोकटोक वा नियन्त्रण रहने गरी निर्माण गरिएको संरचना तथा कर्मचारीको बन्दोबस्त रहेको संस्थापना । यस्ता संस्थापनाले अल्पवयस्कलाई शिक्षा, तालिम र अन्य अवसर उपलब्ध गराएर सच्याउने काम गर्दछन् । |
| **विचलित व्यवहारः** Deviant Behaviours | अभिभावकको सुपरिवेक्षणमा रहने, अनुशासित भएर व्यवहार गर्ने, शुद्ध र शिष्ट भाषाको प्रयोग गर्ने, उद्यमशील रहने वा मेहनत गर्ने, र अभिभावक तथा अग्रजको आज्ञाको पालना गर्नेजस्ता परिवार वा समुदायबाट (बालबालिकासँग) अपेक्षितभन्दा भिन्न खालका अन्य व्यवहार, अस्वाभाविक वा सामान्यतः गलत मानिने व्यवहार; बालबालिकाले गर्ने समाजविरुद्धका व्यवहार, यसमा बिजाइँ, उपद्रो वा कसुर समेटिन्छन् । |
| **अर्धसंस्थापनागत बन्दोबस्तः** Semi Institutional Arrangements | अल्पवयस्कलाई सुधारगृह वा सुधार संस्थापनामा राखेर तिनलाई सच्याउने कार्यलाई कैदसजायको रूपमा नलिई तिनलाई संस्थापनाबाट एकै पटक कैदमुक्त गरेजस्तो नगरी, संस्थापनागत बसाइबाट समुदायमा फर्काउने प्रक्रियाका रूपमा कठोर सुरक्षाबाट क्रमशः लचिलो सुरक्षा रहेका वा खुला खालका संरचनामा राख्ने बन्दोबस्त । यस्ता बन्दोबस्तमा दिवाशिक्षा केन्द्र, तालिमकेन्द्र वा समुदायका विद्यालयमा अल्पवयस्कलाई पठाउने खालका बन्दोबस्त पर्दछन् । बेइजिङ नियमावलीको नियम २९ ले अल्पवयस्कको सामुदायिक पुनःसम्मिलनका लागि यस्तो बन्दोबस्त अपनाउन सिफारिस गरेको छ । |
| **परीक्षणीय छुटकाराः** Probation | पहिलो पटक कसुर गरेको अभियोग लागेको अल्पवयस्कलाई तैनाथी थुना वा सुधार संस्थापनामा नराखी समुदायका जिम्मेवार सुपरिवेक्षण अधिकारीको सुपरिवेक्षणमा रहने गरी गरिएको छुटकारा । यसरी परीक्षण छुटकारामा रहेको अल्पवयस्कले तोकिएको अधिकारीको सुपरिवेक्षणमा रहेर सामुदायिक जीवन बिताउन पाउँछ । यसो गर्दा उसले तोकिएअनुसार त्यस्तो अधिकारीलाई आफ्ना क्रियाकलापको प्रतिवेदन गर्नुपर्छ । |
| **प्रतिभरणः** Restitution | अल्पवयस्क कसुरदारले गरेको कसुरबाट पीडित भएको व्यक्तिलाई हर्जाना वा आसुँपुछाउनीस्वरूप उपलब्ध गराउने, मौद्रिक वा वस्तुगत शोधभर्ना, प्रतिभर्ती । |

| | |
|---|---|
| **दोषनिरूपितः**<br>Convict/Convicted | फौजदारी कानुनविपरीत कार्य गरेको अभियोग प्रमाणित भएको कसुरदार वा अल्पवयस्क । |
| **सुविधालयः**<br>Facilities | अल्पवयस्कको स्याहार, संरक्षण, उपचार र परिष्कृत गर्ने वा सच्याउने उद्देश्यले स्थापना र सञ्चालन गरिएको भौतिक संरचना र मानवीय व्यवस्थापनसमेत रहेको संस्थापना वा प्रणाली; सुविधालयमा तैनाथी, गैरतैनाथी अल्पवयस्क सुधार/सुधारगृह, उपचारकेन्द्र, शिक्षालयहरू पर्दछन् । |
| **तैनाथी थुनाः**<br>Secure Detention | अल्पवयस्कलाई सुरक्षाघेराभित्र रहने गरी बाह्य क्रियाकलाप र हिँडडुलमा रोक लगाइएको थुना । |
| **तैनाथी आवासीय सुविधालयः**<br>Secure Residential Facilities | अल्पवयस्कलाई सुरक्षाघेराभित्र रहने गरी बाह्य क्रियाकलाप र हिँडडुलमा रोक लगाइएको आवासीय सुविधालय |
| **अर्धमार्गस्थ गृहः**<br>Halfway Homes | तैनाथी आवासीय सुविधालयमा राखिएको अल्पवयस्कलाई समुदायमा पुनःस्थापना गर्ने तयारीस्वरूप गैरतैनाथी स्वरूपको शिक्षालय, विद्यालय वा तालिमकेन्द्रमा सरिक गराउनका लागि सरिक हुने अवधिमा रहनेबस्ने आवासगृह । |
| **परिग्रहणः**<br>Apprehension | कानुनविपरीत कार्य गरेको शङ्का गरिएको वा आरोप लागेको वा कानुनका द्वन्द्वमा मानिएको अल्पवयस्कलाई गिरफ्तार गर्ने, पक्रने, नियन्त्रण वा सुरक्षामा लिने कार्य । |
| **रेखदेखगृह/ थुना केन्द्रः**<br>Remand Home/Detention Centre | कानुनविपरीत कार्य गरेको शङ्का गरिएको वा आरोप लागेको वा कानुनका द्वन्द्वमा मानिएको अल्पवयस्कलाई अनुसन्धान वा पुर्पक्षका लागि रेखदेखमा राख्ने बन्दोबस्ती, अल्पवयस्कको रेखदेखगृह/कक्ष । |
| **निदान केन्द्रः**<br>Diagnostic Centre | कानुनविपरीत कार्य गरेको शङ्का गरिएको वा आरोप लागेको वा कानुनका द्वन्द्वमा मानिएको अल्पवयस्कमा रहेका शारीरिक वा मानसिक समस्याको पहिचान, निदान तथा उपचारका लागि राखिने बन्दोबस्ती, अस्थायी उपचारगृह । |
| **गैरतैनाथी थुना/सुविधालयः**<br>Non-secure Detention | अनौपचारिक सुरक्षाको बन्दोबस्त रहेको, अल्पवयस्कलाई दिनको समयमा समुदायका क्रियाकलापमा सक्रिय हुन पाउने अवसर दिलाउने र रातका समयमा मात्र तोकिएको आवासीय क्षेत्रमा रहनुपर्ने किसिमको सुरक्षाप्रणाली लचिलो बनाइएको थुना वा सुविधालय । |
| **सरसङ्गातीः**<br>Peers | अल्पवयस्कको सामाजिकीकरण प्रक्रियामा नियमित रूपले सहचर्यमा रहेका, सङ्गतका दौँतारी, दामलीहरू । |

| | |
|---|---|
| **अध्यालेखः**<br>Instrument | बहुपक्षीय सन्धिसम्झौताका रूपमा मान्यता पाउने पक्षकालागि बन्धनकारी हुने वा बन्धनकारी हुने किसिमका नभए पनि सदस्य वा पक्ष राष्ट्रका नाताले तिनको पालना र कार्यान्वयन गर्नुपर्ने अन्तर्राष्ट्रिय, अनुबन्ध, महासन्धि, नियमावली, प्रलेख वा यस्तै प्राधिकारयुक्त आलेखहरू । मानवअधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघका विभिन्न निकायबाट जारी भएका विश्वव्यापी मापदण्ड उपलब्ध गराउने, घोषणापत्र, महासन्धि, प्रोटकल, नियमावली र मार्गदर्शनहरू मानवअधिकार अध्यालेख हुन् । |
| **गैरबन्धनकारीः**<br>Non-binding | पालना वा लागू गर्न बाध्य हुने प्रावधान नरहेको, लागू गर्न कर नलाग्ने । |
| **अनुबन्धः**<br>Convention | महासभा, सम्मेलन वा यस्तै बहुपक्षीय प्रतिनिधिले साझा रूपमा पालना गर्ने गरी जारी गरेको सन्धिसम्झौता । |
| **प्रतिमानकः**<br>Normative | व्यवहार वा आचरणका मान, मानक वा मापदण्ड स्थापना गर्ने, तीसँग सम्बन्धित वा तिनबाट उत्पन्न भएका । |
| **प्रविष्टिः**<br>Entry | प्रवेश, भर्ना वा भित्र्याउने कार्य । |
| **तहकिकातः**<br>Investigation | अनुसन्धान, सोधखोज तथा दसी प्रमाणहरूको सङ्कलनको काम । |
| **निवारक प्रभावः**<br>Preventive Effect | सम्भावित रोकथामकारी प्रभाव, बिजाइँ गर्नबाट हतोत्साहित गर्ने किसिमको प्रभाव |
| **सत्तटासन्नताः**<br>Vulnerability | जोखिम, खतराको सम्भावनाको दृष्टिले कमजोर वा निम्छरो अवस्था; निकटमा सङ्कट, जोखिम वा खतराको सम्भावनाले युक्त अवस्था । |
| **बद्ध प्रश्नावलीः**<br>Closed Questionnaire | प्रश्नका सम्भावित उत्तरहरूका विकल्प सूचित गरिएको प्रश्नहरूको सूची |
| **प्रत्युक्तिः**<br>Responses | फर्काइएको उत्तर, जवाफ वा प्रतिक्रिया; कुनै पनि प्रश्न वा सवालमा जनाइएको सरोकार वा भनाइ । |
| **कार्यवृत्तान्तः**<br>Job Descriptions | संस्थागत व्यवस्थापन वा कार्यप्रणालीमा तोकिएको पदमा रहेको पदाधिकारी वा कर्मचारीले गर्नुपर्ने विषयगत कामको फाँटवारी वा विवरण; सम्पादन गर्नुपर्ने जिम्मेवारीको स्पष्ट वर्णन गरिएको विवरण; गर्नुपर्ने काम, पूरा गर्नुपर्ने अभिभारा र उत्तरदायित्व खुलाइएको पत्र । |

## अनुसूची १

# बालसुधारगृहको स्थिति परिमार्जनका लागि

# प्रस्तावित कार्ययोजना

| क्रसं | कार्य | लागत अनुमान (रु) | कार्यकारी निकाय | स्रोत तथा सुपरिवेक्षण निकाय |
|---|---|---|---|---|
| **भौतिक व्यवस्था** | | | | |
| | मोरङमा ढल निकायको व्यवस्था | ७,००,००० | युसेप नेपाल | मबासक मन्त्रालय/ केबाकस |
| | भक्तपुर, मोरङ र कास्कीमा भेटघाट कक्षको निर्माण, आवश्यक फर्निचर र फर्निसिङको व्यवस्था | २७,००,००० | युसेप नेपाल | केन्द्रीय बालकल्याण समिति |
| | मोरङ र कास्कीमा वैकल्पिक ऊर्जा जडान | ४,००,००० | युसेप नेपाल | केन्द्रीय बालकल्याण समिति |
| | मोरङ र कास्कीमा पुस्तक, शैक्षिक सामग्री र कम्प्युटर तथा इन्टरनेटको व्यवस्था | १०,००,००० | युसेप नेपाल | केन्द्रीय बालकल्याण समिति |
| **नियमावलीको व्यवस्था तथा केन्द्रीयस्तरको योजना तर्जुमा तथा कार्यान्वयन** | | | | |
| | कम्तीमा निम्नानुसारका विषय समेटिएको बालसुधारगृह सञ्चालन नियमावलीको तर्जुमा र लागू गर्ने व्यवस्थाः<br>● बालसुधारगृहको भौतिक बन्दोबस्तीको न्यूनतम मापदण्ड;<br>● बालसुधारगृहको सञ्चालन, सुरक्षा, व्यवस्थापन, कर्मचारीको दरबन्दी तथा सेवासर्त तथा सुविधा;<br>● निरीक्षण, सुपरिवेक्षण तथा प्रतिवेदनसम्बन्धी व्यवस्था;<br>● बालबालिका उपलब्ध हुने सेवा, सुविधा, तालिम, शिक्षा र आवासीय जीवनमा पालन गर्नुपर्ने सर्तहरू, अनुशासनसम्बन्धी व्यवस्था, गुनासो र उजुर गर्ने प्रणाली;<br>● बालबालिकालाई उपलब्ध हुने, सामाजिक सेवा, परिवार तथा समुदायसँगको सम्बन्ध व्यवस्था गर्ने कार्यक्रम;<br>● सुधारगृहमा रहेर सामुदायिक सेवामा जान पाउने व्यवस्था;<br>● सुधारगृहभन्दा बाहिरको विद्यालयमा अध्ययन गर्न पाउने व्यवस्था; | | मबासक मन्त्रालय/ केन्द्रीय बालकल्याण समिति | नेपाल सरकार |

| क्रसं | कार्य | लागत अनुमान (रु) | कार्यकारी निकाय | स्रोत तथा सुपरिवेक्षण निकाय |
|---|---|---|---|---|
| | जिल्लामा बाल रेखदेखगृह (रिमान्ड होम) र क्षेत्रीयस्तरमा बालसुधारगृहको निर्माण तथा सञ्चालन (बालबालिकासम्बन्धी नीति २०६९) | | मबासक मन्त्रालय /केबाकस | नेपाल सरकार |
| | बालसुधारगृहमा औपचारिक शिक्षाका लागि शिक्षकको व्यवस्था | | शिक्षा मन्त्रालय, शिक्षा विभाग | नेपाल सरकार/ मबासक मन्त्रालय |
| **विद्यमान व्यवस्थाको सक्रिय कार्यान्वयन** | | | | |
| | बालसुधारगृह व्यवस्थापन समितिको गठन तथा कार्य सञ्चालन, एवम् स्थानीय सेवा निकायबीचको समन्वय | ६,००,००० (वार्षिक) | मबासक मन्त्रालय, युसेप नेपाल र महिला तथा बालबालिका कार्यालय, मोरङ, भक्तपुर र कास्की | मबासक मन्त्रालय |
| | सामाजिक सेवा, मनोविमर्श सेवा, कानुनी सेवाका कार्यढाँचा, कार्यान्वयन निर्देशिकाको विकास एवं उपलब्ध रहेका सेवाहरूको सुपरिवेक्षण, समन्वय र मार्गनिर्देशनको व्यवस्था | २५,००,००० (वार्षिक) | केन्द्रीय बालकल्याण समिति | मबासक मन्त्रालय |
| | अनुगमन निरीक्षण समन्वय | १५,००,००० (वार्षिक) | केन्द्रीय बालकल्याण समिति | मबासक मन्त्रालय |
| | बालसुधारगृह सुरक्षा, व्यवस्थापन तथा सेवाप्रवाह साझा प्रशिक्षण | २७,००,००० (वार्षिक) | केन्द्रीय बालकल्याण समिति | मबासक मन्त्रालय |
| | बालसुधारगृह दिग्दर्शनको विकास तथा प्रकाशन | ९,००,००० (वार्षिक) | केन्द्रीय बालकल्याण समिति | मबासक मन्त्रालय |
| | तीन जना सामाजिक कार्यकर्ता, दुई जना कानुनअधिकृत र एक जना मनोविमर्शकर्ताको आवश्यक सेवाको व्यवस्था गरी तिनको अभिलेखको चुस्तदुस्त व्यवस्थापन | १५,००,००० (वार्षिक) | युसेप नेपाल | मबासक मन्त्रालय /केबाकस |
| | तरकारी/फूलबारी विकास तथा जैविक फोहरबाट मल व्यवस्थापन | ५०,००० | युसेप नेपाल | केन्द्रीय बालकल्याण समिति |

| क्रसं | कार्य | लागत अनुमान (रु) | कार्यकारी निकाय | स्रोत तथा सुपरिवेक्षण निकाय |
|---|---|---|---|---|
| | बालबालिकाको आचरणगत सुधार तथा अनुशासन कायम गर्ने मापदण्ड, सूचक तथा पद्धतिको विकास र कार्यान्वयन | | युसेप नेपाल | केन्द्रीय बालकल्याण समिति |
| | क्लब वा समिति प्रणालीद्वारा क्याप्टेन प्रणाली प्रतिस्थापन गरी बालबालिकाउपर बालबालिकाबाटै हुने नियन्त्रणको अन्त्य | | युसेप नेपाल | केन्द्रीय बालकल्याण समिति |
| | व्यवस्थापनबाट उपलब्ध गराइएको पोसाकको विद्यालय समयमा मात्र प्रयोग गराउने | | युसेप नेपाल | केन्द्रीय बालकल्याण समिति |
| | अपवादजनक अवस्थामा समेत कुटपिटलगायत कुनै पनि शारीरिक सजाय नहुने कुराको सुनिश्चितता | | युसेप नेपाल | केन्द्रीय बालकल्याण समिति |
| | बालबालिकाउपर अनुचित वा खराब व्यवहार गर्ने कर्मचारीउपर कारबाईको प्रणाली विकास र कार्यान्वयन | | युसेप नेपाल | केन्द्रीय बालकल्याण समिति |
| | बालबालिकाले पालन गर्नुपर्ने नियम, अनुशासनका लागि अपनाइने उपाय, नियमविपरीत कार्य गरे हुने परिणाम र बहन गराइने दायित्व, दायित्व निर्धारण गर्ने अधिकारी, निजको निर्णयउपर गुनासो गर्ने ठाउँ वा अधिकारी, पुनर्विचार र अन्तिम निर्णय र कार्यान्वयन एवं आवासीय जीवनमा रहँदाका अहरणीय अधिकार र कुनै अधिकारको उल्लङ्घन भएमा उपचारको व्यवस्था र त्यसमा प्राप्त हुने सहायताका बारेमा लिखित तथा श्रव्यदृश्य माध्यममार्फत जानकारी दिने अभ्यासको कार्यान्वयन | | युसेप नेपाल | केन्द्रीय बालकल्याण समिति |

# परिशिष्टहरू

*परिशिष्ट १*

## असल बालसुधारगृहका परिसूचक

- अन्तिम उपायस्वरुप र न्यूनतम आवश्यक अवधिका लागि र अपवादजनक प्रयोग,
- बालबालिकाप्रति निर्विभेदपूर्ण समान व्यवहार,
- कानुनी, स्वास्थ्य, मुद्दा तथा अनुशासन कारबाईको अवस्थासहित गोपनीयता कायम राखिएको अद्यावधिक अवस्थाको व्यक्तिगत विवरणको अभिलेख

  क. पहिचानसम्बन्धी जानकारी;

  ख. थुनामा राखिनुको तथ्य र कारणसहितको आदेश र सोको अख्तियारी;

  ग. थुनामा लिइएको, स्थानान्तरण र मुक्त गरिएको तिथिमिति र समय;

  घ. प्राप्त आदेशअनुसार तिनको ख्यालका लागि थुनामा लिएको, स्थानान्तरण र मुक्त गरिएको हरघटनाको बाबुआमा वा संरक्षकलाई दिइएको जनाउको विवरण;

  ङ. लागू तथा मादक पदार्थको दुर्व्यसनसहित ज्ञात शारीरिक र मानसिक स्वास्थ्यसमस्याको विवरण ।
- थुनामा लिइएलगत्तै निजलाई आवश्यक पर्ने रेखदेख र कार्यक्रमको खास प्रकार र तह पहिचानका लागि स्वास्थ्यजाँच तथा मनोवैज्ञानिक र सामाजिक प्रतिवेदन
- उनीहरूको खाँचो र प्रभावकारी सुधारका लागि गरिनुपर्ने वर्गीककरण र तदनुरुपको कार्यक्रम र व्यवहार
- थुनागत सुविधाका सरसुविधाका प्रारुप र भौतिक वातावरण, अल्पवयस्कको गोपनीयता, ज्ञानेन्द्रिय संवेदना, साथीसङ्गातिसँग घुलमिलको अवसर, खेलकुद, कसरत र फुर्सदको समयका क्रियाकलापका खाँचाहरूमा उचित ध्यान पुग्ने गरी आवासीय व्यवस्था
- आगलागी आदि आपत्कालीन अवस्थामा सहज अवतरणको प्रबन्ध
- सामूहिक शयनकक्ष वा व्यक्तिगत कोठाहरूमा सुत्ने बन्दोबस्त
- सुतेका बेला सुताइलाई व्यवधान नहुने गरी सामूहिक शयनकक्ष र व्यक्तिगत कोठाहरूको नियमित र शिष्ट सुपरिवेक्षणको प्रबन्ध,
- छुट्टाछुट्टै र पर्याप्त ओड्ने ओछ्याउने भएको ओछ्यान र तिनको सफाइ र प्रतिस्थापन (फेरबदल) को नियमितता ।
- व्यक्तिगत पालन हुने गरी बालमैत्री र सहज भान्सा, चर्पी तथा स्नानकक्ष तथा सरसफाइसम्बन्धी सरसाधन र पूर्वाधार

- व्यक्तिगत सरसामानको अधीन र भोगचलनमा गोपनीयताको पालना र राखनधरनका लागि पर्याप्त ठाउँको प्रबन्ध,
- रूपैँयापैसा तथा व्यक्तिगत सम्पत्तिको संरक्षण र छुटेर जाँदा फिर्ता पाउने व्यवस्था
- व्यक्तिगत लुगाफाटाको प्रयोग, सुविधास्वरुप उपलब्ध गराइने लत्ताकपडा र सरसफाइको नियमिततासम्बन्धी व्यवस्था
- उपयुक्त तवरले तयार पारिएको खाना, खाना खाने सामान्य समयमा पाउने र उपलब्ध गराएको खानामा पर्याप्त मात्रामा पोषण, सरसफाइ र स्वास्थ्यको मापदण्डअनुसारको गुणस्तर र मात्राको रहेको र सम्भव भएसम्म, धार्मिक तथा सांस्कृतिक खाँचासँग अनुकूल रहने कुरा निश्चित पार्ने प्रबन्ध
- जुनसुकै समयमा पनि चाहेअनुसार स्वच्छ खानेपानीको उपलब्धता
- अनिवार्य शिक्षा उमेरसमूहका लागि निकटस्थ सामुदायिक विद्यालयमा पढ्न पाउने बन्दोबस्त
- निरक्षर र संज्ञानात्मक वा सिकाइसम्बन्धी कठिनाइ रहेका अल्पवयस्कलाई विशेष शिक्षाको प्रबन्ध
- पूर्ण उपयोग गर्नमा प्रोत्साहित र सक्षम बनाउने गरी मिल्दाजुल्दा सूचनापूर्ण, शिक्षाप्रद र मनोरञ्जनात्मक पुस्तक र आवधिक पत्रपत्रिको उपलब्धतासहितको पुस्तकालय प्रबन्ध
- भावी रोजगारीका लागि तयार हुन व्यावसायिक तालिमको प्रबन्ध
- व्यावसायिक तालिम र कामवापत पाउने पारितोषिक र अन्य सुविधा
- खुला हावामा स्वतन्त्र शारीरिक व्यायाम गर्न उपयुक्त समयको उपलब्धता
- मनोरञ्जनपूर्ण र शारीरिक व्यायामका लागि पर्याप्त ठाउँ र सरसाधनको उपलब्धता र पर्याप्तता
- कला र कौशल सीपविकासमा समर्पित हुने गरी फुर्सदका क्रियाकलापका लागि समय र साधनको उपलब्धता
- आस्थागत, सांस्कृतिक र आध्यात्मिक अनुष्ठान गर्ने गराउने, परामर्श भेटघाटसम्बन्धी व्यवस्था
- दाँत, आँखा मानसिक स्वास्थ्यका रोकथाममूलक र उपचारात्मक दुवै सेवा पर्याप्तता
- समुदायगत स्वास्थ्यसुविधाबाट सेवाको उपलब्धता
- शारीरिक वा मानसिक रोग, अम्बल दुर्व्यसन वा समाजमा सम्मिलन हुन बाधा पार्ने अन्य कुनै अवस्था ठम्याउने र रोकथाममूलक र आपद्कालीन स्वास्थ्यसेवा प्रदान गर्न सक्ने तालिमप्राप्त योग्य व्यक्तिहरू सेवाको उपलब्धता
- विरामी भएको, विरामी परेको गुनासो गर्ने वा शारीरिक र मानसिक अस्वस्थताको लक्षण देखाउने सुनाउने अधिकारीको व्यवस्था,
- परिवार वा संरक्षक वा अल्पवयस्कले तोकेको अन्य व्यक्तिले स्वास्थ्यस्थितिको सूचना लिने र स्वास्थ्यस्थितिमा कुनै महत्त्वपूर्ण परिवर्तन भएको अवस्थामा सोको जानकारी लिने प्रबन्ध,

- मृत्यु भएमा, विरामी परी बाहिरी सुविधामा औषधोपचार गर्न पठाउनु परेमा वा थुनागत सुविधाभित्रै ४८ घण्टाभन्दा बढी समय औषधि–उपचारमा राख्नु पर्दा परिवारको सदस्य, सम्बन्धित संरक्षक वा तोकिएको सम्बन्धित व्यक्तिलाई जनाउ दिने व्यवस्था
- निकट पारिवारिक सदस्य निधन, विरामी वा घाइते भएमा सकेसम्म चाँडो समयमा सूचना दिने र मृत्य भएका अवस्थामा अन्तिम संस्कारमा सामेल हुन र नातेदार सिकिस्त भएमा भेट्न जाने अवसरको उपलब्धता
- परिवार, साथीसँगी र अन्य व्यक्तिहरू वा ख्यातिप्राप्त सङ्घसंस्थाका प्रतिनिधिसँग सञ्चार गर्न, परिवारसँग भेटघाट गर्न तिनका घरमा वा शैक्षिक, व्यावसायिक वा अन्य महत्वपूर्ण कारणले सुविधालय बाहिर जान विशेष अनुमति पाउने व्यवस्था
- महिनामा एक पटक नघट्ने गरी व्यक्तिगत गोपनीयता, परिवार र प्रतिरक्षा सल्लाहकारसँग सम्पर्क र निरावरोध सञ्चारको सम्मान गर्ने परिवेशमा, नियमित र बारम्बार भेटघाट गराउने व्यवस्था
- आफूले इच्छाएको व्यक्तिसँग लिखित पत्राचार वा टेलिफोनबाट बातचित गर्नमा उपलब्ध गराइने सहयोगको प्रबन्ध
- समाचारमूलक पत्रपत्रिका, आवधिक पत्रिका र अन्य प्रकाशनहरू पढेर, रेडियो, टेलिभिजनका कार्यक्रम, विभिन्न विषयगत चलचित्र, चाख रहेका खेलकुद वा सामाजिक क्लब वा सङ्घसंस्थाका प्रतिनिधिसँग भेटघाटका माध्यम सुसूचित राखिरहने अवसर
- बलको प्रयोग र बन्देजका साधनको प्रचलनको अवस्था
- अनुशासनात्मक कारबाई प्रक्रिया र हुने सजायसम्बन्धी अवस्था
    - अनुशासनात्मक कसुर कायम गर्ने आचरण;
    - गरिने अनुशासनात्मक सजायका प्रकार र अवधि;
    - सजाय गर्न सक्ने सक्षम अधिकारी;
    - गुनासो, पुनरावेदन सुन्ने सक्षम अधिकारी ।
- दुर्व्यवहार र ज्यादतीविरूद्ध गुनासो गर्ने ठाउँ र कारबाईसम्बन्धी व्यवस्था
- निरीक्षणअधिकारी, निरीक्षणको आवृत्ति र गुनासो सुन्ने प्रणाली
- निरीक्षणपछिका सुधार
- गुनासो, ज्ञापनपत्र निवेदन पठाउने व्यवस्था र त्यसको प्रत्युक्ति पाउने परिपाटीः केन्द्रीय प्रशासन, न्यायिक अधिकारी वा अन्य उपयुक्त अधिकारीसमक्ष अनुरोध र उजुरी पठाउन पाउने, र अविलम्ब सोको प्रत्युक्तिसम्बन्धी जानकारी पाउने प्रबन्ध

- उजुर प्राप्त गर्ने, सोको अनुसन्धान गर्ने र सो सम्बन्धमा समन्यायिक समाधान हासिल गर्नमा सहयोग गर्ने छुटै स्वतन्त्र निकायको आवश्यकता र सम्भावना
- उजुर गर्नमा परिवारका सदस्य, कानुनी सल्लाहकार मानवअधिकार समूह र अन्य सम्बन्धित व्यक्तिको सहयोग लिने प्रावधान र आवश्यक कानुनी सल्लाह उपलब्ध गराउने एजेन्सी वा संस्था वा उजुर सुन्ने निकायबाट सहयोगको व्यवस्था
- छुटकारापछि समाजमा फर्कन, पारिवारिक जीवन, शिक्षा र रोजगारी सहज बनाउनका लागि गरिएका बन्दोबस्तबाट लाभान्वित गराउने व्यवस्था र कार्यक्रम
- अग्रछुटकारा, र विशेष पाठ्यक्रम, पुनःसम्मिलन तयारी कार्यक्रमलगायतका व्यवस्था र कार्यविधि
- समाजमा पुनःस्थापना गर्न सहयोग पुऱ्याउन र उनीहरूप्रतिको सामुदायिक पूर्वाग्रह कम पार्ने कार्यक्रम तथा सेवा
- छुटकारापछिको आवास र जीवन धान्नका उपलब्ध गराइने स्रोतसाधन र सेवाहरूको समन्वय
- पेसागत सेवा र व्यवस्थापन जनशक्तिको व्यवस्था
- शिक्षक, प्रशिक्षक, परामर्शदाता, सामाजिक कार्यकर्ता, मनोचिकित्सक, मनोवैज्ञानिक कानुनी विशेषज्ञ
- व्यवस्थापन कर्मचारी
